


• वर्ष १३ • अंक ४९ • काठमाडौं, शुक्रबार, वैशाख १३, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, Apr.25, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-





# चर्चामा 3N

• रोजिन शाक्य

चर्चामा आउनु ठूलो कुरा होइन तर चर्चालाई निरन्तरता दिन र स्थापित हुन सजिलो छैन। ग्ल्यामर क्षेत्र त्यसै पनि चर्चा पाइने क्षेत्र हो र त्यही क्षेत्रमा पछिल्लो समय तीन सुन्दरी एकसमान लोकप्रिय छन्। अंग्रेजीमा नामको पहिलो अक्षर 'एन'बाट आरम्भ हुने यी 'थ्री एन'को विशेषत: म्युजिक भिडियो र विज्ञापन मोडलिङमा अघोषित प्रतिस्पर्धा नै देखिन्छ। मोडलिङमा अवसर छैन, व्यावसायिकताको कमी छ भन्नेहरूलाई उनीहरूले म्युजिक भिडियो तथा विज्ञापन मोडलिङबाट कमाएको क्रेज र सफलताले राम्रै उत्तर दिएको मान्नुपर्छ। मोडलिङमा आउन चाहनेहरूका लागिसमेत उनीहरू प्रेरणाका स्रोत बन्न थालेका छन्। उनीहरू नोयो सिंह, निशा अधिकारी र नम्रता श्रेष्ठ हुन्। नोयो, निशा र नम्रताबीच अर्को एउटा समानता पनि छ र त्यो हो– ठूलो पर्दाको अनुभव। नोयो सिंहले मनोज पण्डितद्वारा निर्देशित चलचित्र 'लक्ष्य' मा अभिनय गरिसकेकी छिन् भने सिमोस सुनुवार निर्देशित चलचित्र 'मिसन पैसा' की नायिका हुन्– निशा अधिकारी। नम्रता श्रेष्ठ भने आलोक नेम्वाङको निर्देशनमा बनेको चलचित्र सानो संसार मार्फत् नायिका बनेकी छिन्। नोयो, निशा र नम्रता यी तीनै जनाको सुन्दरताले पत्रपत्रिकाको आवरण र भित्री पृष्ठको शोभा त बढाएको छ नै, साथै वेबसाइटहरूमा समेत यिनीहरूको तस्बिरले विशेष महत्त्व राखेको देखिन्छ।

सुन्दरताका दृष्टिले यी तीनै जनाको विश्लेषण फरक-फरक ढंगले गर्न सकिन्छ। जहाँ नोयोको सुन्दरतामा मादकता झल्किन्छ, त्यहीँ निशाको सुन्दरतामा ग्ल्यामर छ भने नम्रताको सुन्दरतामा शालीनताको अनुभूति हुन्छ। गायक सुगम पोखरेलको 'मेरो संसार...' गीतको म्युजिक भिडियोबाट परिचय बनाएकी नोया सिंह आलोक नेम्वाङ निर्देशित अनिल सिंहको 'रिसाए नि ठीकै...' गीतको भिडियोमा बोल्ड एवं ड्यासिङ देखिएकी छिन् भने डम्बर नेपालीको 'आज आकाशमा एउटा तारा...' को भिडियोमा उनको मादकता झल्कन्छ। पछिल्लो समयमा चर्चामा रहेका गायक सुजिल कर्माचार्यको 'भूमो भूमो...' सब्बु थापाको 'वनकाली माई...' तथा 'सिमसिमे पानीमा...' को रिमिक्स भर्सनको भिडियोमा नोयोले आफ्नो नृत्य क्षमता पनि प्रस्तुत गरेकी छिन्। म्युजिक भिडियोमा राम्रैसँग जमेकी नोयोको उपस्थिति विज्ञापनको संसारमा पनि उत्तिकै देख्न पाइन्छ। विशेषत: मायोज हट एन्ड सावर तथा क्रेजी चिजबल्सको विज्ञापनमा उनको उपस्थिति उल्लेखनीय छ। नोयो हाल मोडलिङका अतिरिक्त विमान परिचारिकाका रूपमा समेत कार्यरत छिन्।

सन् २००५ मा मिस इन्टरनेसनल नेपालको मुकुट पहिरिन सफल निशा अधिकारी त्यसपछिका समयमा मोडलिङ संसारमा जम्न थालेको देखिन्छ। त्यसपछि उनी कान्तिपुर टेलिभिजनको कार्यक्रम प्रस्तोता, 'घरबेटी बा' को अभिनयसँगै पाकिस्तानी श्रृंखलामा पनि नायिका बनिन्। हाल 'घरबेटी बा' का अतिरिक्त 'क्याफे कान्तिपुर' र 'संस्कार' मा पनि निशालाई देख्न पाइन्छ। आशिष वाङ्देल तथा आभा मुकारुङका गीतका भिडियोमा मोडलका रूपमा फिचर भएकी निशालाई सुदीप गिरीको 'सान्नानी...' गीतको भिडियोले विशेष चर्चा दिलायो। त्यसैगरी अन्तिम राईको 'पूर्वै जाने रेल...' शिशिर वाङ्देलको 'सम्झी आउँछु...', कर्णदासको 'मलाई भोलि केही भए...' गीतका भिडियोबाहेक केही विज्ञापनमा समेत मोडलका रूपमा छाएकी निशा हिंजोआज यूटीएल टेलिफोनको विज्ञापनमार्फत् परिचय बनाइरहेकी छिन्।

चिटिक्क मिलेको जिउडाल, सुन्दर मुहारकी धनी नम्रता श्रेष्ठलाई सविन राईको 'कोमल तिम्रो वदन...' गीतको भिडियोले मोडलिङको संसारमा परिचित गरायो। ५-६ वर्षको उमेरमा 'संगिनी' नामक भिडियो चलचित्रमा बालकलारकारको भूमिकामा देखा परिसकेकी नम्रतालाई नेपाली मोडलहरूमध्ये सबैभन्दा सुन्दर मानिन्छ। उनलाई रामकृष्ण ढकालको 'दिलको कुरा नगर..' म्युजिक भिडियोले बढी चर्चा दिलाएको छ। सपन श्रेष्ठको 'तिमी त्यसै लजायौ...' गीतमा उनको सुन्दरतामा निखार आएको अनुभव हुन्छ। दीपेशकिशोर भट्टराईको 'मलाई माफ गरिदेऊ...,' सञ्जीव सिंहको 'मायालु...,' धर्मेन्द्र सेवानको 'रंग...' आदि म्युजिक भिडियोमा उनले आफ्नो अभिनय क्षमतालाई सफतालपूर्वक प्रस्तुत गरेकी छिन्। नम्रता हिजोआज निर्माणाधीन चलचित्र 'मेरो एउटा साथी छ' मा पनि नायिकाकै रूपमा अभिनय गरिरहेकी छिन्। तारा ओरियन्टलको पेपर एडमा उनको सुन्दरताप्रति मोहित नहुने सायदै कोही होलान्। नेपाल वान टेलिभिजन तथा च्यानल नेपालमा कार्यक्रम प्रस्तोताको अनुभव सँगालिसकेकी नम्रता हाल कान्तिपुर एफ.एम. मा आर.जे.का रूपमा आबद्ध छिन्। नम्रता 'राइज' नामक संस्थामार्फत् 'द्वन्द्व र हिंसाको मारमा परेका युवाहरूका लागि सचेतना' जगाउने कार्यमा पनि क्रियाशील छिन्। ●



तस्बिरहरू : नेटनसा डटकम तथा साइबर संसार डटकम


**मोडलिङमा उनीहरूले अघोषित प्रतिस्पर्धा नै देखिन्छ। मोडलिङमा अवसर छैन, व्यावसायिकताको कमी छ भन्नेहरूलाई उनीहरूले म्युजिक भिडियो तथा विज्ञापन मोडलिङबाट कमाएको क्रेज र सफलताले राम्रै उत्तर दिएको मान्नुपर्छ। मोडलिङमा आउन चाहनेहरूका लागिसमेत उनीहरू प्रेरणाका स्रोत बन्न थालेका छन्।**






## क्यासेट

### मधुमास



गायक प्रमोद पाण्डेको पहिलो गीतिसंग्रह 'मधुमास' श्रोतामाझ आएको छ। द रिवेल क्रियसनले बजारमा ल्याएको यो संग्रहका सबै गीतमा नरेन्द्र प्यासीले संगीत दिएका छन्। संग्रहमा बी. पाण्डे, आनन्द अधिकारी, दिनेश अधिकारी, रत्नशमशेर थापा, प्रमोद ढुङ्गाना तथा चरण प्रधानको शब्द सुन्न पाइन्छ।

### समृद्धि



सम्राट् जङ्ग कार्कीको प्रस्तुतिमा गीतकार गोविन्द कार्की तथा संगीतकार पावल राईको आधुनिक गीतिसंग्रह समृद्धि श्रोतामाझ उपलब्ध छ। रियाज म्युजिकले बजारमा ल्याएको यो संग्रहमा यम बराल, पावल राई, रामकृष्ण ढकाल, अन्जु पन्त, उदय सोताङ, सुरेश कुमार, शिशिर योगी तथा अन्जना गुरुङको स्वर सुन्न सकिन्छ। संग्रहमा आठवटा गीत समावेश छन्।

### परी




गायिका रजिना रिमालको पहिलो एकल गीतिसंग्रह 'परी' श्रोतामाझ आएको छ। आठवटा गीत समावेश संग्रह परीलाई म्युजिक डटकमले बजारमा ल्याएको हो। म राम्रो र नराम्रो भन्दा ....शीर्षकको गीतले चर्चा पाइसकेको यो संग्रहमा शब्द अरुण तिवारी, सुरेश अधिकारी, राजेन्द्र पौडेल, किरण त्रिपाठी, राजेश श्रेष्ठ तथा सुरेन्द्र रानाको छ। त्यसैगरी यो संग्रहमा सुरेश अधिकारी, राजु सिंह, नीराजन उप्रेती, दीपक जंगम, राजन रिमाल तथा सम्राट थापाको संगीत सुन्न पाइन्छ।

## रंगमञ्च

-आरोहण गुरुकुलको आयोजनामा आज शुक्रबार धरहरा परिसरमा कलासँग सम्बन्धित विभिन्न विधामा कार्यक्रम हुने भएको छ। सूर्योदय भएदेखि अस्ताएसम्म सञ्चालन हुने भनिएको यो कार्यक्रममा नाटकदेखि चित्रकला, शास्त्रीय गायन र कविताबाचन आदि विधामा कलाकर्मीहरूका सृजना अभिव्यक्त हुनेछन्। कार्यक्रममा जनकपुरस्थित मिनाप नाट्य समूहले गीति सडकनाटक शान्ति संगीत यात्रा मञ्चन गर्नेछ भने आरोहण गुरुकुलको प्रस्तुतिमा कलाकार भोलाराज सापकोटाले एकल अभिनयमा प्रतिस्थापन नाटक मञ्चन गर्नेछन्। त्यसैगरी सुकर्म र ताल स्कुलले शास्त्रीय गायन प्रस्तुत गर्नेछन् भने कार्यक्रममै ३५ जना कविले कविता वाचन गर्नेछन्।

## ग्यालरी

-आज शुक्रबार सूर्योदय भएदेखि अस्ताएसम्म कलाकार किरण मानन्धर चित्र कोर्न व्यस्त हुने भएका छन्। आरोहण गुरुकुलको संयोजनमा धरहरा परिसरमा कलाकार मानन्धरले एकल रूपमा क्यानभास रंगाउने योजना छ। अबको नेपाल शीर्षकमा उनले समसामयिक विषयवस्तुमा चित्र कोर्नेछन्।

-बेलायती कलाकार लोरेन बेभनको चित्रकला प्रदर्शनी बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा सम्पन्न भयो। गत बुधबारसम्म चलेको उक्त प्रदर्शनीको शीर्षक 'स्प्लाटर एनालाइसिस' राखिएको थियो। अहिलेको समयलाई प्रतिविम्बित गर्ने चित्रहरू उक्त प्रदर्शनीमा राखिएका थिए।

-नेपाली तथा अन्तर्राष्ट्रिय फोटोग्राफर विद्यार्थीको संस्थाले तस्बिरहरूको प्रदर्शनी आयोजना गरिरहेको छ। न्यु ओर्लियन्स रेस्टुरेन्ट पाटनमा भैरहेको उक्त प्रदर्शनी आगामी आइतबारसम्म चल्नेछ। डबल भिजन शीर्षकको उक्त तस्बिर प्रदर्शनीमा विद्यार्थीहरूले क्यामेरामा कैद गरेका आकर्षक तस्बिरहरू राखिएका छन्।

## पुस्तक

### प्रणयवेदका ऋचाहरू

गजलकार प्रकट पगेनी 'शिव' को प्रकाशनअघि नै चर्चामा आएको प्रणयवेदका ऋचाहरू सार्वजनिक भएको छ। प्रकट दाइका फ्यानहरूद्वारा प्रकाशित यो पुस्तक वैसालु मनहरूलाई समर्पित गरिएको छ। ८३ वटा गजलहरू समेटिएको यो पुस्तकको मूल्य १ सय ३० रुपैयाँ छ। प्रेम अझ कामुक प्रेमको विशद व्याख्या गरिएका गजलहरूको यो संग्रहले वैसका उत्ताल छालहरूमा तरंगित भैरहेका युवा मनहरूको ढुकढुकी छाम्ने सफल प्रयास गरेको छ। त्यसैले पनि गजल पारखीहरू मात्र नभै प्रेममा परेका युवाहरूको मनसमेत यो पुस्तकले जित्ने विश्वास गरिएको छ। पुस्तकका केही रचना प्रकाशनअघि नै साप्ताहिकको प्रेम दिवसको विशेष अवसरमा प्रकाशित भैसकेका छन्।

### तपाईं गर्भवती हुनुहुन्छ ?

डा. सुमनराज ताम्राकारद्वारा लिखित तथा प्रकाशित 'तपाईं गर्भवती हुनुहुन्छ ?' पुस्तक बजारमा आएको छ। यो पुस्तकमा डा.ताम्राकारले एउटी महिलाद्वारा गर्भाधान गरेदेखि शिशु जन्माउने अवधिसम्म अपनाउनुपर्ने सावधानीहरू र उनमा देखापर्ने परिवर्तनहरू तथा गर्भावस्थाका बेला गर्नुपर्ने रेखदेखका बारेमा चर्चा गरेका छन्। पुस्तकको मूल्य १ सय २० रुपैयाँ छ। यो पुस्तक खासगरी गर्भवती तथा निकट भविष्यमा गर्भधारणको इच्छा राख्ने महिला तथा युवतीहरू तथा तीनका श्रीमान् समेतका लागि पठनीय छ।

### फूल रोएपछि

कवि रीता खत्रीका ४० वटा फुटकर कविताको संग्रह फूल रोएपछि भानु प्रकाशन काठमाडौंले प्रकाशित गरेको हो। प्रेम र विद्रोहका भावनाहरूलाई समेटिएको प्रस्तुत कृति कविको पहिलो भनिए पनि खारिएका शब्द संयोजन एवं प्रस्तुत गरिएका वैचारिक गरिमाहरूका कारण यो संग्रह पठ्नीय छ। पुस्तकको मूल्य संस्थागत २ सय रुपैयाँ तथा व्यक्तिगत १ सय रुपैयाँ छ।



## तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

ग्रहगोचर राम्रा छन्। काममा सफलता मिल्नेछ। धर्मकर्ममा मन जानेछ। भाग्यले साथ दिनेछ। पराक्रम बढ्नेछ भने मान-सम्मान पनि पाइनेछ। व्यवसायमा सुधार आउनेछ। अध्ययनमा सफलता हासिल हुने देखिन्छ। धन आर्जन हुनसक्छ। अरूको विश्वास जित्न सकिनेछ। यात्रा गर्ने अवसर जुट्नेछ। प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन्।

### वृष

स्वास्थ्यको ख्याल गर्नुहोला। मन चञ्चल भैरहनेछ। धैर्यतामा जोड दिनुहोला। खर्च एवं विवाद बढ्नेछ। कुरा काट्नेहरू प्रशस्तै हुनेछन्। धनमाल हराउन सक्छ। शरीरमा चोटपटक लाग्न सक्छ। बुधबार तथा बिहीबार मान-सम्मान एवं काममा सफलता मिल्ने योग छ। अधुरा काम पूरा हुनेछन्। प्रसन्नता बढ्नेछ भने व्यवसायमा सुधार आउनेछ।

### मिथुन

व्यवसायमा सफलता हासिल हुनेछ। यात्रा गर्ने तथा भेटघाटमा रमाउने अवसर जुट्नेछ। अरूबाट सहयोग पनि पाउनुहोला। अध्ययनमा प्राप्त हुने सफलता यथावत् रहनेछ। ठूला व्यक्तिको मन जित्न सकिनेछ। सोमबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। खर्च एवं विवाद पनि बढ्न सक्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्।

### कर्कट

शत्रु बढ्नेछन्। काममा अवरोध आउनेछ भने चिन्ताले सताउन सक्छ। शरीरमा चोटपटक लाग्ने देखिन्छ। विश्वास गरेकाहरूले धोका दिनेछन्। झूटा आरोप पनि लाग्न सक्छ। आइतबार, सोमबार तथा मंगलबार प्रसन्नता बढ्ने तथा काममा सफलता मिल्ने देखिन्छ। यात्रा हुने योग छ। मान-सम्मान पाइनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ।

### सिंह

सोच्ने शक्ति बढ्नेछ। अध्ययन तथा काममा सफलता मिल्नेछ। परिश्रम गर्नुपरे पनि धन आर्जन गर्ने अवसर जुट्नेछ। खर्च बढे पनि प्रशस्त आम्दानी होला। प्रशंसा गर्नेहरू बढ्नेछन्। धार्मिक कार्यमा मन जानेछ। व्यवसायबाट लाभ हासिल हुनेछ। यात्रा गर्ने अवसर पनि पाइनेछ।

### कन्या

आफन्तहरूको सहयोग मिल्नेछ। नयाँ मित्रको आगमनले प्रसन्नता बढ्नेछ। घर-जग्गाको बन्दोबस्त हुन सक्छ। मान-सम्मान पनि पाइनेछ। धन आर्जन हुनसक्छ। व्यवसायमा पाइने सफलता यथावत् रहनेछ। अध्ययनमा भने सफलता पाउने योग देखिँदैन। विश्वास गर्दा धोका हुन सक्छ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला।

### तुला

पराक्रम बढ्नेछ भने अधुरा कामहरू पूरा हुनेछन्। नयाँ काम हात लाग्ने बलियो सम्भावना छ। बोलीको प्रभाव बढ्नेछ। अरूलाई सजिलै आकर्षित गर्न सकिनेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला। घरेलु समस्याले सताउनेछ। अध्ययनमा सफलता पाउन कसरत गर्नुपर्ला। काम गर्दा संयम अपनाउनुहोला।

### वृश्चिक

बोलीको प्रभाव बढ्नेछ भने अरूको मन जित्न सकिनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। स्वास्थ्यमा क्रमशः सुधार आउनेछ। अध्ययनमा पाइने सफलता कायमै रहनेछ। व्यवसायमा सफलता हात लाग्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। घरेलु समस्याले सताउने हुँदा सजग रहनुहोला।

### धनु

सुरुमा मानसम्मान मिल्नेछ। भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। बोल्दा विचार पुर्‍याउनुहोला। धनमान हराउन सक्छ। शत्रुसित कडा प्रतिस्पर्धा गर्नुपर्ला। अध्ययन तथा व्यवसायमा सफलता हात लाग्नेछ। स्वास्थ्य गडबड रहने हुँदा खानपानमा विचार पुर्‍याउनुहोला। आफन्तहरूको सहयोग पाइनेछ।

### मकर

काममा सफलता पाउन गाह्रो पर्ला। मनमा शंका-उपशंका सिर्जना हुन सक्छ। खर्च एवं विवाद बढ्नेछ भने धनमानल हराउन सक्छ। स्वास्थ्यमा गडबडी उत्पन्न हुनसक्छ। आइतबार, सोमबार तथा मंगलबार मान-सम्मानका साथै काममा सफलता मिल्ने एवं भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ।

### कुम्भ

धन आर्जन हुनसक्छ। मन प्रसन्न रहनेछ। भोजभतेरमा सामेल हुने अवसर जुट्नेछ। पराक्रम बढ्ने, अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोग पाइनेछ। अध्ययनमा सफलता मिल्नेछ भने धार्मिक कार्यमा रुचि बढ्नेछ। सोमबार तथा मंगलबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### मीन

सुरुमा मान-सम्मान पाइने योग छ। अरूको विश्वास जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रम बढ्ने क्रम यथावत् रहनेछ। आफन्तहरूको सहयोगमा सुधार आउनेछ। व्यवसायमा सफलता हात लाग्नेछ। बुधबार तथा बिहीबार खर्च, विवाद एवं चिन्ता बढ्न सक्छ।

### यो साताको पञ्चाङ्ग

वैशाख १३ गते : विश्व मलेरिया दिवस, १४ गते : विश्व बौद्धिक सम्पत्ति दिवस, १५ गते : राष्ट्रिय चिया दिवस, १७ गते : विश्व नृत्य दिवस, १९ गते : विश्व मजदुर दिवस, बरुथिनी एकादशी

# संविधानसभामा कसको कति सिट ?

**निर्वाचन आयोगले प्रत्यक्ष तथा समानुमातिक निर्वाचनको मतगणना सम्पन्न गरिसकेको छ । अन्तरिम संविधानअनुसार निर्वाचन परिणाम प्राप्त भएको २१ दिनभित्र संविधानसभाको पहिलो बैठक बसिसक्नु पर्नेछ । यस आधारमा आगामी तीन साताभित्र नेपालमा ऐतिहासिक संविधानसभाको पहिलो बैठक बस्नेछ । अन्तरिम संविधानले पहिलो बैठकका बारेमा जति स्पष्ट शब्दमा बोलेको छ, त्यति स्पष्ट शब्दमा त्यसभित्रका जटिलतालाई फुकाउन सकेको छैन । विज्ञहरूका अनुसार अन्तरिम संविधानमा रहेका केही अस्पष्टताका कारण संविधानसभाको पहिलो बैठकमा धेरै जटिलता उत्पन्न हुने भएका छन् । अन्तरिम संविधानले राष्ट्रपतिको कल्पना गरेको छैन । यद्यपि शक्तिशाली राष्ट्रपतिको प्रस्ताव गरेको नेकपा (माओवादी) ले सरकार सञ्चालन गर्ने अभिभारा पाएका कारण त्यसलाई कार्यरूप दिने हो भने पहिलो बैठकले राष्ट्रपतिको व्यवस्था गर्नुपर्नेछ । यसका लागि संविधान संशोधन गर्नुपर्ने विज्ञहरूको राय छ । यद्यपि संविधान संशोधनका लागि नेकपा (माओवादी) को साधारण बहुमत पनि पुग्दैन । अर्कातर्फ संविधानसभाको पहिलो बैठकले गणतन्त्रको कार्यान्वयन गर्ने कुरा पनि अन्तरिम संविधानमा उल्लेख गरिएको छ । ६०१ सदस्य रहेको संविधानसभा प्रारम्भ गर्न, जेष्ठ नागरिकलाई विधायिका संसद सञ्चालन गर्न तथा कतिपय जटिलताहरू हटाउन अन्तरिम संविधानमा संशोधन गर्न समय लाग्ने भएकाले अन्तरिम संविधानमा उल्लेख भएको गणतन्त्रको कार्यान्वयनमा पनि समस्या उत्पन्न हुन सक्छ ।**

काठमाडौं, संविधानसभा निर्वाचनमा नेकपा (माओवादी) सबैभन्दा ठूलो दलका रूपमा स्थापित भए पनि उसले बहुमत ल्याउन सकेन । उक्त दलले प्रत्यक्ष तथा समानुपातिकमा खसेका सबै मतमध्ये करिब ३१ प्रतिशत जनादेश प्राप्त गरेको छ । यद्यपि पहिलो हुनेले जित्ने निर्वाचन पद्धतिअन्तर्गत उसले २ सय ४० मध्ये १ सय २० सिट प्राप्त गर्‍यो । विश्लेषकहरूका अनुसार प्रत्यक्ष निर्वाचनमा उसले १ सय २० सिट प्राप्त गरे पनि समानुमातिकतर्फ उसले १ सयभन्दा केही बढी सिट मात्र प्राप्त गर्नेछ । फलस्वरूप ६ सय १ मध्ये माओवादीको हातमा २ सय २० भन्दा केही बढी प्रतिनिधि हुनेछन् । यस आधारमा संविधानसभामा माओवादीका ३८ प्रतिशतको हाराहारीमा सभासद् हुनेछन् । विश्लेषकहरूका अनुसार माओवादीले सरकारको नेतृत्व गर्ने निर्णय गरे पनि निर्वाचनले संयुक्त सरकारको जनादेश दिएको छ ।

अर्कातर्फ नेपाली कांग्रेस तथा नेकपा (एमाले) लाई संविधानसभाको निर्वाचनले सरकार बाहिर बस्ने निर्देशन दिएको छैन । ती दुवै दलले प्रत्यक्षतर्फ कम सिट प्राप्त गरे पनि प्रत्यक्ष एवं समानुपातिक दुवै आधारमा २० प्रतिशतभन्दा बढी मत प्राप्त गरेका छन् । दुवै निर्वाचनका आधारमा नेपाली कांग्रेसले २२ प्रतिशत र नेकपा एमालेले २१ प्रतिशतको हाराहारीमा मत प्राप्त गरेको छ । नेपाली कांग्रेसले प्रत्यक्षतर्फ ३७ जना सभाषद्लाई संविधानसभामा पठाए पनि समानुमातिकतर्फ करिब ७५ जना प्रतिनिधि पठाउनेछ । फलस्वरूप नेपाली कांग्रेसका करिब १ सय १२ सभासद् हुनेछन् । त्यसैगरी नेकपा (एमाले) ले प्रत्यक्षतर्फ ३३ सिट प्राप्त गरे पनि समानुमापतिकतर्फ ७० जति सभासद् संविधानसभामा पठाउनेछ । फलस्वरूप नेकपा (एमाले) का पनि एक सय जति सभासद् हुनेछन् ।

पुग-नपुग ६ प्रतिशत मात्र मत प्राप्त गरेको मधेसी जनअधिकार फोरमले प्रत्यक्षतर्फ ३० सिट प्राप्त गर्‍यो । विश्लेषकहरूले फोरमको यो जितलाई ऐतिहासिक मानेका छन् । थोरै मत पाएर पनि धेरै सिट प्राप्त गर्ने फोरमका करिब २० जना प्रतिनिधि समानुमातिकअर्न्तगत छानिने अनुमान छ । यस आधारमा संविधानसभामा फोरमबाट ५० जना प्रतिनिधि पुग्नेछन् । यसैगरी तराई मधेस लोकतान्त्रिक पार्टी (तमलोपा) को अवस्थामा पनि झण्डै फोरमको जस्तै छ । उसले करिब ४ प्रतिशत मत मात्र प्राप्त गरे पनि प्रत्यक्षतर्फ ९ जना प्रतिनिधि संविधानसभामा पठाएको छ । उक्त दलले समानुमातिकतर्फ प्रत्यक्ष निर्वाचन जस्तै ९-१० जना प्रतिनिधि संविधानसभामा पठाउने अनुमान गरिएको छ । प्रत्यक्ष निर्वाचनमा २ वटा मात्र सिट जितेको जनमोर्चाले समानुपातिकमा ५ भन्दा बढी प्रतिनिधि पठाउने भएको छ । त्यसैगरी दुईवटै सिट प्राप्त गरेको नेपाल मजदुर किसान पार्टीले समानुमातिकमा ३ जना प्रतिनिधि पठाउनेछ । प्रत्यक्षतर्फ ४ वटा सिट प्राप्त गरेको नेपाल सद्भावना पार्टीले समानुपातिकतर्फ पनि ४ जना प्रतिनिधि पठाउनेछ । एउटा मात्र सिट जितेको राष्ट्रिय जनमोर्चा नेपालले ३ जना प्रतिनिधि पठाउनेछ ।

यो निर्वाचनमा प्रत्यक्षतर्फ एउटै सिट नजित्ने नेकपा (माले), राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा (संयुक्त), राष्ट्रिय प्रजातन्त्र पार्टी, (नेपाल) राष्ट्रिय जनशक्ति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, राष्ट्रिय जनमुक्ति पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी), नेकपा (एकीकृत), नेपाः राष्ट्रिय पार्टी, समाजवादी प्रजातन्त्रवादी जनता पार्टी, दलित जनजाति पार्टी, चुरेभावर राष्ट्रिय एकता पार्टी नेपालले समेत समानुपातिक परिणामका आधारमा प्रतिनिधि पठाउनेछन् । मालेले ७ जना प्रतिनिधि पठाउने पक्का भैसकेको छ भने राष्ट्रिय प्रजातन्त्र पार्टीले ८ जना प्रतिनिधि पठाउनेछ । जनशक्ति पार्टीको भागमा ३ जना प्रतिनिधि र अन्य दलहरूले १-१ प्रतिनिधि संविधानसभामा पठाउने पक्कापक्की छ । निर्वाचन आयोगमा दर्ता भएका ५४ दलमध्ये ३० भन्दा बढी दललाई परेका लाखौं मत सदुपयोग हुन नसक्ने निर्वाचन आयोगले जनाएको छ । ती दलले प्रतिनिधि पठाउन सक्ने मत प्राप्त गर्न नसक्केकाले ती दललाई प्राप्त भएको मतको सदुपयोग हुन नसक्केको हो ।

## साता संक्षेप

**वैशाख ६ गते शुक्रबार**

• संविधानसभा निर्वाचनको समानुपातिकतर्फ पनि माओवादी अगाडि, माओवादीले करिब ३१ प्रतिशत मत प्राप्त गर्‍यो ।

• माओवादीद्वारा एमालेलाई सरकारमा फर्कन आग्रह, एमाले कार्यवाहक महासचिव अमृत बोहोराद्वारा अस्वीकार ।

• निर्वाचनपछि नेपाली कांग्रेसको अनौपचारिक बैठक, लोकतन्त्रको रक्षाका लागि सात दलको सहकार्य जारी राख्ने निर्णय ।

**वैशाख ७ गते शनिबार**

• नेकपा (माओवादी) का अध्यक्ष प्रचण्डद्वारा राजनीतिज्ञ, व्यवसायी तथा बौद्धिक वर्गमा भेटघाट तीव्र, आगामी सरकार सहमति तथा खुला अर्थनीतिको पक्षमा हुने जानकारी ।

• कोरियाली भाषा परीक्षामा सामेल भएका ३१ हजार ५ सय ४६ मध्ये ६ हजार ७ सय उत्तीर्ण, उत्तीर्णमध्येबाट ६ महिनाभित्र कोरिया लगिने श्रम मन्त्रालयको जानकारी ।

• १० वटा सरकारी क्याम्पसलाई अनुदान आयोगद्वारा डेढ अर्ब अनुदान, अनुदान पाएका धेरैजसो क्याम्पस सामुदायिक ।

• अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य अत्यधिक वृद्धि भएपछि नेपाल आयल निगमको मासिक घाटा १ अर्ब २५ करोडभन्दा बढी पुग्यो, निगमलाई तत्काल ५ अर्ब आवश्यक ।

**वैशाख ८ गते आइतबार**

• सबैभन्दा ठूलो दलका रूपमा स्थापित नेकपा (माओवादी) का २१ उम्मेदवारको जमानत जफत, मधेसी जनअधिकार फोरमले जितेको स्थानमा नेकपा (माओवादी) का उम्मेदवारको जमानत जफत भएको निर्वाचन आयोगद्वारा जानकारी ।

• माओवादीले नेपालमा सरकार बनाउनै लाग्दा भारतीय जनता पार्टी (भाजपा)को पहिलो वक्तव्य सार्वजनिक, माओवादी हिन्दूविरोधी तथा भारतविरोधी नहुने आशा ।

• कपिलवस्तुमा एकै परिवारका चार जनाको रहस्यमय हत्या, अभियुक्तको खोजी भैरहेको प्रहरीको भनाइ ।

**वैशाख ९ गते सोमबार**

• विश्वबजारमा जस्तै नेपालमा पनि खाद्यान्नको भाउ अकासियो, खाद्यान्न निकासीमा प्रतिबन्धको तयारी ।

• मध्य काठमाडौंमा रहेको बैंक अफ काठमाडौंबाट दिउँदै साढे ८ लाख लुटियो, तीन हतियारधारीले रकम लुट्नुअघि सुरक्षा गार्डलाई घाइते बनाएको प्रहरीको भनाइ ।

**वैशाख १० गते मंगलबार**

• – प्रत्यक्षतर्फका सम्पूर्ण परिणाम सार्वजनिक, ३१ प्रतिशत मत पाएको माओवादीलाई १ सय २० सिट, अन्य ८ दललाई आधा सिट प्राप्त ।

• अमेरिकाद्वारा नेपालका माओवादीलाई आतंककारी सूचीबाट हटाउने आधिकारिक जानकारी, नेपालस्थित अमेरिकी राजदूत न्यान्सी जे पावेलद्वारा नेपाललाई पुरानो सहयोग जारी राख्ने आश्वासन ।

• नेपालस्थित भारतीय राजदूत शिवशंकर मुखर्जी भारत फिर्ता, मुखर्जीको स्थानमा राकेश सुध नेपाल आउने, माओवादीको नेतृत्वमा सरकार बन्ने पक्का भएपछि भारतीय विदेशमन्त्री प्रणव मुखर्जीद्वारा नेपाल भ्रमण गर्ने निश्चित ।

**वैशाख ११ गते बुधबार**

• माओवादीको केन्द्रीय सचिवालय बैठकद्वारा सरकारको नेतृत्व लिने निर्णय, सरकार प्रमुख तथा अन्य मन्त्रीको निर्णय आगामी १६ गते बस्ने केन्द्रीय समितिले गर्ने ।

• नेपाली कांग्रेस निकट बुद्धिजीवीहरूद्वारा कांग्रेसलाई सरकारमा नजान सुझाव, शान्ति प्रक्रियालाई व्यवस्थित पार्न सरकारमा जानुपर्ने नेताहरूको आँकलन ।

• पार्टी पराजय भएको भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष पशुपतिशमशेर राणाद्वारा राजीनामा पेस, केन्द्रीय सदस्यको बहुमतद्वारा राजीनामा अस्वीकृत ।

• काठमाडौं उपत्यकामा पेट्रोलियम पदार्थको अभाव ।

# नेकपा (माओवादी) अग्रस्थानमा आउनुका दस कारण

**अश्विनी कोइराला**

काठमाडौं– संविधानसभा निर्वाचन सकिएको १५ दिन पुगेको छ। यो आधा महिना धेरै नेपालीका लागि आश्चर्य, खुसी, उमंग एवं विजयका रूपमा बिते भने केहीका लागि यी दिन विषादयुक्त भए। खुसी हुनेहरू विजय जुलुसमा सहभागी भए। एक-अर्कालाई बधाई दिए। यद्यपि संविधानसभा निर्वाचनको परिणामप्रति आश्चर्य एवं निराश हुनेहरूको सङ्ख्या पनि ठूलै थियो। यस्ता व्यक्तिहरूमा सबैभन्दा बढी काठमाडौंका बुद्धिजीवी, पत्रकार तथा पुराना राजनैतिक दलका कार्यकर्ता थिए। यो परिणाम बौद्धिक मानिसको सोचभन्दा ठीक विपरीत थियो। आखिर अनुमान गरेभन्दा विपरीत माओवादीका पक्षमा जनमत आउनुको कारण के थियो, अहिले विश्लेषणको लहर नै चलेको छ। चर्चित पत्रकार, बौद्धिक जमात एवं जनमानसले औंल्याएका विभिन्न कारणलाई लिपिबद्ध गर्दा माओवादी अग्रस्थानमा आउनुका दसौं कारण देखिएका छन्।

• हरेक निर्वाचनमा युवाहरूको मतले ठूलो प्रभाव पार्छ। निर्वाचन आयोगका अनुसार संविधानसभा निर्वाचनमा मतदान दिन सक्ने २५ वर्षभन्दा कम उमेरका युवाहरूको सङ्ख्या ३८ लाख ५४ हजार ३ सय ८८ थियो। यिनीहरूले जीवनमा पहिलोपल्ट निर्वाचनमा भाग लिएका थिए। युवाहरू तुरुन्तै परिवर्तन चाहने, स्वप्नील नारामा भरोसा गर्ने एवं चमत्कारिक व्यक्तित्वले जित्नुपर्ने धारणा राख्छन्। नेकपा (माओवादी) ले उठाएका उम्मेदवार, उनीहरूले लिएका अडान तथा नाराले जीवनजगत् चिन्न नसकेका युवाहरूको ध्यान केन्द्रित गर्न सफल भए। २५ वर्षमुनिका यी २२ प्रतिशत मतदातामध्ये धेरैले माओवादीको जनयुद्धलाई पीडा एवं अप्ठचारा वर्षहरूका रूपमा भन्दा पनि रुमानी कलाका रूपमा बुझ्ने गरेका छन्। त्यति मात्र होइन, आफ्नो क्षेत्रमा उठेका उम्मेदवारको संविधान बनाउने क्षमतालाई भन्दा उनीहरूले लडेको युद्ध तथा रुमानी भूमिगत जीवनले यी युवाहरूको ध्यान खिच्यो। यी सबै कारणले मतदान गरेका २५ वर्षमुनिका मतदातामध्ये आधाजतिले माओवादीलाई भोट दिएको अनुमान गरिन्छ।

• निर्वाचन आयोगले दिएको जानकारीअनुसार २६ देखि ३५ वर्ष उमेर समूहका मतदाताहरूको संख्या ५० लाख ८६ हजार ४ सय ६ छ। यीमध्ये धेरैजसो युवा बेरोजगार छन्। यिनीहरूमा वर्तमानप्रति ठूलो असन्तोष छ। यिनीहरूमध्ये धेरैले प्रजातन्त्रकालमा ठूलो भ्रष्टाचार भएको, नेताहरू सुविधाभोगी भएको, पुराना नेताहरूले जनताको पीर-मर्का बुझ्न नसकेको, आफन्तलाई मात्र जागिर दिलाएको धारणा पाल्छन्। कुल मतदातामध्ये यी मतदाताको सङ्ख्या २९ प्रतिशत छ। यी युवाहरूले निर्वाचन अवधिभरि युवाको भावनालाई महत्त्व नदिएको, आफ्नो क्षेत्रमा पुराना दलले बूढा नेतालाई निर्वाचन लड्न पठाएको कारण विरोधमा उत्रिएका थिए। यसको ठीक विपरीत नेकपा (माओवादी) ले युवा आक्रोशलाई नै आफ्नो मुद्दा बनायो।

• नेकपा (माओवादी) लाई संविधानसभामा धेरैवटा संयोग जुर्न पुग्यो। सबैभन्दा पहिलो संयोग के हो भने माओवादी १२ वर्षअघि मात्र जनयुद्धका कारण स्थापित भएकाले उक्त दलसँग धेरै पाका नेताहरू थिएनन्। त्यसैले जनयुद्धमा निर्वाह गरेको भूमिकाका आधारमा उसले उम्मेदवार छनौट गर्न पुग्यो। फलस्वरूप धेरैजसो युवाहरू नै उक्त दलका उम्मेदवार बन्न पुगे। २५ वर्षसम्मका २२ प्रतिशत तथा २६ देखि ३५ वर्षबीचका २९ प्रतिशत गरी ५० प्रतिशत युवा मतदाताले माओवादीभित्रको संयोगलाई आफ्नो चाहना बुझेको अभिप्रायका रूपमा लिए। माओवादीका आधाभन्दा बढी उम्मेदवार ४० वर्षमुनिका हुनु युवाका लागि आकर्षणको केन्द्र बन्यो।

• राजदरबार हत्याकाण्डका कारण नेपाली जनतामा राजतन्त्रप्रति मोहभंग भएको थियो। यथार्थ जे भए पनि अधिकांश नेपाली राजा वीरेन्द्रको वंशनास भएको विश्वास पाल्छन्। राजा वीरेन्द्रको हत्यापछि नेकपा (माओवादी) का नेताहरूले गाउँ-गाउँमा नेपालमा चाँडै गणतन्त्र आउने विश्वास दिलाउन भूमिगत रूपमा कार्यक्रम गरे। आफ्नो जनयुद्धको औचित्य पुष्टि गर्न यो घटनालाई माओवादीले राम्रैसँग प्रयोग गरेका थिए। संविधानसभा निर्वाचनमा आइपुग्दा सबैजसो दल गणतन्त्रवादी भए पनि नेकपा (माओवादी) ले पुराना मुद्दालाई ब्युँताएर माओवादी मात्र सच्चा गणतन्त्रवादी पार्टी भएको विश्वास जनतामा दिलाए। फलस्वरूप गणतन्त्र चाहने जनताको पहिलो रोजाइ माओवादी हुन पुग्यो।

• संविधानसभामा जातीय नारा उत्कर्षमा पुग्यो। फलस्वरूप बाँकेमा सुशील कोइराला, मोरङमा गुरु बराल, सुनसरीमा सुजाता कोइराला, झापामा कृष्ण सिटौला, भोजपुरमा ज्ञानेन्द्रबहादुर कार्की, बर्दियामा सञ्जयकुमार गौतमले निर्वाचन हार्न पुगे। यसरी जातीय नाराको फाइदा लिनेमा मधेसी जनअधिकार फोरम तथा नेकपा (माओवादी) बढी थिए। फोरमको जातीय नारा केही जिल्लामा मात्र प्रभावकारी भयो भने नेकपा (माओवादी) को जातीय नारा देशका अधिकांश स्थानमा प्रभावकारी बन्न पुग्यो।

• स्थापित नेताहरूप्रति जनताको आक्रोश माओवादीले अग्र स्थान ल्याउनुको अर्को कारण हुन पुग्यो। युवाहरू मात्र होइन, धेरैजसो नेपालीहरू पुराना नेताले भनेजस्तो कार्य गर्न नसकेको, सुविधाभोगी भएको, काठमाडौंमा घर-गाडी जोडेको, भ्रष्टाचार गरेको, गाउँ फर्केर जनताको पीर-मर्का बुझ्न नसकेको जस्ता गुनासो थियो। यो आक्रोशमा कतिपय सिद्धान्तनिष्ठ, स्थापित एवं प्रबुद्ध राजनीतिकर्मीहरू मुछिन पुगे। एमालेका माधवकुमार नेपाल, बामदेव गौतम, केपी शर्मा ओली, कांग्रेसका विनयध्वज चन्द, वीरबहादुर बलायर, हृदयराम थानी, खुमबहादुर खड्का, अर्जुननरसिंह केसी, गोविन्दराज जोशी, चिरन्जीवी वाग्ले एवं राप्रपा अध्यक्ष पशुपतिशमशेर राणाहरू जनताको आक्रोशमा परेका थिए। यो आक्रोसको फाइदा माओवादीले लियो।

• माओवादी कार्यकर्तामा जसरी पनि निर्वाचन जित्नुपर्छ भन्ने भावनाको विकासले माओवादीलाई अग्र स्थानमा ल्याउन ठूलो मद्दत गर्‍यो। त्यसको ठीक विपरीत नेपाली कांग्रेस तथा नेकपा (एमाले) का कार्यकर्तामा भने निर्वाचन सजिलै जित्न सकिन्छ भन्ने भ्रम पर्न गयो। पुराना दलका कार्यकर्ताहरू पत्रपत्रिकामा आएको विश्लेषण तथा बौद्धिक व्यक्तित्वको भनाइलाई आधार बनाएर निर्वाचनको विश्लेषण गर्थे। माओवादीका कार्यकर्ता भने घर-घर पुगेर मतदातालाई आफ्नो पक्षमा ल्याउन सबै किसिमका विधि प्रयोग गरिररहेका थिए। पुराना दलका कार्यकर्तामा देखिएको अति आत्मविस्वास तथा माओवादीमा देखिएको 'जसरी पनि जित्नुपर्छ' भन्ने भावनाले माओवादीलाई ठूलो दल बन्न सहयोग गर्‍यो।

• माओवादीले निर्वाचनलाई आफ्नो पक्षमा पार्न अन्य दलका उम्मेदवारलाई गाउँ पस्न दिएनन्। गाउँमा प्रचार गर्नेहरूमाथि कुटपिट, धाक-धम्कीलाई निरन्तरता दिए। अर्कातर्फ उनीहरू घर-घरमा पुगेर अरू दलका उम्मेदवार गाउँमा आएर मत पनि नमागेको भन्दै गाउँलेहरूलाई आक्रोशित बनाउने कार्य गरे। प्रचार-प्रसारको यो तरिकाले माओवादीको पक्षमा राम्रो काम गर्‍यो। माओवादीको यो कार्यलाई पुराना दलले सञ्चारमाध्यममा प्रचारको विषय मात्र बनाउने प्रयास गरे। स्थानीय रूपमा यसको समाधान गर्ने प्रयास गरेनन्। सरकारी सञ्चारमाध्यम माओवादी नियन्त्रणमा भएका कारण गाउँ-गाउँमा अन्य दलहरूमाथि गरिएको ज्यादती राम्रोसँग उजागर हुन पाएन। निजी क्षेत्रका सञ्चारमाध्यमलाई माओवादीले विदेशी पैसामा बिकेको आरोप लगाएका कारण केही जनतामा उनीहरूको भनाइ सत्य हो कि भन्ने भ्रम पर्न गयो। निर्वाचन आउनै लाग्दा आफू माओवादीबाट प्रताडित हुने डरले अन्य दलका कार्यकर्ता राम्रोसँग परिचालन हुन मानेनन्। फलस्वरूप गाउँ पनि नआउने उम्मेदवारलाई भोट नदिने योजना मतदाताले बनाए।

• आमनेपाली जनता संविधानसभामार्फत पूर्ण रूपमा शान्ति आउँछ भन्ने विश्वास राख्छन्। यदि यो निर्वाचनमा माओवादी पराजित भए भने पूर्ण रूपमा शान्ति आउन सक्दैन भन्ने विश्वास आममानिसको भित्री डर थियो। यो भित्री डरका कारण एक पटक माओवादीलाई जिताउनैपर्छ भन्ने आमभावना बन्न पुग्यो। माओवादी नेताहरूले पनि आफ्नो भाषणमा आफूले नजित्ने निर्वाचन स्वीकार्य नहुने अभिव्यक्ति दोहोर्‍याउने गरेका थिए। नेपाली जनताको यो आतंकित मनोविज्ञानले पनि निर्वाचनमा राम्रैसँग काम गर्‍यो।

• 'सबैलाई हेर्‍यौं पटक-पटक, माओवादीलाई हेरौं एकपटक' नारा सटिक थियो। माओवादीले दिएको यो नाराले थोरै शब्दमा धेरै कुरा भनिरहेको थियो। त्यसको विपरीत अन्य पुराना दलको नाराले जनतालाई आकर्षित गर्न सकेन।

# गर्भपतन : कानुन एउटा व्यवहार अर्कै

**महेन्द्रनगर–** ‘सुरक्षित गर्भपतन महिलाको प्रजनन् अधिकार हो’– ‘असुरक्षित गर्भपतन रोक्नु तपाईं-हाम्रो दायित्व हो ।’ जस्ता नारा लेखिएका पम्प्लेट, होर्डिङबोर्डहरू सुदूर पश्चिमका राजमार्गछेउ, स्वास्थ्य संस्था आदिमा जताततै टाँगिएका छन् । कानुनले सुरक्षित रूपमा गर्भपतन गराउने अधिकार दिएको छ, तर सुदूर पश्चिमका धेरै जिल्लामा असुरक्षित तरिकाले गर्भपतन गराउनेहरूको सङ्ख्या धेरै छ ।

अछामकी ३२ वर्षीया सुशीला जैसीले दुई वर्षअघि ऐंसेलुको बोक्रा, प्याउली फूलको झोल र बाँसको झिर प्रयोग गरेर गर्भपतन गराउन खोज्दा उनको ज्यान नै गयो । महेन्द्रनगरकी विष्णादेवी पाण्डेयले असुरक्षित गर्भपतन गरेपछि पाठेघर नै फाल्नुपर्‍यो । भारतको वनबासा बजारमा गएर गर्भ फालेपछि उनको पाठेघरमा समस्या देखियो । त्यसपछि उनले भारतको सीतारगन्ज गएर पाठेघर नै फालिन् । पाण्डेय भन्छिन्– ‘सरकारी तवरबाटै गर्भ फाल्न पाइन्छ भन्ने कुरै थाहा थिएन ।’ विष्णादेवीजस्तै सुदूर पश्चिमका गाउँमा कैयौं महिलाले घरमै गर्भपतन गराइरहेका छन्, तर उनीहरू यो कुरा भन्न चाहँदैनन् । भन्न नचाहेरै पनि स्वास्थ्य समस्या बढ्दै गएपछि भने केही महिला अस्पताल पुग्ने गरेका छन् ।

क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय दीपायलको तथ्याङ्कअनुसार असुरक्षित गर्भपतनपछि उपचारका लागि अस्पताल आएका महिलाको सङ्ख्या १ सय ७० छ । यो तथ्याङ्क विगत ६ महिनाको मात्र हो । यो अवधिमा ३ सय ९० महिलाले अस्पतालमा गर्भपतन गराएका थिए । निर्देशनालयका



तथ्याङ्क सहायक लक्ष्मण साह भन्छन्– ‘सुदूर पश्चिममा सरकारबाट अनुमति प्राप्त सबै संस्थाले समयमा रिपोर्ट नपठाएका कारण यो तथ्याङ्क कमै हुन सक्छ । सुरक्षित गर्भपतन सेवाको उपयोग अपेक्षा वा अनुमानभन्दा निकै कम छ ।’

सुदूर पश्चिमका आठ जिल्ला अस्पतालले सुरक्षित गर्भपतन सेवा प्रदान गर्दै आएका छन्, तर पहाडी जिल्लाका अस्पतालमा डाक्टर नहुँदा सबैले यो सेवा पाएका छैनन् । गैरसरकारी संस्था कृपाले गरेको सर्वेक्षणमा घरमा गर्भपतन गराउँदा जडीबुटीको झोल प्रयोग गर्ने, सिसा कुटेर खाउने, तल्लो पेटमा जाँतो घुमाउने, यौनाङ्गमा घोच्नेजस्ता असुरक्षित र यातनापूर्ण विधि अपनाउने गरिएको बताइएको छ ।

२०६२ जेठ १ देखि सुरक्षित गर्भपतन सेवा दिँदै आएको महाकाली अञ्चल अस्पतालमा सुरुको वर्ष ३० जना महिलाले सेवा लिएका थिए । दोस्रो वर्ष ४७ जना महिलाले सेवा लिएका थिए । अञ्चल अस्पतालबाट गर्भपतन गराउने महिलाको सङ्ख्या कम भए पनि भारत गएर गर्भपतन गराउनेहरूको सङ्ख्या भने धेरै छ । धेरै महिला गर्भ फालेर रगत बग्न नरोकिएपछि मात्र जिल्ला अस्पताल आउने गरेको महाकाली अञ्चल अस्पतालकी स्टाफ नर्स कुसुम शाही बताउँछिन् । अञ्चल अस्पतालमा स्त्री रोग विशेषज्ञकै निगरानीमा सेवा दिइन्छ, तर पनि महिलाहरू यहाँ आउन हिचकिचाउँछन्, स्टाफ नर्स शाही भन्छिन्– ‘आफ्नै गाउँ-ठाउँका अरूले देख्लान्, थाहा पाउलान् र गोप्यता रहँदैन कि भन्ने आशङ्काले उनीहरू भारत पुग्छन् ।’

गर्भ फालेबापत महाकाली अञ्चल अस्पतालले १ हजार रुपैयाँ र मेरी स्टोप्सले १ हजार ३ सय ५० रुपैयाँ लिन्छन्, तर यहाँकै निजी क्लिनिक र भारत गएर उनीहरू बढी पैसा पनि तिर्छन् । कहिलेकाहीँ निकै कम रकममा केही निजी क्लिनिकले गर्भ फालिदिन्छन्, तर उपचार विधि एकदमै कमसल हुन्छ । महाकाली अञ्चल अस्पतालका स्त्रीरोग विषेशज्ञ डाक्टर खगेन्द्र भट्ट भन्छन्– ‘पैसाको लोभमा अदक्ष जनशक्तिले गर्भपतन गराइदिँदा असुरक्षित गर्भपतन भैरहेको छ ।’

कञ्चनपुर जिल्लामा त सुरक्षित गर्भपतन सेवा कहाँ-कहाँ दिइन्छ भनेर गाउँगाउँमा प्रचार गर्ने संस्था पनि छन् । उनीहरूले गर्भपतन गराउन चाहनेहरू, यो संस्थामा यसरी गए, यति नै रुपैयाँमा उपचार हुन्छ भनेर ‘रेफर’ पनि गर्ने गरेका छन्, तर ‘रेफर’ गरेका महिलाहरू पनि सेवा लिन सुरक्षित स्वास्थ्य संस्थामा पुग्दैनन् । प्रजनन स्वास्थ्यका क्षेत्रमा कञ्चनपुरमा कार्यरत गैरसरकारी संस्था आदर्श नेपालका कार्यक्रम संयोजक गणेश बोहरा भन्छन्– ‘विभिन्न स्वास्थ्य संस्थाले डेढ महिनाको अवधिमा १ सय २९ जना महिलालाई ‘रेफर’ गरेकोमा अहिलेसम्म सुरक्षित सेवाका लागि १७ जना महिला मात्र अञ्चल अस्पताल र मेरी स्टोप्समा पुगेका छन् ।’

कैलाली र कञ्चनपुर जिल्लामा सस्तो उपचारको नाममा भारतका सीमावर्ती बजार वनबासा, खटिमा, सीतारगन्ज तथा पलिया जानेहरूको सङ्ख्या कम छैन । ‘सिमानानजिक गर्भपतन गराउँदा पाठेघरमा कमसल औषधीहरू राखिदिँदा शिशु पेटमै सड्ने, रक्तश्राव नरोकिने र पछि गएर पाठेघरमा समस्या देखिएपछि पाठेघर नै फाल्नुपर्नेजस्ता जटिल अवस्था आएका छन्,’ महाकाली अञ्चल अस्पतालकी स्टाफ नर्स कमला न्युरे भन्छिन् । महाकाली अञ्चल अस्पतालका डाक्टर खगेन्द्र भट्ट पनि असुरक्षित गर्भपतन पाठेघर खस्ने प्रमुख कारण भएको र यसले पाठेघरमा क्यान्सरसमेत हुने बताउँछन् ।

‘गर्भपतन अपराध हो भनेर दण्ड-सजायको कानुनी व्यवस्थाले गर्भपतन गराएबापत गरिबहरू नै सजाय भोग्थे,’ २०५२ सालमै संसद्को सदस्य हुँदा सुरक्षित गर्भपतनसम्बन्धी विधेयक संसद्मा पेस गरेका सांसद सुनिलकुमार भण्डारी भन्छन्– ‘परिवार नियोजन र प्रजनन अधिकारका सम्बन्धमा चासो भएकाले एक्लो प्रयासमा विधेयक ल्याएको थिएँ । गर्भपतनलाई महिलाको अधिकारका रूपमा स्थापित गराउन आवश्यक थियो ।’ गर्भपतन गर्न पाउनु महिलाको अधिकार भए पनि नेपालमा गर्भपतनलाई कानुनी अपराध भनी सजाय तोकिएकाले सुरक्षित गर्भपतन सेवालाई कानुनी मान्यता दिन तत्कालीन सरकारले गर्भपतनसम्बन्धी नीति २०५९ ल्याएको थियो । २०६० सालमा त्यसले कानुनी मान्यता प्राप्त गर्दै गर्भपतन सेवा प्रक्रिया २०६० लागू भएको हो । गर्भपतन गर्न पाउनु महिलाको अधिकार हो भनेर विभिन्न महिला अधिकारवादी सङ्घसंस्थाले पनि आवाज उठाएका थिए ।

सुरक्षित गर्भपतन सेवा प्रक्रिया २०६० ले बाह्र हप्तासम्मको गर्भ गर्भवती महिलाको मञ्जुरीमा पतन गर्न कानुनले मान्यता दिएको छ । उता जबर्जस्ती करणी र हाडनाता करणी भएको अवस्थामा १८ हप्तासम्मको गर्भ फाल्न पाइने व्यवस्था छ । लिङ्ग पहिचान गरेर, गर्भवती महिलाको सहमतिबिना र बाह्र हप्ताभन्दा बढीको गर्भपतन गराउन कानुनले बन्देज लगाएको छ । कानुनअनुसार अप्ठ्यारो परिस्थितिमा विशेषज्ञ र अनुमति प्राप्त चिकित्सकले मात्र १८ हप्तासम्मको गर्भ फाल्न पाउँछन् ।

**सञ्चारिका लेखमाला/सञ्चारिका समूह**

## कान्तिपुर समाचार डायरी

### नेपालमा कन्डमको खपत

नेपालमा वार्षिक ४ करोड ५० लाख गोटा कन्डम खपत हुने गरेको नेपाल सीआरएस कम्पनीले जनाएको छ । कम्पनीका अनुसार अहिले नेपाली बजारमा ४० प्रकारका कन्डम उपलब्ध छन् । नेपालका बजारमा उपलब्ध कन्डमको मूल्य ८० पैसादेखि २ सय ५० रुपैयाँसम्म पर्छ । त्यसैगरी महिलाहरूका लागि नेपाली बजारमा उपलब्ध एक मात्र कन्डमको मूल्य ५५ रुपैयाँ प्रतिगोटा छ । प्रयोग गर्न असजिलो भएकै कारणले उक्त कन्डमका प्रयोगकर्ताहरूको संख्या न्यून रहेको बताइन्छ ।

### घरेलु हिंसाका घटना बढे

नेपालमा घरेलु हिंसाबाट पीडित हुने महिलाहरूको संख्या लगातार बढिरहेको एक तथ्यांकले देखाएको छ । घरेलु हिंसाका रूपमा महिलाहरू पति, सासू, ससुरा र परिवारका अन्य सदस्यबाट शारीरिक तथा मानसिक रूपमा पीडित हुने गरेका छन् । आर्थिक वर्ष ०६३/६४ मा अहिलेसम्म १ हजार १ सय भन्दा बढी महिला घरेलु हिंसाबाट पीडित भएको तथ्यांक सार्वजनिक भएको छ । यसरी घरेलु हिंसाबाट पीडित हुने महिलाहरूको संख्या आर्थिक वर्ष ०५९/६० मा ५ सय ३९, आर्थिक वर्ष ०६०/६१ मा ९ सय २२, आर्थिक वर्ष ०६१/६२ मा ७ सय ६०, आर्थिक वर्ष ०६२/६३ मा ९ सय ३९ थियो ।

### नेपालमा डेढ लाखभन्दा बढी दुर्व्यसनी

लागुऔषध दुर्व्यसनविरुद्ध अभिमुखीकरण कार्यक्रममा औषधी प्रयोजनका लागि निर्मित नियन्त्रिण औषधीहरू नेपालमा रहेका कुल दुर्व्यसनीमध्ये ६१ प्रतिशतले प्रयोग गर्ने गरेको तथ्यांक गृह मन्त्रालय लागू औषध नियन्त्रण शाखाले सार्वजनिक गरेको छ । शाखाका अनुसार हाल नेपालमा १ लाख ५० हजारभन्दा बढी लागू औषध दुर्व्यसनी छन् ।

### सशस्त्र द्वन्द्वमा यौनजन्य हिंसाका घटना

सशस्त्र द्वन्द्वका क्रममा राज्य तथा विद्रोही दुवै पक्ष यौनजन्य हिंसामा संलग्न रहेको एक अध्ययनले देखाएको छ । अध्ययनअनुसार त्यस्तो द्वन्द्वका बेला घटेका र सार्वजनिक भएका यौनजन्य घटनाहरूको संख्या ५५ छ । तीमध्ये बलात्कारसँग सम्बन्धित यौनजन्य हिंसाको संख्या ११ छ । जसमध्ये कसैले पनि कुनै पनि किसिमको क्षतिपूर्ति पाउन सकेनन् ।

### नेपालीको मुख्य खर्च

नेपालीले सबैभन्दा धेरै खर्च आवास व्यवस्थापनमा गर्न थालेका छन् । औसत मासिक १५ हजार १ सय ३० रुपैयाँ खर्च गर्ने नेपालीले आवास व्यवस्थापनमा मात्रै ३ हजार ५ सय ६९ रुपैयाँ खर्च गर्दै आएका छन् । नेपाल राष्ट्र बैंकद्वारा गरिएको चौथो परिवारिक बजेट सर्वेक्षणका अनुसार यो रकम कुल खर्चको २४ दशमलव २५ प्रतिशत हो । त्यसैगरी मनोरञ्जनका लागि नेपालीहरूले आम्दानीको दोस्रो ठूलो अंश खर्च गर्ने गरेका छन् । सर्वेक्षणअनुसार मनोरञ्जन नेपालीहरूले औसत १ हजार ३ सय २३ रुपैयाँ खर्च गर्छन् । यो रकम कुल खर्चको ८ दशमलव ७४ प्रतिशत हो । शिक्षामा नेपालीले प्रतिपरिवार प्रतिवर्ष १ हजार १ सय ५० रुपैयाँ खर्च गर्छन । यो रकम कुल खर्चको ७ दशमलव ६० प्रतिशत हो । अध्ययनअनुसार मदिरा र रेस्टुराँमा पनि नेपालीहरूले प्रतिवर्ष प्रतिपरिवार ९ सय ४६ रुपैयाँ खर्च गर्दै आएका छन् । यो रकम कुल खर्चको ७ दशमलव २० प्रतिशत हो । त्यसैगरी खाद्यान्नका लागि प्रतिपरिवार प्रतिवर्ष ४ हजार ९ सय ३६ रुपैयाँ खर्च गर्ने नेपालीहरूले यो प्रयोजनका लागि आफ्नो आम्दानीको ३८ दशमलव ८८ प्रतिशत खर्च गर्ने गरेका छन् । नेपालीहरूको कुल खर्चमा खाद्यान्नका लागि ३८ दशमलव ८८ प्रतिशत र वस्तु तथा सेवाका लागि ६१ दशमलव १२ प्रतिशत खर्च गर्दै आएको सर्वेक्षणले देखाएको छ । सहरी क्षेत्रमा खाद्यान्नमा ३५ प्रतिशत ८१ प्रतिशत तथा गैरखाद्यान्नमा ६४ दशमलव १९ प्रतिशत खर्च गरिन्छ भने ग्रामीण क्षेत्रमा खाद्यान्न ४४ दशमलव ९ प्रतिशत र गैरखाद्यान्नमा ५५ दशमलव ९१ प्रतिशत रकम खर्च हुँदै आएको छ । सर्वेक्षण २०६२ जेठदेखि २०६३ कात्तिकबीचको अवधिमा गरिएको हो ।

# आफूभित्रको शक्तिलाई जगाऔं


तस्बिर : परिचय डटकम

बीउ वृक्ष होइन तर त्यसमा वृक्ष बन्ने सम्भावना हुन्छ । यदि बीउ छैन भने वृक्षको कल्पना पनि गर्न सकिँदैन । बीउलाई वृक्ष बन्न माटो, हावापानी, घाम आदि अनुकूल वातावरणको आवश्यकता पर्छ । यस्तो अवसर प्राप्त भएको खण्डमा कुनै पनि क्षेत्रमा सफलताको शिखर चुम्न सकिन्छ । कुनै पनि सफलता हासिल गर्न सुरुमा आफूभित्रको क्षमताको विकास गर्नुपर्ने हुन्छ । त्यो क्षमता विकासका लागि आफ्नो क्षमताको पहिचान गर्नुपर्छ । अरूलाई भन्दा आफैंलाई आफ्नो सबल र कमजोर पक्षका बारेमा बढी ज्ञान हुने भएकाले त्यसको पहिचान गरी दुवैबीच सन्तुलन कायम राखी अघि बढ्न सक्नुपर्छ । कुनै पनि लक्ष्य हासिल गर्न सबैभन्दा ठूलो शक्ति आत्मप्रेरणा हो । जुन व्यक्तित्वको सन्तुलनबाट नै प्राप्त हुन्छ ।

मनोवैज्ञानिक माइकल लीका अनुसार यो प्रक्रिया आफ्नो मनोबलको आँकलनबाट गर्नुपर्ने हुन्छ । यसमा आफ्नो मानसिक शक्तिको पहिचान गर्नुपर्छ । धेरैलाई आफ्नो क्षमताका सम्बन्धमा पहिचान हुन्छ । जति उसले आफ्ना बारेमा जानेको हुँदैन त्यसका सम्बन्धमा उसलाई समय वा परिस्थितिले ज्ञान गराउँछ । आफूभित्र लुकेको क्षमताको पहिचान गरी आत्मविश्वास बढाउने पहिलो उपाय भनेकै आफ्नो रुचिका बारेमा जान्नु-बुझ्नु हो । त्यसो त हरेक व्यक्ति आफ्ना रुचिका बारेमा जानकार हुन्छ तर कतिपय अवस्थामा अति महत्त्वाकांक्षा एवं सामाजिक दबाबका कारण आफ्नो रुचिलाई दबाउन बाध्य हुन्छन् । त्यस्तो अवस्थामा व्यक्ति आफ्नो रुचिलाई दबाएर झूटो रुचिसँग सम्झौता गर्न अग्रसर हुनसक्छ । त्यस्तो स्थितिमा दिशाहीनताको अवस्था उत्पन्न हुन्छ । आफ्नो रुचि-क्षमता संगीतमा छ र यसमा राम्रो गर्न सकिन्छ भन्ने थाहा हुँदाहुँदै पनि राम्रो रोजगारको स्थिति छ भन्ने लोभमा विज्ञान वा वाणिज्य क्षेत्रमा प्रयास गर्नु आफूलाई धोका दिनु हो । रुचि नै नभएका क्षेत्रमा आफ्नो क्षमताको विकास गर्न सकिँदैन । कुनै पनि क्षेत्रमा नाम, दाम, प्रतिष्ठा कमाउन सकिन्छ तर आफूलाई सम्बन्धित क्षेत्रमा दक्ष साबित गरेर देखाउन कठिन हुन्छ । त्यसैले सबै किसिमका दूराग्रह एवं पूर्वाग्रहबाट मुक्त भएर आफ्नो रुचिको पहिचान गर्नुपर्छ । त्यही अनुरूप नै आफ्नो कार्यक्षेत्र चयन गर्नुपर्छ एवं त्यसका लागि आफ्नो प्रतिभा र क्षमताको विकास गर्नुपर्छ ।

त्यसपछि आउँछ आत्मनिरीक्षण । हुन त आत्मनिरीक्षण प्रक्रिया आफ्नो रुचिको पहिचानबाटै प्रारम्भ हुन्छ तर यतिले सबै कुरा सरल रूपबाट अघि बढ्न सम्भव हुँदैन । कतिपय अवस्थामा ती कुरामा पनि कसैको क्षमता लुकेको हुन्छ, जसलाई कसैले केवल रुचिका रूपमा लिएका हुन्छन् । हरेक व्यक्तिका आ-आफ्नै रुचि हुन्छन् तर ती रुचिहरूमध्ये विस्तारमा सहायक हुने रुचिलाई राम्रोसँग बुझेर विकसित गर्न सके व्यक्तित्व विस्तारका लागि व्यावसायिक आधार बन्न सक्ने सम्भावना हुन्छ । त्यसले व्यक्तिको विकास पद्धतिमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ ।

कतिपय अवस्थामा हामीलाई आफूभित्र लुकेर रहेको क्षमताका बारेमा ज्ञान हुँदैन । यस्ता क्षमताका बारेमा जतिबेला समस्या पर्छ वा संकट आइपर्छ त्यतिबेला मात्र थाहा हुन्छ तर केही क्षमता वा गुण सुषुप्तावस्थामै हुन्छन् । कहिलेकाहीं हामी भित्रका गीत, संगीत, चित्रकारिता, भाषण कला, लेखन आदिका विषयमा पनि जानकारी हुँदैन । जबसम्म त्यस्तो परिस्थिति आउँदैन तबसम्म तिनको प्रयोग वा थालनी गर्नुपर्ने बाध्यात्मक परिस्थिति पनि सिर्जना हुँदैन । अतः यदि त्यस्तो क्षमता विकास गर्ने चाहना छ भने बाध्यात्मक स्थितिको कल्पना गरी, त्यसको प्रयोगका लागि आफैले एकान्तमा प्रयास गरी आत्मविश्वास जगाउन सकिन्छ र पछि त्यो प्रयास नै सफलताको पहिलो पाइला हुनसक्छ ।

कुनै पनि सिर्जना सबैका लागि आवश्यक हुन्छ परन्तु सुरुवात प्रायः एकान्तमै हुन्छ । संगीतको आनन्द सबैले लिए पनि यसको रियाज सधैं एकान्तमा हुन्छ । गुरुको साथ पनि तब मात्र सार्थक हुन्छ जब कलाकारले संगीतका सम्बन्धमा केही जानकारी पाइसकेको हुन्छ । यो कुरा केवल गायनका लागि मात्र लागू हुँदैन । चाहे चित्रकारिता क्षेत्रमा होस् वा कविता लेखन । विज्ञान, दर्शन र व्यापारका क्षेत्रमा पनि प्रतिभाको पहिचान यही ढंगबाट हुन्छ । ठूल्ठूला तर्कशास्त्री पनि पक्ष-विपक्ष दुवैका सम्बन्धमा तर्कहरूका कल्पना पहिले आफै गर्छन्, समस्या सिर्जना गर्छन् र समाधान पनि आफै निकाल्छन् ।

# व्यक्तित्व परिवर्तनका लागि

घरभित्र होस् वा बाहिर, हरेक व्यक्ति आफ्नो व्यक्तित्वबाट अरू प्रभावित हुन् भन्ने चाहना राख्छन् । समाजमा आफ्नो मानसम्मान बढोस् भन्ने इच्छा-आकांक्षा जो-कसैको हुन्छ । केही व्यावहारिक सुझावलाई अवलम्बन गरेर आफ्नो व्यक्तित्वमा परिवर्तन ल्याउने प्रयत्न गर्न सकिन्छ ।

**स्वयंलाई भाग्यको सहारा नछाडौं**

कुनै पनि ठाउँमा प्रभावशाली हुन स्वयंमा आत्मविश्वास एवं आत्मसम्मान हुनु अत्यन्त आवश्यक छ । अतः आफ्नो जीवनमा घट्न सक्ने वा घट्ने विविध घटनालाई आफ्नो भाग्यको खेल मान्नुभन्दा तिनलाई आफ्नो जीवनको महत्त्वपूर्ण अंग मानेर अघि बढ्नु श्रेयस्कर हुन्छ । केही कमीकमजोरीका विषयमा सोचेर दिक्क मान्नुभन्दा आफ्ना राम्रा पक्षमा ध्यान दिनु उपयुक्त हुन्छ । यसबाट आत्मविश्वास सञ्चार हुन्छ ।

**इमान्दार हुन सिकौं**

तपाईं जे चाहनुहुन्छ, त्यसलाई पूरा गर्ने लगातार प्रयत्न गर्नुपर्छ । मनमा रहेका कुरालाई इमान्दारीतापूर्वक अभिव्यक्त गर्नुपर्छ । त्यसो नगर्दा ती कुरा मनमै कुण्ठित रहन पुग्छन् जसका कारण चिन्ता बढ्ने सम्भावना हुन्छ । यसले आत्मविश्वासमा नकारात्मक प्रभाव पार्छ ।

**आफ्नो दृष्टिकोण स्पष्ट रूपमा प्रस्तुत गरौं**

कुनै पनि वादविवादमा भुलेर पनि आफ्नो हाउभाउलाई नकारात्मक संकेत दिने खालको बनाउनु हुँदैन । विपक्षीको तर्कलाई सधैं धैर्यतापूर्वक सुन्ने र आफ्ना दृष्टिकोणलाई पूर्णरूपमा समझदारीपूर्वक प्रस्तुत गर्ने बानी बसाल्नुपर्छ । यसबाट अरूमाथि प्रभाव पार्न सकिन्छ ।

**सबैलाई खुसी बनाउने चक्करमा नपरौं**

हरेक व्यक्तिका आ-आफ्ना इच्छा-आकांक्षा एवं चाहना हुन्छन् । अरूलाई खुसी पार्ने चक्करमा आफ्ना खुसीको बलिदान दिनुहुँदैन । परिस्थितिवश व्यक्ति आफ्ना खुसीलाई दाउमा लगाउनुपर्ने विवशतापूर्ण एवं दोधारको अवस्थामा पर्न सक्छ । यस्ता परिस्थितिको सामना गर्नबाट बच्न नचाहिँदा प्रस्ताव र आफूले गर्न नसकिने कुरामा सहमति जनाउनु मूर्खता हो ।

**मनोवेगलाई खुलेर व्यक्त गरौं**

आफ्ना मनोभावना जस्तै- धैर्यता, क्रोध, भय, लगाव आदिलाई न कहिल्यै दबाउनु ठीक हुन्छ न त लुकाउनु नै । यी प्रवृत्तिलाई दमन गर्नाले व्यक्तिमा तनाव बढ्न सक्छ । त्यसपछि यसमा काबु पाउन मुस्किल हुन्छ । यस्ता मनोवेगलाई अभिव्यक्त गर्नु उचित हुन्छ तर समय-परिस्थिति एवं वातावरणलाई पनि पनि ध्यान दिनु आवश्यक छ । यसो गर्नाले व्यक्ति चिन्ता र तनावबाट धेरै हदसम्म टाढा रहन सक्छ ।

**सोचेर-बुझेर मात्र निर्णय गरौं**

कुनै पनि विषयमा राम्रोसँग विचार गरेर मात्र निर्णय लिनुपर्छ । हतार वा संकोचमा निर्णय लिनु उचित हुँदैन । किनभने यस्ता निर्णयमा पछुताउनुपर्ने सम्भावना बढी हुन्छ ।

**असफलताका सम्बन्धमा समीक्षा गरौं**

असफलताका विषयमा हरेकपटक आफूलाई जिम्मेवार मान्नु उचित होइन । यसबाट आत्मविश्वासमा कमी आउने सम्भावना रहन्छ । यसको सट्टा आफ्ना असफलताका पछाडिका कारण बुझ्नु, त्यसबाट पाठ सिक्नु उचित हुन्छ । यसबाट आफ्ना कमी-कमजोरी र गल्ती सुधार्ने अवसर प्राप्त हुन्छ ।



**समस्याको डटेर सामना गरौं**

यदि कुनै उद्देश्य पूरा गर्न चाहनुहुन्छ तथा बाधा-अड्चनका कारण वा आफ्नै प्रयासको कमीका कारण, त्यति प्राप्त गर्न सक्नुहुन्न, जति हुनुपर्ने हो । त्यस्तो अवस्थामा आफ्नो असफलताका लागि बहाना खोजिँदै छ भने तपाईं आफूलाई छल्ने काम गर्दै हुनुहुन्छ । किनकि समस्याबाट भाग्नु कायरता हो । समस्या छ भने त्यसको समाधान पनि अवश्य हुन्छ । अतः समस्याको डटेर सामना गर्नु राम्रो हुन्छ ।


**नियोजित रूपमा काम गरौं ।**

हतारमा काम गर्नु राम्रो हुँदैन । यसले काम त बिगार्छ नै साथै आफ्नो मेहनत पनि खेर जान्छ । त्यसैले काम गर्दा धैर्यतापूर्वक नियोजित ढंगले हरेक पक्षलाई ध्यान दिएर गरे सफलता प्राप्त हुन्छ र काम पनि सरल लाग्छ । पहिलो कामको समाप्तिपछि मात्र दोस्रोमा हात हाल्नुपर्छ । यसबाट आत्मविश्वास बढ्छ र काममा लगनशिलता एवं निरन्तरता पनि कायम रहन्छ ।

– रोजिन शाक्य

## नयाँ प्रविधि

### सोलार मोबाइल चार्जर



मोबाइल फोनका अधिकांश प्रयोगकर्ताले मुख्यतया ब्याट्री सकिने, टावरले नसमात्ने र ब्यालेन्स सकिएर फोन गर्न नपाउने समस्या झेल्छन् । यो समस्या आएपछि कहिलेकाहीँ मोबाइल नै फुट्लाजस्तो समेत हुन्छ । तर पनि प्रविधिको विकासले मोबाइल फोनमा हुने समस्याहरूलाई समाधान गर्नेतर्फ लगिरहेको छ । भनेको ठाउँमा बिजुली नहुनाले मोबाइलको ब्याट्री सकिएर आउने समस्या समाधान गर्न सोलार मोबाइल चार्जरको विकास गरिएको छ । अन्तर्राष्ट्रिय बजारमा आइसकेको सोलार मोबाइल चार्जरले चलनचल्तीमा आएका सबै किसिमका मोबाइल चार्ज गर्न सक्छ । मोबाइलको ब्याट्री पूर्ण रूपमा सकिएपछि सोलारले ३ घन्टामा चार्ज गरिदिन्छ । साथै यो सोलारलाई घाममा राखेर शक्ति सञ्चय गर्न सकिन्छ भने बिजुलीबाट पनि यसलाई चार्ज गर्न पनि सकिन्छ । पट्याएर राख्न सकिने हुनाले यसको आकार १० मिलिमिटरको मात्र छ । हाल अन्तर्राष्ट्रिय बजारमा यसको मूल्य करिब १ हजार ५ सय रुपैयाँ छ ।

### जीवाणु मार्ने क्लिनर



अन्तर्राष्ट्रिय बजारमा पाइने अधिकांश भ्याकुम क्लिनरले धूलो फोहोरलाई तानेर सफा मात्र पार्छ, तर त्यही फोहोरका कारण बढेका हानिकारक जीवाणुहरूलाई भने मार्न सक्दैन । हालै हालो कम्पनीले फोहोरमा लुकेर रहेका हानिकारक जीवाणुहरूलाई मार्ने भ्याकुम क्लिनरको विकास गरेको छ । 'अल्ट्रा भ्वाइलेट भ्याकुम क्लिनर' नामकरण गरिएको यो उपकरणको तल्लो भागमा अल्ट्राभ्वाइलेट किरण निकाल्ने प्रविधि छ । यो किरणले एक सेकेन्डमा ६० करोड जीवाणु र त्यसको अन्डालाई नष्ट गर्छ । पहिलो चरणको परिक्षणमा ९७ प्रतिशत जीवाणु नष्ट गर्न सफल यो भ्याकुम क्लिनरलाई अझ विकसित गरेर ९९ दशमलव ९९ प्रतिशत नष्ट गर्न सक्ने क्षमताको बनाइएको छ । मुख्यतया जीवाणुबाट रोग सर्ने खतरा हुने अस्पतालमा बढी प्रयोग हुने यो भ्याकुम क्लिनरलाई घरमा पनि प्रयोग गर्न सकिन्छ ।

### फोल्डिङ साइकल

वातावरणप्रेमीहरू साइकल चढ्न जति गौरव महसुस गर्छन् त्यति नै साइकलको सुरक्षा गर्न झन्झटिलो पनि मान्छन्, किनकि अधिकांश राष्ट्रमा साइकल चोरीको समस्या बढ्दो छ । साइकल चोरीलाई नियन्त्रण गर्ने विभिन्न प्रयास भए पनि यसले पूर्ण रूपमा सफलता भने पाउन सकेको छैन । जहाँ पनि सुरक्षित राख्न सजिलो होस् भनेर सर क्लिभ सिन्क्लेरले फोल्डिङ गर्न मिल्ने साइकल निर्माण गरेका छन् । साढे ५ किलोग्राम तौल भएको यो साइकल १० सेकेन्डमा फोल्ड गरेर झोलामा हाली बोक्न सकिन्छ । करिब ९० किलोको भार बहन गर्न सक्ने यो साइकल ताप प्रतिरोधक अल्मुनियमको प्रयोग गरेर बनाइएको छ । यो साइकलमा गियर सिस्टम रहेका कारण यसको गति अरू साइकलको झैं छ । हाल यो साइकलको अन्तर्राष्ट्रिय बजार मूल्य करिब १० हजार छ ।



# भिडियोबाट उपचार

संयुक्त राज्य अमेरिकाका वैज्ञानिकहरूले मस्तिष्क रोग सिजोफ्रेनियाको औषधीको प्रयोग नगरी उपचार गरिने विधि पत्ता लगाएका छन् । उक्त प्रविधिमा भिडियो, टेलिभिजन र कम्प्युटरको प्रयोगबाट उक्त रोगको उपचार गरिन्छ । उक्त उपचार विधिलाई सोसल इन्ट्याक्सन एन्ड कग्निसन ट्रेनिङ (एससीआईटी) नाम दिइएको छ ।

उक्त विधिमा बिरामीलाई भिडियो टेप र कम्प्युटरको सहयोगमा नाटकमा जस्तै भूमिका निर्वाहलगायतका काम लगाइन्छ । यसबाट रोगीको मानसिक अवस्था तथा चाहनाको अध्ययन गरिन्छ । उक्त विधि युनिभर्सिटी अफ नर्थ क्यारोलाइनाको वैज्ञानिकद्वय डेभिड पेन र डेभिड रोबर्ट्स तथा युनिभर्सिटी अफ टेक्सासका डेनिस कम्बले विकास गरेका हुन् ।

सिजोफ्रेनियाका रोगीको अभिव्यक्ति कला शून्यप्रायः हुन्छ । टेलिभिजन हेरेपछि उनीहरूले सामान्य प्रतिक्रिया दिन थाल्छन् । यसले रोगीलाई आफ्ना संवेग अभिव्यक्ति गर्न मात्र नभई उनीहरूले विभिन्न सामाजिक अवस्थाप्रति आफ्नो धारणा व्यक्त गर्न र सामाजिक समस्या समाधानका लागि वैकल्पिक उपाय खोज्न तल्लीन बनाउँछ ।

# वैकल्पिक ऊर्जाका स्रोतको प्रयोग



वर्तमान समयमा अनवीकरणीय स्रोत तथा जीवाशेष ऊर्जाशक्तिको प्रयोगमा वृद्धि भएको छ । कोइला, खनिज तेल आदि जीवाशेष ऊर्जाशक्ति हुन् जुन उद्योग, कलकारखाना र इन्धनका रूपमा प्रयोग हुन्छन् ।

वर्तमान समयमा विश्वलाई आवश्यक पर्ने ७९ प्रतिशत ऊर्जाको माग प्राकृतिक ग्याँस, कोइला तथा खनिज तेलले पूरा गर्दै आएको छ । यी स्रोतहरू खानीमा सीमित मात्रामा मात्र पाइन्छ । त्यसैले नै यसको उपयोगपछि पुनः प्राप्त गर्न निकै गाह्रो पर्ने हुनाले यस्ता स्रोतको कम प्रयोग तथा संरक्षणमा लाग्नु हामी सबैको कर्तव्य भएको छ ।

अहिले वार्षिक रूपमा ऊर्जाको खपत २ दशमलव ३ प्रतिशतका दरले बढ्दो छ । यही दरमा नै ऊर्जाशक्तिको उपयोग बढ्दै जाने हो भने २५-३० वर्षमा नै यस्ता स्रोतहरू रित्तिने सम्भावना छ । यसबाट विश्वमा विभिन्न किसिमका समस्या सिर्जना हुन सक्छन् । त्यसैले भविष्यमा यस्तो संकट भोग्न नपरोस् भनेर यस्ता जीवाशेष ऊर्जाशक्तिको उपायोगमा कटौती गर्ने कुरामा वैज्ञानिकहरू सचेत हुन थालेका छन् ।

यस्ता ऊर्जाशक्तिको संरक्षणका लागि वैकल्पिक स्रोतको विकास गरिनुपर्छ । वैकल्पिक ऊर्जाका स्रोत भन्नाले जैविक ऊर्जाशक्ति, न्युक्लियर ऊर्जाशक्ति, ज्वारभाटा, वायुऊर्जा, जलविद्युत्, जियोथर्मल आदि हुन् । यिनीहरू प्रकृतिमा सजिलैसँग उपलब्ध हुन्छन् तथा नवीकरण गर्न सकिन्छ । त्यसैले यस्ता ऊर्जाशक्तिको प्रयोगमा जोड दिनु आवश्यक देखिन्छ ।

**सौर्यशक्ति** : सूर्यमा उच्च तापक्रम र चाप हुने हुँदा त्यसबाट ठूलो परिमाणमा ऊर्जा प्रवाह हुन्छ । सौर्यशक्तिबाट चल्ने उपकरणहरू ठूलो संख्यामा बनाइए अनवीकरणीय स्रोतको उपयोगमा कटौती हुनुका साथै ऊर्जा संकट रोक्न राहत पुग्ने थियो ।

**जलविद्युत्** : नेपाल जलस्रोतका दृष्टिले विश्वकै दोस्रो धनी देश मानिएको छ । यहाँका नदीहरू प्रायः हिमाली भेगबाट समथर भेगतर्फ बहने हुनाले ठूलो बलसँग पानी बगिरहेको हुन्छ । नेपालमा जलविद्युत् उत्पादन गर्ने क्षमता प्रचुर छ । यसले पनि जीवाशेष ऊर्जाशक्तिको प्रयोगमा कमी ल्याउन मद्दत पुऱ्याउन सक्छ ।

**जैविक ऊर्जाशक्ति** : दाउरा, बायोमास, बायो ग्याँस, गुइँठा, पराल, छ्वाली, भुस आदि जैविक ऊर्जाशक्ति हुन् जुन् नवीकरणीय स्रोत हुन् । हाम्रो देशका केही पहाडी भेगमा यसको उपयोग देख्न सकिन्छ । यो खाना पकाउने तथा अन्य तातो चाहिने कार्यका लागि उपयोग हुन सक्छ ।

**न्युक्लियर ऊर्जाशक्ति** : फिसन प्रतिक्रिया र फ्युजन प्रतिक्रिया भएर पनि ऊर्जा उत्पन्न हुन्छ । फिसन प्रतिक्रिया ठूला परमाणुहरूलाई साना परमाणुमा टुक्राई ऊर्जा उत्पादन गर्ने हो भने फ्युजन प्रतिक्रिया टुक्रा-टुक्रा परमाणुलाई एउटै ठूलो परमाणु बनाई ऊर्जा उत्पादन गर्नु हो । यसबाट हजारौं मेगावाट विद्युत् निकालेर उद्योग तथा कलकारखानामा पनि उपयोग गर्न सकिन्छ ।

**ज्वारभाटा** : समुद्रमा ठूलो छाल आउँछ । यो समुद्री छालबाट पनि ऊर्जा उत्पादन गर्न सकिन्छ । समुद्रको किनारमा आउने छाललाई एक ठाउँमा जम्मा गरिन्छ । उक्त पानीलाई समुद्रतर्फ फर्काउन पाइप राखिएको हुन्छ । यसले गर्दा टर्बाइन घुम्छ र ठूलो परिमाणमा विद्युत् निकाल्न सकिन्छ ।

**वायुऊर्जा** : हाम्रो देशमा कैयौं भेगमा प्रायः सधैंजसो तीव्र गतिमा हावा बहने गरेको पाइन्छ । यसलाई विद्युत्शक्तिमा रूपान्तर गरी जीवाशेष ऊर्जाशक्तिको उपयोगमा कमी ल्याउन सकिन्छ ।

**जियोथर्मल** : पृथ्वीको भित्री भाग अत्यन्तै तातो हुन्छ । पृथ्वीको सतहबाट केही गहिरो भागमा एकदमै ताता चट्टान हुन्छन् । त्यस्तो ठाउँमा पानी पुऱ्याउँदा तुरुन्तै बाफमा परिणत हुन्छ । यो बाफ शक्तिद्वारा वाष्पइन्जिन सञ्चालन गरी विद्युत् उत्पादन गर्न सकिन्छ । यसले गर्दा जीवाशेष ऊर्जाशक्तिको प्रयोगमा कमी आई यसलाई धेरै समयसम्म टिकाइराख्न सकिन्छ ।

–सागर शर्मा

# अब मोबाइल एक्स्पो

मोबाइल एसोसिएसन अफ नेपाल नेपालभरि छरिएर रहेका मोबाइल फोनसम्बन्धी कार्य गर्ने सम्पूर्ण सेवाप्रदायक, डिलर, होलसेलर, तालिम तथा मर्मत केन्द्रहरू, खुद्रा व्यापारी एवं मोबाइल फोन प्रयोगकर्ताहरू समेतलाई समेट्ने गरी स्थापना गरिएको हो । एसोसिएसनले डाइरेक्सन नेपालसँग आबद्ध भै जेठ २ गतेदेखि ५ गतेसम्म मोबाइल एक्स्पो २००८ सञ्चालन गर्ने भएको छ ।

एउटै छानामुनि प्रदर्शनीकर्ताहरू र अवलोकनकर्ताहरूबीच अन्तर्क्रिया गर्न यो प्रदर्शनी एउटा सजिलो माध्यम बन्न सक्छ भन्ने अपेक्षा एसोसियसनको छ । प्रदर्शनीमा अवलोकनकर्ताहरूले पनि सहज रूपमा नयाँ मोबाइल प्रविधिहरूका बारेमा सजिलै जानकारी हासिल गर्न सक्नेछन् ।

मोबाइल जगत तथा यसमा भएका विकाससम्बन्धी जानकारी प्रवाह गर्नु नै यो प्रदर्शनीको प्रमुख उद्देश्य भएको बताइन्छ । ६० वटाभन्दा बढी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहभागी तथा ४० हजार सम्भावित अवलोकनकर्ताहरू सहभागी हुने यो प्रदर्शनीबाट मोबाइल जगतमा देखा परेका समस्या तथा असुविधा हटाउन, व्यवसाय विस्तार एवं प्रवर्द्धन गर्ने, प्राविधिकहरूको अनुभव आदान-प्रदान गर्न, जनमानसलाई सूचना प्रविधिका बारेमा सहज रूपमा जानकारी गराउन मद्दत पुग्ने कुरा एसोसियसनले जनाएको छ ।

## विज्ञान समाचार

### क्यान्सरको प्रकोप

चीनमा महिलाको स्तन क्यान्सरको दर हवात्तै बढेको सञ्चारमाध्यमहरूले बताएका छन् । बट्टामा प्याक गरिएका खाना खाने आधुनिक खाद्यशैलीका कारण क्यान्सरको दर बढेको विज्ञहरूले बताएका छन् । चीनको सांघाईमा सन् १९९७ को तुलनामा स्तन क्यान्सरमा ३१ प्रतिशतले वृद्धि भएको छ । हाल उक्त सहरका प्रति १ लाखमध्ये ५५ जना महिला स्तन क्यान्सरबाट पीडित छन् । बितेका १० वर्षमा राजधानी बेइजिङमा स्तन क्यान्सरको दर २३ प्रतिशतले बढेको छ । सहरका प्रति १ लाख महिलामध्ये ४५ जनामा स्तन क्यान्सर देखिएको छ ।

### तुलसी र क्यान्सर

तुलसी र पुदिनामा क्यान्सर रोगसँग लड्ने शक्ति भएको कुरा एक अनुसन्धानले प्रमाणित गरेको छ । भारतको राष्ट्रिय क्यान्सर नियन्त्रण कार्यक्रमअन्तर्गत गरिएको उक्त अनुसन्धानअनुसार तुलसी र पुदिना क्यान्सरजस्तो गम्भीर रोगको विरुद्ध लड्न ठूलो सहयोगी सिद्ध हुने तथ्य पत्ता लागेको हो । अनुसन्धानकर्ता डा.नरेश पुरोहितका अनुसार तुलसी र पुदिनाको बोटमा क्यान्सरसँग लड्ने शक्ति हुन्छ । अनुसन्धान प्रतिवेदनअनुसार छालाको क्यान्सरको सिकार मुसालाई दुई समूहमा विभाजित गरी एउटा समूहलाई मेडिसनल केमिकल लेप र अर्को समूहका मुसालाई तुलसी र पुदिनाको लेप लगाइयो । ११ महिनापछि मेडिसनल केमिकल लगाइएको समूहको मुसाको तुलनामा तुलसी र पुदिनाको लेप लगाइएको मुसामा रोगसँग लड्ने क्षमता बढेको पाइयो ।

# ताइवानले बनायो सस्तो ल्यापटप

ताइवानी कम्प्युटर निर्माता असुस्टेक कम्प्युटरले विश्वमै सस्तो कम्प्युटर बजारमा ल्याएको छ । 'ईपीसी'नाम दिइएको उक्त ल्यापटपको मूल्य ३ सय ३७ अमेरिकी डलर (करिब २० हजार नेपाली रुपैयाँ) पर्नेछ । ईपीसी ल्यापटपमा काम गर्न सजिलो हुने बताइएको छ । कम्पनीले कम्प्युटर राख्न चाहने करिब १ अर्ब मानिसले उक्त ल्यापटप प्रयोग गर्ने आशा गरेको छ । सात इन्चको स्किन भएको ईपीसीको वजन ८ सय ९० ग्राम छ । यो ल्यापटपमा लिनक्सको ओपरेटिङ सिस्टम राखिएको छ । विश्वभरि सस्तो कम्प्युटर बिक्री गर्ने योजना बनाएको असुस्टेकले सन् २००८ मा ३ लाखभन्दा बढी कम्प्युटर निर्यात गर्ने लक्ष्य राखेको छ ।

## जो जान्दैन उही अतिथि



अभिनेता राजेश हमालको कमजोरी के हो भनेर सोध्ने हो भने जोसुकैले सहजै भन्छन्– नृत्य। राजेशका चलचित्र हेर्ने समीक्षकदेखि दर्शक समेतले यही कुरा पटक-पटक उठाउँदै आएका छन्, तर पनि उनको क्रेजमा कुनै कमी आएको छैन। तर यिनै नायकले नृत्य निर्देशक राजु शाहको राजश्री डान्स सेन्टरको उद्घाटन गरेका छन्। राजेश हमाल सार्वजनिक कार्यक्रममा त्यति उपस्थित हुँदैनन्, तर नृत्यशाला उद्घाटनको दिन भने उनी नौ बजे नै कार्यक्रम स्थल पुगेका थिए।

हमाललाई देख्नेबित्तिकै चर्चा हुन थाल्यो यी पनि आजको अतिथि रहेछन्, तर उद्घाटन गर्ने व्यक्ति उनै होलान् भनेर धेरैले अनुमान गरेनन्, किनकि राम्रो नाच्ने भनेर कहलिएका दिया मास्के, झरना थापा, ऋचा घिमिरे, अरुणिमा लम्साल आदि नायिका पहिल्यै त्यहाँ उपस्थित थिए। कार्यक्रम सुरु भएपछि थाहा भयो, मुख्य अतिथि त नायक हमाल पो रहेछन्। पुरानी नायिका तृप्ति नाडकरसँग कुम जोडेर राजेशले नृत्यशालाको उद्घाटन मात्रै गरेनन् भाषण पनि गरे। 'मैले जे-जस्तो नृत्य गरे सबै राजु शाहकै सहयोगले हो, यो नृत्यशालाले आउँदो पुस्तालाई अझ सजिलो होला भन्ने मलाई लाग्छ।' उनले भने। राजेशको यो भाषण सुनेर नृत्य निर्देशक राजु शाह निकै प्रसन्न भए।

## उषालाई छोयो राजनीतिले



संविधानसभाका विषयमा केन्द्रित कार्यक्रममा नायिका उषा पौडेल टुप्लुक्क आइपुगिन्। धेरैको आँखा उनितिरै पर्‍यो। चलचित्रकै विषयसँग सम्बन्धित कार्यक्रममा समेत अनुपस्थित हुने उषा संविधानसभाजस्तो गैर चलचित्रकर्मको कार्यक्रममा उपस्थित भएपछि उनको आगमनको विषयमा सोधीखोजी गर्नु स्वाभाविक थियो।

उषालाई भाषण गर्ने निम्तो भने कसैले दिएन, त्यसैले उनले धैर्यतापूर्वक अरूको भाषण सुनिरहिन। के उषाले अब राजनीतिप्रति पनि चासो राख्न थालिन् त ? कुरा अर्कै रहेछ। अलि पहिले नै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले बालुवाटारमा नेपाली कलाकारलाई चियापानको निम्तो दिएका थिए। त्यति बेला दुई जना मात्र नायिका उपस्थित भए– ऋचा घिमिरे र अरुणिमा लम्साल।

उक्त कार्यक्रममा उपस्थित हुने अरू कलाकारको भन्दा धेरै चर्चा भयो दुई जना नायिकाको। त्यसपछि उषालाई लागेछ, यस्ता कार्यक्रममा गयो भने राम्रै चर्चा हुँदो रहेछ। राजनीतिप्रति आफूलाई पनि चासो छ भन्ने उषाले भने संविधानसभाका विषयमा के-कति बुझिन्, भेटेपछि उनलाई सोध्नुहोला।

## इक्कु-इक्कु



सुलेमान शंकर, दर्शकका लागि परिचित नाम होइन तर नेपाल टेलिभिजनबाट प्रसारित टेलिचलचित्र मेरी बास्सै हेर्नेहरूका लागि भने यो नामधारी पात्रले गरेको अभिनयचाहिँ परिचित छ। अर्थात् उक्त टेलिचलचित्रको जंगली पात्र 'इक्कु-इक्कु'। 'इक्कु-इक्कु' अर्थात् सुलेमान शंकर यतिबेला दर्शकमाझ परिचित छन्। त्यसो त उनले तीतो सत्य र ५२ घुस्सा ५३ ठक्कर, ढाकाराम टीकाराम आदि टेलिचलचित्रमा अभिनय गरिसकेका छन् तर उनी मेरी बास्सैको इक्कु-इक्कुजति चर्चितचाहिँ कहिल्यै भएनन्। ६ वर्षअघि टेलिचलचित्र 'थोरै भए पुगिसरी' मा एक दृश्यमा अभिनय गरेर कलाक्षेत्र प्रवेश गरेका सुलेमानले मेरी बास्सैको ६ वटा श्रृंखलामा अभिनय गरेका थिए। मेरी बास्सैमा फेरि आउने हो ? दर्शकको चाहनालाई ख्याल गरेर फेरि ल्याउने सोच भएको निर्देशकहरूले बताउनुभएको छ- सुलेमानले भने। मकवानपुर जिल्लाको हेटौंडाका सुलेमान पाँच वर्षअघि काठमाडौं पसेका हुन्। उनी भन्छन्- पहिले-पहिले त आफ्नो अनुहार ऐनामा हेर्दा दिक्क लाग्यो, तर अहिले भने उनी दृढ छन्। सुलेमान भन्छन्- 'अहिले जे छु ठीक छु जस्तो लाग्न थालेको छ।' सायद सुलेमानको च्याँसे अनुहारले नै उनलाई कलाकार बनाएको हो। उनी अहिले ठूलो पर्दामा समेत व्यस्त छन्। सुलेमान शंकर भनेर परिचय दिने यी कलाकारको वास्तविक नामचाहिँ सूर्यमान सुनार हो।

## वाह रेजिना



तस्बिर : साइबर संसार डटकम

चलचित्रमा चर्चा नभएर के भो त, सार्वजनिक समारोहमा उनको उपस्थिति महत्वपूर्ण हुन थालेको छ अचेल। राजधानीमा आयोजित एक कार्यक्रममा अभिनेत्री रेजिनाको ड्रेसअपले खुब चर्चा पायो त्यो दिनको केन्द्रीय पात्र नै रेजिना बनिन्।

चलचित्रको पर्दामा छोटो-छरितो पोसाकमा प्रस्तुत हुने ऋचा घिमिरे र अरुणिमा लम्साल जीउ ढाक्ने पहिरनमा उपस्थित भए पनि रेजिना निकै उत्ताउली देखिएकी थिइन्। बिहान नौ नबज्दै त्यस्तो ग्ल्यामरस पहिरनमा देख्नेबित्तिकै उनको विषयमा टिका टिप्पणी सुरु भैहाल्यो।

नृत्य निर्देशक राजु शाहको नयाँ नृत्यशाला उद्घाटनका अवसरमा एक दर्जनभन्दा बढी कलाकार उपस्थित थिए, उपस्थित सबैलाई माथ गरिन् नायिका रेजिना उप्रेतीले। आफू ग्ल्यामरस भंगिमामा प्रस्तुत हुनुको रहस्य खोल्दै रेजिनाले भनिन् "सुटिङमा मात्रै कति ग्ल्यामरस देखिने ? कार्यक्रममा पनि आफ्नो प्रभाव देखाइदिउँ भनेर।" उनको ग्ल्यामरको अर्थ अरूले बुझे बुझेनन् थाह भएन तर राजु शाह भने निकै दंग थिए।

## दाइको ससुरालीमा प्रकाश

एउटी नारी विधवा भएपछि उनी परिवारभित्र मात्र होइन, समाजबाट समेत अपहेलित हुन्छिन्। उनले जीवनभर सेतो वस्त्र पहिरिनुपर्छ, तर विधवा नारीको सिउँदोमा सिन्दूर हालेर कसैले उसको जीवनरक्षा पनि गर्छ। उसले समाजमा नूतन परिवर्तन ल्याउन पहल थालेको छ। चलचित्र 'दाइको ससुराली' मा यसरी नै विधवा विवाहलाई जोडदार रूपमा उठाइएको छ। हास्य गीतमा ख्याति कमाएका



गायक प्रकाश ओझा पहिलो पटक यो चलचित्रमा नायकका रूपमा प्रकट भएका छन्। उनी यो चलचित्रमा सोझो र कमजोर पात्रका रूपमा देखिन्छन्। ओझामाथि सौतिनी आमाले उनको सम्पत्ति कब्जा गर्न विभिन्न षड्यन्त्र बुन्छिन्।

सौतिनी आमाका रूपमा देखिएकी प्रिया रिजालले सम्पत्तिको लोभमा ओझालाई मार्ने षड्यन्त्र गर्दै दहीमा हालेको विष उनकै छोराले खाएपछि चलचित्रको कथा संवेदनशील मोडमा पुग्छ। चलचित्रमा निखिल उप्रेती पनि छन्।

'दाइको ससुराली' शीर्षक सार्थक नभएको हो कि भन्ने भान चलचित्र हेरेपछि हुन्छ। चलचित्रमा कामुकता झल्कने नृत्यहरू राखिएको छ, जुन चलचित्रको कथासँग बिल्कुलै मेल खाँदैन। दाइको ससुराली धाउने प्रकाश ओझाले चलचित्रको अन्त्यमा विधवा सञ्चिता लुइटेलसँग विवाह गरेपछि अब म आफ्नै ससुराली जान्छु भन्ने संवादले चलचित्रको शीर्षकलाई सार्थक तुल्याउने तारतम्य मिलाएको छ। गायक ओझाले चलचित्रमा अभिनय मात्र होइन, गाउने र संगीत भर्ने काम पनि गरेका छन्।

–शिव शर्मा



# बाइकर्ससँग डान्सपार्टी

**साप्ताहिक समाचार**

काठमाडौं- चार जना बाइकर्स रूपेश तामाङ, छिरिङ ठकुरी, मोहन गुरुङ र जापनिज नागरिक इचुकेइले आ-आफ्ना मोटरबाइक स्टार्ट गरे। कुनै अंग्रेजी चलचित्रको दृश्यझैं देखियो महाराजगन्जस्थित केसीसी क्लबको परिसरमा। वरिपरि दर्शक अचम्म मान्दै हेरिरहेका थिए। चार जनाले पालैपालो मोटरसाइकल 'स्टन्ट' गरेर देखाए। घरी पछाडिको पांग्रा उचाल्ने त घरी फनफनी मोटरसाइकल घुमाउने यस्ता अनेकौं गतिविधि गरेर उनीहरू दर्शकको वाहवाही पाउँदै थिए। डिजेको इसारामा उनीहरूको बाइक स्टन्ट हेर्नुको रोमाञ्च बेग्लै थियो। म्यासेन्जर ब्यान्डका राजेश हमाल तथा सेसिलको आयोजनामा युनिभर्सल म्युजिक एन्ड मिडियाको प्रस्तुतिस्वरूप शनिबार साँझ सम्पन्न उक्त नौलो कार्यक्रमको शीर्षक राखिएको थियो- 'म्यासिभ क्रेज ग्र्यान्ड पार्टी विथ बाइकर्स स्टन्ट सो'। विभिन्न सञ्चारकर्मी तथा संगीतकर्मीहरूका साथ युवायुवतीहरूको भीडले बाइक स्टन्ट गर्ने ती चार जनाको समूह 'केटीएम ट्रुप्ज एकेए' को स्टन्ट प्रस्तुतिका साथै डिजेइङको तालमा नाचेर बाइकर्ससँगको डान्सपार्टीको मज्जा रातको ११ बजेसम्म लिइरहे।

# सेलिब्रेटीले पाए छोरी



**साप्ताहिक समाचार**

काठमाडौं- र्‍याप गायक निर्णयलाई युवापुस्ताले द एनएसके अर्थात् द नटी किड सोल भनेर पनि चिन्छ। ती नटी किडले नयाँ वर्षको पहिलो दिन नै उनलाई सताउने नटी गर्ल पाएका छन्। गत वैशाख १ गतेको बिहान नौबजेतिर उनी एउटी शिशुको बाबु भएका छन्। विवाह भएको झन्डै तीन वर्षपछि बाबु हुन पाएकोमा नटी किड सोल मख्ख परेका छन्। उनले बाबु भएकोमा गौरव गर्दै भने- 'म निकै खुसी छु। मेरो काँधमा जिम्मेवारी बढेको महसुस गरेको छु।'

अर्कातिर निर्देशक ऋषि लामिछाने तथा उनकी श्रीमती अभिनेत्री सरिता लामिछाने पनि गत वैशाख ५ गते छोरीकी अभिभावक भएका छन्। टेलिचलचित्रकी 'क्विन' भनेर चिनिएकी सरिता सन्तानकै लागि भनेर विगत केही महिनायता अभिनयबाट टाढा थिइन् भने नेपाल टेलिभिजनमा उनले सञ्चालन गरिरहेको चलचित्रसम्बन्धी कार्यक्रम 'पर्दा'मा पनि उनी देखिन छाडेकी थिइन्। पहिलो सन्तानका रूपमा छोरी जन्मिएपछि लामिछाने दम्पतीले खुसी व्यक्त गरेका छन्। छोरीका कारण सरिता केही समय कलाक्षेत्रबाट टाढा रहने भएकी छिन्।



# अहो हट पोखरा

पाँच वर्षको अवधिमा यहाँ बढेको फेसनको चमक-दमकले यहाँको ग्ल्यामर क्षेत्र हर्लक्क बढेको छ। कुनै समय पहिरन खोज्न राजधानी नै पुग्नुपर्ने समय अहिले छैन। राजधानीलाई नै माथ गर्ने ग्ल्यामरस पहिरन तयार पार्न यहाँका बुटिकदेखि फेसन हाउसहरू अभ्यस्त भैसकेका छन्।





पोखराको त ग्ल्यामर नै चकाचक। सुरुका दिनमा छोटा पहिरनमा टक-टक हिँडेका बैंसालु युवतीहरू देख्दा हरेकजसो छक्क पर्दै हेर्थे, तर अहिले समय फेरिएको छ। विशेषतः यस्तो ग्ल्यामर मोडलिङ र फेसनको क्षेत्रमा हावी भएको देखिन्छ। समयअनुसार ग्ल्यामरस देखिन किन पछि पर्नु, मोडल प्रिया हिराचन भन्छिन्- 'ग्ल्यामरको नाममा उच्छृङ्खलतालाई चाहिं प्रश्रय दिनु भएन।'

प्रियाले भनेझैं अहिले फेवा नगरीमा फेसनेवल युवायुवतीहरूबीच ग्ल्यामरको जगजगी बढेर गएको छ। पाँच वर्षको अवधिमा बढेको फेसनको चमक-दमकले यहाँको ग्ल्यामर क्षेत्र हर्लक्क बढेको छ। कुनै समय पहिरन खोज्न राजधानी नै पुग्नुपर्ने समय अहिले छैन। राजधानीलाई नै माथ गर्ने ग्ल्यामरस पहिरन तयार पार्न यहाँका बुटिकदेखि फेसन हाउसहरू अभ्यस्त भैसकेका छन्। हामीले बलिउड हलिउडका शैलीलाई अपनाएका छौं, सेभी बुटिककी फेसन डिजाइनर सविता शेरचन भन्छिन्- 'फेसन स्टाइलकै कारण ग्ल्यामर बढेको हो।'

छ्याप-छ्याप्ती खुलेका फेसन हाउस तथा बुटिकहरूले ग्ल्यामरको होडमा लागेका युवतीहरूको चाहना पूरा गरिरहेका छन्। यहाँ विदेश बसेर आउनेहरूको एउटा ठूलो हिस्सा छ। उनीहरूले यहाँ युरोपियन शैलीको ग्ल्यामरको जग बसाइदिएका छन्। हङकङमा बसोबास गर्ने पोखराकी सब्रिना श्रेष्ठ हङकङको मोडलिङमा चम्किएकी छिन्। उनले भित्र्याएको पृथक् शैलीको सिको यहाँ धेरैले गरे। पोखरा आएको बेला सब्रिनाले भनिन्- ग्ल्यामरस देखिए पनि उत्ताउलो देखिनु भएन।

पोखराका पहिलो मोडल विगतको पोखराको फेसन र अहिलेको फेसन देखेर छक्क छन्। उनी भन्छन्- अहिले त यहाँको फेसन हट भएको छ। फेसन सोका र्‍याम्पमा क्याटवाक गर्न आनाकानी गर्ने युवतीहरू टुपिस पहिरनमा तस्बिर खिचाउन कुनै धक मान्दैनन्। ग्ल्यामर अलि बढी भएन र भन्ने जिज्ञासामा युवतीहरू सहजै जवाफ दिन्छन्- समयलाई बुझेर चल्नुपर्‍यो नि।

अभिभावकहरूको फराकिलो सोचका कारण पनि यहाँको ग्ल्यामर क्षेत्र फस्टाएको छ। अधबैंसेहरूलाई समेत हिजोआज ग्ल्यामरको रंग चढेको छ। कारण एउटै छ– समय बदलियो अनि ग्ल्यामरस देखाउनुलाई यहाँ हरेकले सामान्य रूपमा ग्रहण गर्न थाले। मोडल बबिना शर्मा पनि ग्ल्यामरको मामिलामा उदार छिन्। राम्रो लुक्स र ग्ल्यामरकै कारण उनी मोडलिङको रंगीन संसारमा चम्किएकी छिन्। मोडलिङमा ग्ल्यामर अपरिहार्य छ, बबिना भन्छिन्- 'ग्ल्यामरविनाको मोडलिङ फिका नै हुन्छ।'

त्यसो त पछिल्लो समयमा वेबसाइट मोडलिङको विकासले गर्दा पनि ग्ल्यामर क्षेत्र फस्टाउने मौका पाएको हो। चल्तीमा रहेका लभ्लीपोखरा डकटकम, पोखरासिटी डकटकम, पोखरापेज डटकम आदि वेबसाइटहरूले ग्ल्यामरस फोटोसेसनलाई महत्त्व दिँदै आएका छन्। वेबसाइटको टाउकोमा ग्ल्यामर तस्बिर राखेर आफ्नो व्यवसाय प्रवर्द्धन गरिरहेका छन्। वेबसाइटले पनि मानिसको दृष्टिकोणमा परिवर्तन ल्याइरहेको छ, लभ्लीपोखरा डटकमका गणेश खड्का भन्छन्- 'फोटोसेसनको आकर्षण बढेको छ। त्यसै गरी यहाँ भैरहने सौन्दर्य प्रतियोगिता फेसन सो तथा म्युजिक भिडियो निर्माणको रफ्तारले पनि ग्ल्यामर क्षेत्रप्रतिको आकर्षण बढेको छ। ग्ल्यामरले मोडलहरूलाई छोटो समयमा चर्चामा ल्याएको छ। हिजोआज त को कति ग्ल्यामरस भन्ने होडबाजी नै चल्छ। मोडल एन्जिला थापाले भनिन्- ...ग्ल्यामर पोखराको पर्यायवाची नै हो।' नगरका चौक हुन् वा गल्ली ग्ल्यामरको छनक दिने पहिरन प्रदर्शन गर्नेहरूको संख्या बढेर गएको छ।

-शिव शर्मा



## लभ गुरु रेखा

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



**म १८ वर्षीय युवक हुँ। हाम्रो जातमा मामाकी छोरीसँग विवाह गर्न मिल्छ, तर फुपूकी छोरीसँग मिल्दैन। मेरो र फुपूकी छोरीबीच गम्भीर प्रेमसम्बन्ध छ। हामी एक-अर्काबिना बाँच्न सक्तैनौं। मेरी फुपूकी छोरी नातामा दिदी पर्छिन्। अब दिदी र भाइबीचको यो सम्बन्धलाई विवाहमा परिणत गर्ने इच्छा छ। हाम्रो समाज एवं परिवारमा यो सम्बन्ध स्वीकार्य हुन सक्दैन। त्यसैले मैले उनलाई भगाएर विवाह गर्न मिल्छ कि मिल्दैन ? मैले सही निर्णय लिन सकिरहेको छैन।**

**के.एस.**

तपाईं भर्खर १८ वर्षे अल्लारे युवक हुनुहुन्छ। यो समय बुद्धिभन्दा भावना एवं उत्तेजनाले काम गर्न उक्साउँछ। यो यस्तो समय हो, जुन बेला समाजका नियम भत्काउन मन लाग्छ। जुन काम गर्नुहुँदैन भन्यो, त्यही कुरा गर्न उक्साउँछ। तपाईं मात्र होइन, यो उमेरमा सबैजसो युवा कुनै न कुनै बेला समाज, परिवार एवं संस्कृतिविपरीत कार्य गर्न पुग्छन्। तपाईंले माथि नै भनिसक्नुभयो, तपाईं नातामा दिदी पर्ने युवतीसँग प्रेम गर्नुहुन्छ र सम्बन्ध गति गाढा भैसक्यो कि अब विवाहको स्थितिमा पुग्नुभएको छ। यसबाट के स्पष्ट हुन्छ भने तपाईंले पनि समाज, परिवार एवं परम्परगत मान्यता तोड्नुभएको छ, जुन कुरा अहिले गोप्य छ, विवाह गर्नुभयो भने सार्वजनिक हुन्छ।

## फिल्मी खबर

गत वैशाख ९ गते सोमबार एकै दिन राजधानीका विभिन्न स्थानमा छवटा भिन्दाभिन्दै चलचित्रको मुहूर्त सम्पन्न भयो। बिहान सात बजे भद्रकालीमा निर्देशक राजेन्द्र उप्रेती तथा निर्माता गोविन्द भट्टको चलचित्र 'सिलसिला'को मुहूर्त भनेर चिनेजानेका सबैलाई डाकियो। विराज भट्ट, रेखा थापा, मिथिला शर्मा आदि उक्त चलचित्रमा अभिनय गर्दैछन्। लगत्तै त्यही स्थानमा एचआईभी संक्रमित नवलपरासीकी एक महिलाको यथार्थमा आधारित चलचित्र 'निर्मला'को पनि शुभसाइत गरियो। डकुड्रामाका रूपमा प्रस्तुत गर्न लागिएको उक्त चलचित्रको निर्देशन राजु अधिकारीले गर्दैछन्, जसमा नायिका पुजनाले शीर्षभूमिका निर्वाह गर्नेछिन् भने अन्य कलाकारमा पुष्पराज पुरुष, दिनेश शर्मा, जेएन घिमिरे आदि छन्। नौ बजेतिर लगनखेलस्थित बटुक भैरवस्थानमा संगीतकार तथा निर्माता दीपक रमणले लागूपदार्थ दुर्व्यसनीहरूका बारेमा निर्माण गर्न लागेको चलचित्र 'आजका युवा'को शुभसाइत गरे। रवीन्द्र खड्काले निर्देशन गर्ने उक्त चलचित्रमा मोहन केसी, रञ्जु लामिछाने आदि कलाकार छन्। दस बजे पशुपतिनाथ परिसरमा निर्देशक दयाराम दाहाल र निर्माता गोविन्द शाहीको चलचित्र 'कहा छौ कहा'को शुभसाइत गरियो। नेपालगन्ज र भारतका केही स्थानमा छायांकन गरिन लागिएको उक्त चलचित्रमा विराज भट्ट, झरना थापा, गणेश उप्रेती, अर्पणा सिंह आदि कलाकारले अभिनय गर्दैछन्। दिउसो एक बजे निर्माता वसन्तकुमार श्रेष्ठ र मौनता श्रेष्ठका चलचित्रहरू क्रमशः 'सपना' र 'भगवान् सबैको'को शान्तिका प्रतीक परेवाहरू उडाएर शुभसाइत गरियो। यी दुवै चलचित्रको निर्देशन प्रदीप श्रेष्ठले गर्दैछन्। जसमध्ये 'सपना'मा राजेश हमाल, आर्यन सिग्देल, अर्जुन कार्की, नन्दिता केसी आदि कलाकार छन् भने 'भगवान् सबैको'मा राजेश हमाल, रेखा थापा, सुनीलदत्त पाण्डे, विक्रान्त बस्नेत, अर्जुन कार्की आदि कलाकारले अभिनय गर्नेछन्।

नायक दिलीप रायमाझी बेलायत यात्राबाट समयमै नफर्केकाले निर्माणाधीन दुई चलचित्रको छायांकन कार्य प्रत्यक्ष रूपमा प्रभावित हुन पुगेको छ। नवल नेपालको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'तस्बिर'को सम्पूर्ण छायांकन सकिए पनि एउटा गीतको छायांकन मात्र बाकी रहेको र नायक रायमाझीले नै उक्त गीतमा नाच्नुपर्ने भएकाले उनलाई कुरिरहनुपरेको निर्माणपक्षले जनाएको छ। त्यस्तै उकेश दाहालको निर्देशनमा नायक रायमाझीलाई मुख्य भूमिकामा लिएर निर्माण भैरहेको



चलचित्र 'पलपलमा'को निर्माण पनि रोकिएको छ। वैशाखको पहिलो साता नै स्वदेश फर्कने कार्यक्रम भए पनि दिलीपको अत्तोपत्तो छैन।

## नववर्षको अवसरमा सांगीतिक कार्यक्रम



टन्टलापुर घाम छ, तर दर्शकहरूलाई घामको पर्वाह थिएन बरु कलाकारहरूको आगमनको व्यग्र प्रतीक्षा थियो। निर्धारित समयमा कार्यक्रम सुरु गर्ने भनिए पनि झन्डै डेढ घण्टा ढिलो कार्यक्रम सुरु भएको थियो। ढिलो कार्यक्रम सुरु हुँदाको पीडा उनीहरूमा प्रस्टै देखिन्थ्यो। उद्घोषक राजेश घतानीले मञ्चबाट फुके- 'अब तपाईंको प्रतीक्षाको घडी सकियो।' नभन्दै दर्शकको व्यग्र प्रतीक्षाको घडी समाप्त पार्न कलाकारहरू तारा लक्सम, सूर्यकिरण लामा र सुरज थापा जब स्टेजमा चढे चकचकी बजारस्थित बुधबारे हटियाको मैदानमा खचाखच गाउँले दर्शकले उनीहरूलाई तालीले हौस्याए।

नवकिरण युवा परिवार चकचकी झापाले नववर्ष २०६५ को अवसरमा आयोजना गरेको सांगीतिक कार्यक्रममा गाउँले दर्शकले पर्याप्त मनोरञ्जन लिए। 'ग्रामीण क्षेत्रमा यत्तिको कार्यक्रम पहिलो हो', चारपानेबाट कार्यक्रम हेर्न यहाँ आइपुगेका रमेश साहले टिप्पणी गरे- 'कार्यक्रम सोचेभन्दा राम्रो भयो।' बिर्तामोडबाट १५ किलोमिटर दक्षिण चकचकीमा पहिलो पटक आयोजित कार्यक्रममा ग्रामीण दर्शकहरूको उल्लेख्य सहभागिताले ग्रामीण क्षेत्रमा गीत-संगीतप्रतिको क्रेज प्रस्टै देखिन्थ्यो। ग्रामीण युवतीहरू शहरियाभन्दा कम देखिँदैन थिए। 'हामीले यतिका मान्छे आउँछन् भनेर सोचेकै थिएनौं', कार्यक्रम संयोजक दीपेन बेघाले भने– 'नसोचेको भयो।'

कार्यक्रममा नेपाली तारा-२ का रनरअप तारा लक्सम, सेकेन्ड रनरअप सूर्यकिरण लामा र नेपाली तारा-२ का प्रतिस्पर्धी नेपालगन्जका सुरज थापाले राष्ट्रिय भावनाले ओतप्रोत *रातो र चन्द्र सूर्य* गीत संयुक्त रूपमा गाएर कार्यक्रम थालनी गरेका थिए। त्यसपछि दर्शकहरू तारा लक्समसँगै झुमेका थिए। त्यस्तै सूर्यकिरण, सञ्जय तुम्रोक, सुरज थापा, राजेश घतानी आदिले दर्जनभन्दा बढी गीत गाएका थिए। 'ग्रामीण क्षेत्रमा गरिएको यो उत्कृष्ट कार्यक्रमको नमुना हो', नेसनल साउन्ड एन्ड डिजिटल स्टुडियोका सञ्चालक विनोद कठेतले कार्यक्रमका सम्बन्धमा प्रतिक्रिया दिए। कार्यक्रममा नेपाल पत्रकार महासंघ, झापाका सभापति मोहन काजीले कलाकारहरूलाई ढाका टोपी र खादा लगाइदिएर सम्मान गरेका थिए। 'झापाली जनताको मायाले यहाँसम्म आइपुगेको हुँ- नेपाली ताराका उपविजेता ताराले मन्तव्यका क्रममा भने।

**–पर्वत पोर्तेल**

## पलेंटीमा एमपी गुरुङ



भारतको शिलाङबाट ६८ वर्षे गायक एमपी गुरुङ अप्रिल महिनाको पलेंटीमा गीत गाउन काठमाडौं आइपुगेका छन्। सानैदेखि नेपाली गीत र संगीतको साधना गरेका एमपी पहिलो पटक एकल कार्यक्रम प्रस्तुत गर्न राजधानी आएका हुन्।

उनका पिता भारतीय सेनामा जागिरे भएर लमजुङबाट मेघालय पुगेपछि एमपी शिलाङमा जन्मेर उतै हुर्किए। आमा मनकुमारी गुरुङले हार्मोनियम बजाउँदै मित्रसेनका गीतहरू गाएको सुनेर सानैदेखि उनमा संगीतप्रति चाख जागेको थियो। १९५५ मा नेपाली कला र संगीत परिषद्को स्थापना भएपछि उनी सक्रिय रूपमा संगीतमा लागे। परिषद्ले १९५७ मा लोकगायक धर्मराज थापालाई शिलाङ निम्त्याएको बेला उनले एमपीलाई आफूसँगै आसाम, गोहाटी, तेजपुर र वरिपरिका स्थानहरूमा लिएर गएका थिए। एमपी भन्छन्–'त्यतिबेला उहाँले गाएका गीतहरू सुनेर मलाई आफू नेपाली हुँ भन्ने अनुभूति भयो। उहाँले मलाई थुप्रै गीत गाउन लगाउनुभएको थियो। त्यसैले म थापालाई आफ्नो प्रेरणा मान्छु।'

त्यसपछि उनले अल इन्डिया रेडियो गौहाटीमा पनि थुप्रै गीत रेकर्ड गराए। सन् १९६५ मा नेपाल आएको बेला उनले नातिकाजी, नारायणगोपाल र प्रेमध्वजको संगत गर्ने अवसर पाएका थिए र अरुणा लामासँग रेडियो नेपालमा गीत पनि रेकर्ड गरेका थिए। १९६६ मा अम्बर गुरुङ नागाल्यान्ड गएको बेला एमपीले उनको साथ दिएका थिए।

१९६५ मा उनले सरकारी जागिर खाएपछि आफ्नो पहिलो तलबले किनेको हार्मोनियम अझै पनि सँगालेर राखेका छन्। यद्यपि जागीरको व्यस्तताले गर्दा उनले संगीतलाई निरन्तरता दिन सकेनन्। पलेंटीका संयोजक आभाषले उनलाई शिलाङमा भेटेर काठमाडौं आउने निम्तो दिएपछि उनी फेरि जुर्मुराएका छन्।

४० वर्षको अन्तरालपछि नेपालयको आरशालामा यही अप्रिल २५ मा एमपी गुरुङ गुञ्जने भएका छन्। 'म भित्र त्यो बेलाको जोस फेरि पलाएको भान भएको छ। मेरो स्वर र उमेरले त्यो जोसलाई साथ दिनेछ भन्ने आशा गरेको छु।' एमपी भन्छन्–'आजकलका गीत-संगीतले मुटु छुँदैनन्। म श्रोताहरूको मन छुने गीत गाउने प्रयास गर्नेछु।' एमपीले जागरण गीत, प्रवासमा रहेका नेपालीहरूको पीडा दर्शाउने गीतहरूका साथै रोमान्टिक धारका गीतहरू पनि गाएर श्रोताहरूलाई मन्त्रमुग्ध बनाउने तयारी गरेका छन्।



तस्बिर : नवराज बाग्ले

# लिंग परिवर्तन गर्नु अपराध हो ?

## केवल एक प्रश्न

लिङ्ग परिवर्तन गर्नु शरीरमा मेकअप गर्नुजस्तै हो । हेयर स्टाइल चेन्ज गरेजस्तै अहिलेको जमानामा लिङ्ग परिवर्तन गर्नु सामान्य कुरा हो । यो नयाँ फेसन ट्रेन्ड पो हो कि ? अपराधकै कुरा गर्ने हो भने यो मानसिक अपराध हो ।

**प्रकाश पौडेल, गायक**

हा....हा....हा... अचम्म लाग्यो, मेरो तर्फबाट केही भन्दिनँ, कसैलाई राम्रो होला, कसैलाई नराम्रो । पुरुष हुन चाहनेलाई पुरुष हुन दिनुपर्छ भने महिला हुन चाहनेलाई महिला हुन दिनुपर्छ । यसलाई अपराध पनि भन्न मिल्दैन ।

**दीपक रायमाझी, चलचित्र निर्देशक**

एउटै कुराले मानिसलाई दिक्क लागेको होला नि, त्यही भएर लिङ्ग नै परिवर्तन गरेका होलान् । ठीकै छ, परिवर्तनशील समाजमा यसलाई पनि सामान्य रूपमै लिए हुन्छ । मानिसलाई दाल, भात तरकारी अनि एउटै श्रीमतीले दिक्क लागेपछि परिवर्तन खोजेजस्तै लिङ्ग पनि परिवर्तन गर्न खोजेका होलान् ।

**दीपाश्री निरौला, हास्यकलाकार**

जसले जे-जे गर्न पनि पाउने यो मुलुकमा लिङ्ग पनि परिवर्तन गर्न पाउनै पर्ला । अपराध नै भए पनि क्षम्य बनाउनुपर्‍यो । लिङ्ग परिवर्तन गर्न चाहनेहरूले पनि मन लागेको गर्न पाउनुपर्‍यो नि ? हा....हा.....हा...।

**केदार घिमिरे, हास्यकलाकार**

अपराध हो, यो संसारमा आउँदा जुन रूपमा आएको हो त्यसमै खुसी हुन सक्नुपर्छ । सृष्टिको नियमविपरीत त जानुभएन नि, होइन हा..हा..हा..खोइ के भन्ने ? त्यसै होइन ?

**–सुदिन पोखरेल, गायक**

## जम्का भेट

नेपाली गीत-संगीतको क्षेत्रमा आफ्नै शैली स्थापित गरिसकेका छन् सत्य-स्वरूपराज आचार्यले। पप, आधुनिक र लोकगायन तथा संगीतमा समेत उपस्थिति जनाइसकेका आचार्य दाजुभाइ गायनका अतिरिक्त बेलाबेलामा कार्यक्रम प्रस्तोताका रूपमा समेत देखिन्छन्। अब उनीहरूको परिचय चलचित्र संगीतकारका रूपमा समेत हुने भएको छ। उनीहरू स्टार इन्टरटेनेमन्टको सैनिक र क्वेस्ट इन्टरटेनमेन्टको क्रसरोडमा अनुबन्ध भैसकेका छन्। चलचित्र संगीतको भविष्य उज्ज्वल देख्ने यी दाजुभाइ संगीतका सबै विधामा बराबर समय दिने बताउँछन्।



**गायन छाडेर संगीततिर लाग्नुभएको हो ?**

होइन, हामी संगीत पनि दिन्छौं र गाउँछौं पनि । संगीतमा लाग्दैमा गाउन छोड्ने होइन । यसले हामीलाई स्वरको दायरालाई फराकिलो पार्ने अवसर दिएको छ ।

**चलचित्र संगीतको महत्त्व घट्दै गएको बेलामा तपाईंहरू चाहिं यता लाग्नुभयो । अप्ठ्यारो लागेको छैन ?**

चलचित्रमा संगीतको महत्त्व घटेको छ जस्तो लाग्दैन । केही चलचित्रका गीत चलेनन् होला, यसो भन्दैमा चलचित्र संगीतको बजार छैन भन्न मिल्दैन । हामीलाई त चलचित्रमा संगीतकारका रूपमा काम गर्न पाउँदा खुसी लागेको छ । यो हाम्रा लागि अवसर र चुनौती दुवै हो ।

**चलचित्रमा लागेपछि अन्य गीत त कम हुन्छ होला नि ?**

हामी जे गर्छौं संगीतकै क्षेत्रमा काम गर्छौं । चलचित्रतिर लाग्दैमा अरू गीत गाउनै छाड्ने होइन, भर्खरै मात्रै पनि लिम्बू संस्कृतिमा आधारित पालम गायौं । अरू गीत पनि गाउने योजनामा छौं । आधुनिक पप सबै खाले गीतलाई निरन्तरता दिन्छौं ।

**कमाइ कस्तो हुँदो रहेछ ?**

अंक नै नभनौं तर हामीले आफ्नो श्रमको मूल्य पाएका छौं ।

**आधुनिक एल्बम नचलेपछि संगीतका अरू विधातिर लाग्नुभएको हो ?**

गीत नचलेर, कामै नपाएर अरू विधामा लागेको त हैन, तर आधुनिक गीतको बजार अरू गीतको तुलनामा साँघुरो छ । लोक र पपको तुलनामा आधुनिक एल्बम कमै बिक्छन् । यसो भन्दैमा हामी आधुनिक गीतलाई माया मार्न सक्दैनौ ।



# कुटुम्ब इज कुल

पोखरा– लामो कपाल । लवाइ पनि उच्च खानदानको जस्तै । खुम्चाएर बनाइएको पाइन्ट, कन्भर्स जुत्ता । काठमाडौं महाबौद्धका रशिल पलान्चोकीले पछाडि भिरेको झोलामा के हाला ? 'आइ पोड, मिनी डिस्क वा गर्लफेन्डलाई दिन लागेको गिफ्ट' । यही सोच्नुभयो भने तपाईं गलत सावित हुनुहुन्छ । अचम्म लाग्ला, रशिलको झोलामा सारङ्गी छ भनेको सुन्दा, तर यथार्थ यही हो । उनले सारङ्गी मात्र भिर्दैनन्, झलकमान गन्धर्बको कालजयी गीत 'आमाले सोध्लिन् नि कै छोरा भन्लिन..' को धुन पनि निकाल्छन् ।

रशिलजस्तै काठमाडौंका सात जना युवा मिलेर अहिले कुटुम्ब नामक ब्यान्ड खोलेका छन् । आधुनिक वातावरणमा हुर्किएका उनीहरू गिटार र ड्रम हैनकी, नेपाली लोकबाजाहरू बजाउँछन्, तर गीत भने होइन । यस्ता खाइलाग्दा मान्छेले कसरी लोकबाजा समाउन पुगे त ? रशिलले रहस्य खोले- 'लोकबाजासित माया बस्यो ।'

काठमाडौंकै भूषण शिल्पकार ब्यान्डका म्यानेजर हुन् । पेसाले इन्टरनेटमार्फत खोलिने वेबसाइड बनाउने यी तन्नेरीलाई मादल, टुङ्गा र सारङ्गी बजाउनेहरू सँगको सँगत कस्तो लाग्दो हो त ? 'उनीहरूको वेब बनाउँदा सँगत भयो । साइड हेरे । अपडेट नगरेको । जे पाए त्यही गरेजस्तो यिनीहरूले, ' रशिलतिर हेर्दै भूषणले बताए- 'पछि बाजा सुन्दा त मज्जा लाग्यो । दुई वर्षको सँगतमा आफैं म्यानेजर भइयो ।'

अब कुरा गरौं अर्का गुरुङ ठिटा अरुणको । उनको कामचाहिँ ब्यान्डमा साउन्ड सिस्टम हेर्नु हो । प्रायः लाहुर जान्छन् गुरुङ समुदायका व्यक्तिहरू, तर उनी लाहुरे नभई लोकबाजा संवर्द्धनमा लागेकोमा गर्व गर्छन् । कहिलेकाहीँ बोर लाग्दो हो ? फरासिला अरुणले जवाफ दिए- 'त्यस्तो हैन, ' फेरि एकछिन अकमकाएर भने– 'बोर लागेको बेला छाडुँला ।'

चार वर्षअघि स्थापना भएको कुटुम्बले करिब सयवटा स्टेज सो दिइसकेको छ । काठमाडौंबाहेक, पाल्पा र भारतमा समेत । भारतमा भएको साउथ एसियन युनिभर्सिटी युथ सम्मेलनमा पनि बजाए उनीहरूले- नेपाली लोकबाजा । काठमाडौंमैके.यु.का ठिटाठिटीको निम्तो पनि स्वीकारेर कार्यकम गरे ।

अचम्मलाग्दो कुरा । ब्लुज, र्‍याप र रकका फ्यानहरू कसरी थामिए उनीहरूको सँगित मात्र सुन्न ? उत्तर दिन भूषण हौसिए- 'कुटुम्ब इज कुल' । लोकबाजा भन्नैबित्तिकै बोर सम्झने नयाँ पुस्तालाई त्यस्तो 'फिलिङ' नहुने बनाउँछौ हामी ।'

'हामी ड्रेस अपदेखि बोलीचालीसम्ममा ध्यान दिन्छौं । बोली पनि नेपाली र अंग्रेजी मिसाएर बोलेकै छौं । टाउको पनि हल्लाउछौं' आफ्नो दाबी पुष्टि गर्न उनले भने ।

नेपाली बाजा बजाउने भन्नेबित्तिकै तपाईं कसलाई सम्झनुहुन्छ ? उल्टै प्रश्न गरे । फेरि आफैं उत्तर पनि– 'सुर-सुधा' । अलि बोलक्कड लाग्ने भूषणले थपे- 'नेपाली लोकबाजा बजाउने समूह भन्नेबित्तिकै झ्याउ लाग्ने इमेज युवाहरूमा नपरोस् भन्नेमा हामी सचेत छौ ।' ज्यामाण्डुमा पनि हुन्छ उनीहरूको प्रस्तुति । रक ब्यान्ड 'अभय एन्ड स्टिम एन्जल्स' को गीतमा पनि कुटुम्बले संगीत दियो । 'फ्युजन' हैन रे त्यो । अरुण भन्छन्- 'नेपाली बाजाबाटै रक धुन निकाल्न सकिन्छ भन्ने शन्देश दिएका छौं हामीले ।'



चार वर्षदेखी लोकबाजा बजाउन थालेका कुटुम्बका ठिटाहरूले बुझेका छन्- आखिर रै'छ श्रीकृष्ण एक भनेर, अर्थात् पैसा । त्यसको जोहो पनि गर्न सिकिसकेका छन् उनीहरूले । जनतालाई निःशुल्क संगीत सुनाउँछन् उनीहरू । ठूला कर्पोरेट हाउसको नयाँ उत्पादन 'लन्च' गर्ने कार्यक्रममा भने पैसा लिन्छन् । त्यसैले चल्छ खर्चबर्च । हालै मात्र सोनी कम्पनीको टेलिभिजन लन्चिङ कार्यक्रममा पनि कुटुम्बलाई निम्ताइयो ।


संगीत मात्रै दिने उनीहरू गीत भने गाउँदैनन् । 'गीत गाउने स्वर पनि छैन, लेख्न पनि आउँदैन,' सुरुमा ठट्यौली जवाफ दिएका भूषण सिरियस भए- 'संगीत बुझ्न भाषा बुझ्नु पर्दैन, त्यसैले हो ।' कुटुम्बको कार्यनीति र रणनीति दुवैमा गीत गाउने कुरा उल्लेख छैन, तर निरन्तरताको क्रम भङ्ग हुने छाँट पनि देखिँदैन उनीहरूको व्यवहारबाट ।

रशिलले भने- 'कम्तीमा पनि नयाँ पुस्ताले लोकबाजा बजाउने होइन, चासो मात्र दिऊन् । त्यति भए पुग्छ ।'

**त्रिभुवन पौडेल**

## चलचित्र

### एट्टी एट मिनेट




हलिउड चलचित्र उद्योगमा यो साता चलचित्र 'एट्टी एट मिनेट' सार्वजनिक भयो। अचम्म खालको कथामा तयार भएको यो चलचित्रले राम्रै व्यापार गर्न सक्ने समीक्षकहरूले बताएका छन्। चलचित्रमा डा. ज्याक ग्राम नामका पात्र प्रमुख भूमिकामा देखिएका छन्। डा. ग्राम कलेज प्रोफेसर हुन्छन्, उनी एफबीआईका प्रमुख मनोचिकित्सक पनि हुन्छन्। एक दिन अचानक डा. ग्रामले आफ्नै हत्या हुने धम्की पाउँछन्। धम्कीमा उनी ८८ मिनेट मात्र बाँच्ने कुरा उल्लेख गरिएको हुन्छ। कसले किन यस्तो धम्की दियो भनेर ग्राम आफ्नो सीप र योग्यताले भ्याएसम्म अनुसन्धान गर्छन्। उनले केही व्यक्तिमाथी शंका पनि गर्छन्। धम्कीपछिको ८८ मिनेटको समयावधिभित्रका रोमाञ्चक घटनालाई चलचित्रमा प्रस्तुत गरिएको छ। १ घण्टा ४८ मिनेट लामो यो चलचित्रमा डा. ग्रामको हत्या हुन्छ-हुँदैन हेर्न दर्शकले चलचित्र हलसम्म पुग्नैपर्छ। यो चलचित्रमा अल प्याकिनो, एलिसिया विट, लिली सोविइस्की, निल म्याकडन, वेन्जामिन म्याकेन्जी आदिले अभिनय गरेका छन्। जोन एभनेटले निर्देशन गरेको यो चलचित्र थ्रिलर बेसमा तयार भएको छ।

### सिर्फ लाइफ लुक्स ग्रीनर अन द अदर साइड



मनीषा कोइराला अभिनीत चलचित्र 'सिर्फ लाइफ लुक्स ग्रीनर अन द अदर साइड' आज सार्वजनिक हुँदैछ। बलिउडमा नयाँ नायिकाहरूको आगमनसँगै लगभग विस्थापित भैसकेकी मनीषा लामो समयको अन्तरालमा यो चलचित्रमा देखिएकी छिन्। राजकुमार सन्तोषीका साथमा रहेर सहायक निर्देशकका रूपमा चाइना गेट, पुकार, लज्जा आदि चलचित्रमा काम गरेका रजतेश नायरले यो चलचित्रलाइ निर्देशन गरेका छन्। चलचित्रमा चारवटा जोडीको जीवनशैली प्रस्तुत गरिएको छ। चार जोडीमा केके मेनन-मनीषा कोइराला, रणवीर शौरी-सोनाली कुलकर्णी, प्रवीण दबास-रितुपर्णा सेनगुप्ता तथा अंकुर खन्ना-नौहीद सायरसी छन्। समाजमा अलग-अलग धरातलमा जीवन बिताइरहेका यी चार जोडीको जिन्दगीमा केही न केही दुःख छ। कसैसँग पैसा छ तर माया-प्रेम छैन, कसैसँग माया-प्रेम छ, तर पैसा छैन। त्यस्तै एउटा जोडीमा आपसी विश्वास समाप्त भएको छ भने अर्को जोडीमा एक अर्काका लागि समय छैन। जिन्दगीको यात्राकै क्रममा एउटा मोडमा यी चारवटै जोडीको जम्काभेट हुन्छ, त्यसपछि चलचित्रले रोमाञ्चक मोड लिन्छ।

## न्युयोर्कमा नयाँ वर्ष



**न्युयोर्क, अमेरिका–** मौसम न जाडो थियो, न त गर्मी नै, तर जब कार्यक्रम हलभित्र दर्शकको भरिभराउसँगै कलाकारको प्रस्तुतिले दर्शकहरूलाई तताउँदा पसिनाको भेल बगेर लगाएका कपडाहरू पातलिँदै गएको थियो। अमेरिकामा बसोबास गर्दै आएका नेपालका स्थापित कलाकारहरूको प्रस्तुतिमा कतै लोकगीत, अनि देशप्रमी गीत, अधुनिक, पप, व्यङ्ग्य गीतले के तन्नेरी, के केटाकेटी सबैलाई उत्तिकै तताएको थियो।

केही समयसम्म कुनै पनि कार्यक्रममा नदेखिएका कलाकार राजु लामा एकाएक उक्त कार्यक्रममा देखिएपछि दर्शकहरूको ताली पाएका थिए। उनले दर्शकमाझ आफ्नो बिल्कुलै नयाँ गीत प्रस्तुत गरेका थिए। त्यसैगरी उनले आफ्ना पुराना गीतहरू प्रस्तुत गर्दा दर्शकहरू नाच्न तछाडमछाड गर्दा धकेलाधकेलसमेत हुन पुगेको थियो।

त्यसैगरी सपनाश्रीले सेन्टिमेन्टल गीत प्रस्तुत गर्दा दर्शकहरू मौन देखिएका थिए। कार्यक्रममा रतन सुवेदीको प्रस्तुतिले दर्शकलाई पेट मिची-मिची हाँस्न बाध्य बनाएका थियो भने उनले अमेरिकामा भोगेका नेपालीहरूका समस्याका बारेमा पनि व्यंग्य गीत प्रस्तुत गर्दा दर्शकहरू हाँसोले उतेजित बनेका थिए। उक्त कार्यक्रममा कलाकार हरिश माथेमा, सन्जोग लामाका साथै न्युयोर्कमा रहेका अन्य नेपाली कलाकारहरूको नृत्यले पनि दर्शकहरूलाई पर्याप्त मनोरञ्जन दिएको थियो।

**–विष्णुप्रसाद पौडेल**

## पहिलो विश्व



### प्रथम महिलाको नग्न तस्बिर बिक्री

फ्रान्सका राष्ट्रपति निकोलस सार्कोजी अहिले आफ्नी प्रेमिकाका कारण चर्चामा छन्। उनको व्यवहार फ्रान्सको कूटनैतिक क्षेत्रलाई बल दिनेभन्दा आफ्नो प्रेमलाई ग्ल्यामरस बनाउनेतर्फ केन्द्रित भएपछि अहिले फ्रान्सेलीहरू पनि छक्क परेका छन्। सेसिलिया सिगार्नेसँगको ११ वर्षे वैवाहिक सम्बन्ध तोडेर पूर्वमोडल कार्ला ब्रुनीसँग सम्बन्ध गाँसेपछि सार्कोजीले आफ्नो प्रेमलाई अन्तर्राष्ट्रियकरण गर्न केही देशको भ्रमणमा उनलाई सँगै लगेका थिए। फ्रान्सको सुपर मोडल रहँदा उतिसारो चर्चा नपाएकी ब्रुनी अहिले राष्ट्रपतिको सान्निध्यता पाएर पहिलो महिला भएपछि बढी चर्चित छिन्। मोडल हुँदा उनले खिचाएका नग्न तस्बिर अपेक्षा गरेभन्दा २० गुणा बढी मूल्यमा बिक्री भयो। ब्रुनी मोडेल हुँदा फोटोग्राफर माइकल कोमेटले सन् १९९३ मा खिचेका तस्बिरहरू लिलाम गराउँदा क्रिस्टियनले ३ हजारदेखि ४ हजार डलरमा बिक्री गर्ने अनुमान गरेका थिए, तर नाम गोप्य राख्न चाहने क्रेताले ९१ हजार डलरमा ब्रुनीका नग्न तस्बिरहरू खरिद गरे। न्यूयोर्कमा भएको उक्त लिलामीमा आफ्नी प्रेमिकाको तस्बिर बिक्रीप्रति सार्कोजीले कुनै प्रतिक्रिया जनाएका छैनन्। ब्रुनीको तस्बिरप्रति सञ्चारगृह तथा अन्तर्राष्ट्रिय चासो बढेको थियो। लिलाम गृहले उक्त तस्बिर बिक्रीबाट भएको फाइदा स्वीजरल्यान्डको एक च्यारिटीलाई दिनेछ, जसले उक्त रकम विकासशील राष्ट्रमा खानेपानीको सुधारको क्षेत्रमा प्रयोग गर्ने भएको छ।




### साहसी आमा

स्पेनको सेराडिल्ला डेल आरोयोका स्थानीय सात जना आमाले देखाएको अद्भुत् प्रयासको अहिले विश्वभर प्रशंसा भैरहेको छ। उनीहरूको गाउँमा स्कुल थिएन, जसका कारण उनीहरूका सात जना सन्तानले पढ्न पाएनन्। आफ्ना सन्तानले पढ्न नपाउने देखेपछि आमाहरूले संवेदनशील अंगलाई कुनै वस्तुले छोपी नग्न अवस्थामा तस्बिर खिचेर रकम संकलन गर्न क्यालेन्डर प्रकाशन गरे। यो क्यालेन्डर यसरी बिक्री भयो कि उनीहरूले ५ हजार प्रतिबाट १६ हजार डलर संकलन गरे। यो क्यालेन्डरको माग कायमै छ।

**तस्बिर सौजन्य : एसोसिएसिनो टेरा अल्वा**

### महिलालाई पनि भियाग्रा





यौनमा कमजोरहरूलाई लक्षित गरेर फाइजर कम्पनीले करिब एक दशकअघि बजारमा भियग्रा ल्याउँदा त्यसले सनसनी मच्चाएको थियो। वृद्ध अवस्थामा पनि युवा जोस निकाल्न सफल भएका कारण भियग्राले लोकप्रियता पाएको थियो। यो सफलतापछि महिलाहरूले आफ्ना लागि पनि पुरुषको जस्तै भियग्रा बनोस् भनेर अनुरोध गरेका थिए। निर्माताहरूले महिलाहरूको चाहनाको कदर गर्दै करिब पाँच वर्ष प्रतीक्षा गर्न अनुरोध गरेका थिए, तर त्यसको एक दशकपछि यौनमा निराश महिलाहरूलाई लक्षित गरेर 'पिंक भियग्रा' निर्माण भएको छ। सन् २००५ मा परीक्षण गर्दा यसले महिलाहरूमा यौन उत्साह जगाएको पाइएको थियो। परीक्षणमा ३ हजार महिला सहभागी थिए। अनुसन्धानमा 'पिंक भियग्रा'ले सफलता पाएको थियो। यसका नकारात्मक गुणहरूको अनुसन्धान भने अझै भैरहेको छ। निर्माता कम्पनीका अनुसार 'पिंक भियग्रा' सन् २००९ देखि बजारमा आउन सक्छ।

### अन्त्यमा..

प्रेममा कोही पनि नराम्रा हुँदैनन् भन्ने भनाइ चलेको वर्षौं भैसक्यो, तर प्रेमको विषयमा जर्मन सबैभन्दा नराम्रा हुन्छन् भन्ने कुरा हालै गरिएको एक सर्वेक्षणले देखाएको छ। विभिन्न देशको भ्रमणमा निस्कने युवतीहरूमा केन्द्रित भएर



सर्वाधिक नराम्रो प्रेमी कुन देशको हो भनेर वाएन डटकमले गरेको सर्वेक्षणमा उक्त नतिजा निस्किएको हो। नतिजामा अधिकांश युवतीले जर्मन प्रेमीलाई स्वार्थीको संज्ञा दिएका छन्। ५० देशका १० हजार युवतीमा गरिएको सर्वेक्षणअनुसार जर्मनपछि खराब व्यवहार गर्ने प्रेमीमा स्वीडिस छन्। यसैगरी टर्कीका प्रेमीहरू शरीरबाट बढी पसिना निकाल्ने खालका हुन्छन् भनिएको छ भने ग्रीकका प्रेमीको शरीरबाट गन्ध आउने र रूसीहरूको शरीरमा बाक्लो केश हुने कुरा सर्वेक्षणमा सहभागी युवतीहरूले जनाएका छन्। सर्वेक्षणमा इटालियनहरू सर्वाधिक राम्रा प्रेमी साबित भए।

## सानो पर्दा

**एकताका** राजधानीमा साताजसो आयोजना हुने ब्युटी कन्टेस्ट अर्थात् सौन्दर्य प्रतियोगिताहरू हुन छाडेका छन्। प्रतिकूल समय-परिस्थितिका कारण देखाउँदै आयोजकहरू त्यस्ता कार्यक्रमहरू गर्न चाहिरहेका छैनन्। अहिले दर्शकहरू पनि घरमै बसेर टेलिभिजनका कार्यक्रमहरू हेर्दै मनोरञ्जन लिन पल्किएका छन्। यही कुरालाई विचार गरेर इमेज च्यानलले निकट भविष्यमा टेलिभिजनमै ब्युटी कन्टेस्टको आयोजना गर्दैछ। हाल सहभागिताका लागि आवेदन दिने क्रम सञ्चालन भैरहेको उक्त कन्टेस्टको शीर्षक 'एक्टिभ मेघा मोडल' राखिएको छ। जसमा अविवाहित युवतीहरूले भाग लिन सक्नेछन्। सहभागिताका लागि साइबर संसार डटकम र ई-नशा डटकमबाट फारम डाउनलोड गरेर भर्न सकिनेछ। टेलिभिजनको पर्दामा उक्त प्रतियोगितालाई अडिसन राउन्डदेखि लगातार श्रृंखलाका रूपमा प्रसारण गर्दै जाने इमेज च्यानलको योजना छ।

**कान्तिपुर** टेलिभिजनबाट प्रसारण भैरहेको हास्य धारावाहिक 'घरभेटी बा' मा एक अमेरिकी युवती पनि देखिन थालेकी छिन्। अमेरिकाको अलास्का राज्यकी एड्रेलाई उक्त श्रृंखलामा अलिशाको चरित्रमा देखाउन थालिएको छ। धारावाहिकका निर्देशक तथा नायक नवराज आचार्यका अनुसार उनले चरित्रमा सुहाउने अभिनय गरेकी छिन्। एक प्रोजेक्टको कामको सिलसिलामा विगत छ महिनादेखि नेपाल बस्दै आएकी एड्रे राम्रोसँग नेपाली बोल्छिन्। धारावाहिकका कारण आफू परिचित हुँदै गएकोमा एड्रे निकै खुसी छिन्। उक्त धारावाहिकमा उनीहरूका अतिरिक्त राजु याकचा, जेनिषा मोक्तान, सविन श्रेष्ठ आदिले पनि अभिनय गरिरहेका छन्। यसबीच निर्देशक आचार्य अर्को रमाइलो टेलि धारावाहिक 'कलेज' को निर्देशन गर्ने पूर्वतयारीमा जुटेका छन्।

**एनटिभी** टुमा हरेक दिन साँझ छ बजेदेखि सात बजेसम्म प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'डायल द नम्बर' ले नयाँ सञ्चालिका पाएपछि कार्यक्रमले अझ चर्चा पाइरहेको उक्त कार्यक्रमका सञ्चालक तथा निर्माता सोनाम पाखिनले बताएका छन्। दुई वर्षअघिदेखि कार्यक्रमलाई सोनाम र सञ्जु घलेले संयुक्त रूपमा सञ्चालन गर्दै आए पनि गत तीन महिनादेखि सञ्जुको स्थानमा ऋचा पालिखे सञ्चालिका भएकी छिन्। दर्शकबाट प्रत्यक्ष टेलिफोनमा कुराकानी गर्दै उनीहरूले रोजेको म्युजिक भिडियो प्रसारण गरिने उक्त कार्यक्रमको सेट डिजाइन पनि परिवर्तन गरिने सोनामले बताए।



## साताको स्वर



### सञ्जय किशोर

**रुमाल लुकाई–लुकाई खेल्दा तिमी....**

**कस्तो प्रकारको गीत हो ?**
यो सफ्ट रक पप गीत हो। ट्राजिक मुडमा गाइएको यो गीतमा युवकले पुरानो प्रेमकथालाई सम्भिmएको छ।

**यो गीतको भाव कस्तो छ ?**
गीतमा युवकले पुरानो बाल्यकाललाई सम्भिmएको छ, त्यस बेलाको रमाइलो वातावरण अहिले नभएकाले ऊ खिन्न छ, युवकले वास्तविक प्रेम गरे पनि प्रेमिकाले साथ नदिँदाको पीडाले उसले आफूलाई असफल प्रेमीको श्रेणीमा राखेको छ।

**गीतका लक्षित श्रोता को हुन् ?**
गीतलाई किशोर-किशोरीहरूले बढी मन पराएका छन्। प्रेममा चोट पाउनेहरूका लागि त यो गीत अझ बढी मन पर्न सक्छ। राम्रो गीत सुन्ने सबै श्रोतालाई लक्षित गरेको छु।

**गीतको प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
एकदमै राम्रो छ, मलाई यो गीतले दर्शक-श्रोतामाझ अझ परिचित बनाइदिएको छ। हौसला बढेको छ।

**म्युजिक भिडियो कस्तो लाग्यो ?**
राम्रो लाग्यो। विशेष गरी मोडलहरूको अभिनय राम्रो छ। गीतअनुसारकै भिडियो बनाइदिएकोमा निर्देशक आलोक नेम्वाङप्रति आभारी छु।

**आफ्नो** बेलामा चर्चामा आएका र हाल पनि युवा संगीतकर्मीहरूका लागि प्रेरणाको श्रोत मानिएका ड्रमर देव राना, बेस गीतारिस्ट सुवर्ण लिम्बू, लिड गितारिस्ट तथा गायक दीपक थापा र किबोर्डवादक चन्द्र गोर्खालीले नयाँ पुस्ताका संगीतकर्मीलाई फरक ढंगबाट पनि सहयोग गर्न सक्छन्। यसैको उदाहरण उनीहरूले गायक आकाश गोर्खालीमार्फत प्रस्तुत गर्दैछन्। गायक गोर्खालीको दोस्रो एल्बम 'एगोनी'मा समावेश स्लोरक विधाको गीत 'हेर तारा फेरि उदायो'को म्युजिक भिडियोमा उनीहरू ब्याकअप ब्यान्डका रूपमा प्रस्तुत हुँदैछन्। गायक गोर्खालीले साज द मल्टिमिडियामार्फत निर्माण गरिएको म्युजिक भिडियोमा ती चर्चित कलाकारलाई प्रत्यक्ष देखाउन पाउने भएकोमा आफू हर्षले गदगद भएको बताए।

**गायक** सुनिल सिंह ठकुरीले आफ्नो जन्मदिनलाई पनि एल्बम प्रचारका लागि उपयोग गरे। तीन महिनाअघि सार्वजनिक भएको एल्बम 'क्रेजी ह्याट'को पहिलो म्युजिक भिडियो निर्देशन ठकुरी आफैंले गरेका थिए। अब फेरि उनले एल्बममा समावेश अर्को गीत 'वाचा तोड्यौ तिमीले'को म्युजिक भिडियो पनि आफैं बनाएका छन्। उक्त म्युजिक भिडियोलाई हालै उनले आफ्नो जन्मदिनको उपलक्ष्यमा केक काट्दै सार्वजनिक गरे। कार्यक्रममा गायक अनिल सिंह अतिथि तथा सहयोगीका रूपमा उपस्थित थिए।

**'सिमसिमे** पानीमा' लोकदोहोरीलाई झन्डै पन्ध्र वर्षपछि आफ्नै स्वरमा रिमिक्स गरी चर्चामा आएकी गायिका रेखा शाहले आफूलाई लोकगीतकी गायिका मात्रै नभएको प्रमाणित गर्ने जमर्को गरेकी छिन्। आफूलाई 'भर्सटाइल सिंगर'का रूपमा चिनाउन रेखाले निकट भविष्यमा पप तथा आधुनिक गीत समेटिएको एल्बम बजारमा ल्याउँदैछिन्। विगत दुई वर्षदेखि गुरुदेव कामतसँग शास्त्रीय गायनको प्रशिक्षणसमेत लिइरहेकी गायिका शाहको एल्बममा राजु सिंह, बिजु बज्र, सत्यराज र स्वरूपराज आचार्य, उदय सोताङ, राम थापा, जबिक आदिको संगीत रहनेछ भने एल्बमका गीतहरूलाई भूपेन्द्र खड्का, आनन्द अधिकारी, नवराज लम्साल आदिले रचेका छन्। उक्त एल्बम आफ्ना लागि टर्निङ प्वाइन्ट हुने शाह बताउँछिन्।

**चितवनका** गायक संजय चौधरीले आफ्नो पहिलो एल्बममा 'वेस्टर्न प्याटर्न'को हाइस्केल गीत गाएका छन्। फरक शैलीको स्वरका धनी यी गायकको बजारमा सार्वजनिक हुन लागेको एल्बम 'विकल्प'मा उनकै रचना र संगीत छ, जसलाई नाम चलेका केही संगीतसमूहसँग आबद्ध संगीतकर्मीहरूले एरेन्ज गरेका छन्। एल्बममा समावेश एउटा गीतमा उनलाई गायक सुदीप गिरीले साथ दिएका छन्।

**आफूले** रचेका गीतहरू रेकर्ड गराई एकल एल्बम निकाल्ने दौडमा गीतकार कोमल सयपत्री पनि सामेल भएकी छिन्। गीतकार सयपत्रीको एकल एल्बम केही समय भित्रै रियाज म्युजिकले बजारमा ल्याउँदैछ, जसमा संगीतकार बिजु बज्रको एकल संगीतमा गायक-गायिकाहरू राजेश पायल राई, अरुण कार्की, रेश्मा सुनुवार, हेमन्त राना, संजय किशोर, इन्दिरा ज्योति आदिले स्वर दिएका छन्।

**कहिलेकाहीं** लोकप्रिय गीत गाउने गायक-गायिकाहरू पनि पर्याप्त चर्चा नपाएर अलपत्र पर्छन्। यसैको पछिल्लो उदाहरण गायक प्रेम लामा हुन्। पहिलो एल्बमबाट चर्चामा आएका तथा चर्चित गीत 'सानु म..'का गायक प्रेम लामाको पहिलो एल्बम सार्वजनिक भएको चार वर्षको अन्तरालमा पनि दोस्रो एल्बम ननिस्किएपछि उनलाई श्रोताले पनि लगभग बिर्सने अवस्था आइसकेको छ। यद्यपि दोस्रो एल्बम तयार भएको दुई वर्ष बितिसक्दा पनि दोस्रो एल्बमचाहिँ निस्किएन। 'धौंलागिरि क्यासेट सेन्टरबाट एल्बम निकाल्ने अन्तिम तयारी भैरहेको थियो, तर कन्ट्र्याक्ट अवधि सकिएपछि पनि एल्बम निस्किएन। किन निस्किएन भन्ने कुरा म आफैंलाई थाहा छैन,' -गायक लामाले आफ्नो पीडा ओकलेका छन्। यद्यपि उनी त्यो पीडा बिर्सेर नयाँ गीति एल्बमको रेकर्डिङको अन्तिम चरणमा पुगेका छन्। प्रेम अब भने पहिलेको भन्दा बढी चर्चा पाउने धुनमा छन्।

**गायक** क्रान्ति आले पनि चलचित्रमा नायक हुने भएका छन्। निकट भविष्यमा निर्माण हुन गैरहेको चलचित्र 'दृष्टि'मा गायक आलेलाई नायकका रूपमा देख्न पाइनेछ। उक्त चलचित्रमा गायक आले एक दृष्टिविहीन युवकको मुख्य भूमिका निर्वाह गर्दैछन्। चलचित्रमा द्वन्द्व गर्नुपर्ने भएकाले आलेले द्वन्द्वको प्रशिक्षण पनि लिइसकेका छन्। राजन राईले निर्देशन गर्ने उक्त चलचित्रका लागि गायिका सिनी गुरुङ, कन्काइस्ट राई तथा जीएक्स सोलसहित नायक आलेले पनि स्वर दिने भएका छन्।

**चर्चित** रक समूह '१९७४ एडी'का सदस्यहरू अलग हुने वा समूह टुक्रिने हल्ला चलिरहेको बेला समूहका गितारिष्ट मनोज केसीले उक्त हल्लालाई गलत बताएका छन्। उनले समूह टुक्रिने सम्भावना शून्य प्रतिशत पनि नरहेको देखा परेका छन्। समूहका ड्रमर तथा गायक एडरिन प्रधान र गितारिस्ट तथा गायक फिरोज साङ्देनले एकल एल्बम बजारमा ल्याएपछि उक्त हल्ला चलिरहेको थियो। केसीले छिट्टै सिक्किममा आयोजना हुन गैरहेको कन्सर्टमा समूह सहभागी हुन जान लागेको बताउँदै नेपाली सुपरहिरोका बारेमा बनाउन लागिएको एक चलचित्र 'नेपालीम्यान'का लागि एउटा गीत तयार गरिरहेको पनि जानकारी दिए।

**केही** वर्षअघि महिलाहरूको रक समूह 'स्पार्कल ब्यान्ड' चर्चामा आएर हरायो। 'मलाई फ्रिडम चाहिन्छ' रक गीतबाट उक्त समूहकी गायिका उमा राजभण्डारी तथा सदस्यहरू चर्चामा आएका थिए। केही वर्ष हराएपछि समूहकी गायिका उमा अब उमा श्रेष्ठका रूपमा एकल एल्बम निकाल्ने तयारीमा जुटेकी छिन्। समूहको चर्चित गीत 'मलाई फ्रिडम चाहिन्छ'लाई रिमिक्स गरी आफ्नो एल्बममा समावेश गर्नक उक्त गीतको रि-रेकर्डिङ गरिएको छ। गीतको मुखडामा रहेको शब्दबाहेक सबै शब्द नयाँ छन्। जसलाई गीतकार भूपेन्द्र खड्काले रचेका छन्। जेम्स प्रधानले रिएरेञ्ज गरी तयार पारेको उक्त गीतमा प्रधानले नै र्‍याप गाएका छन्।

**पोखराको** एफएम रेडियो अन्नपूर्णले आफ्नो वार्षिकोत्सवको अवसर पारेर 'दोस्रो अन्नपूर्ण म्युजिक एवार्ड'को आयोजना गर्ने भएको छ। जेठको पहिलो साता पोखरा सभागृहमा आयोजित गरिने उक्त एवार्ड वितरण कार्यक्रमका लागि 'यो हो प्रतियोगिता, असल संगीत अभियानमा तपाईंको सहभागिता' नारा दिइएको छ। गत वर्ष २० वटा विधागत पुरस्कार वितरण गरिए पनि यो वर्ष त्यसलाई घटाएर १४ वटा विधामा सीमित गरिएको छ।

**गायन** तथा संगीतमा बालगायकहरूको संख्या बढ्दो छ। यसै क्रममा १४ वर्षका गायक मनीष थापा पनि एल्बम बजारमा ल्याउने तयारी गरिरहेका छन्। मनीष अहिले एल्बममा समावेश गरिने एउटा देशभक्ति गीत 'नेपाल मेरो देश नेपालीको छोरो म'को रेकर्डिङ कार्य सकेर उक्त गीतको म्युजिक भिडियो बनाउने तयारीमा जुटेका छन्।

## अफबिट



**गायकबिना सुटिङ :** अमेरिकामा हराएका गायक राजु लामाको पछिल्लो म्युजिक भिडियो 'उस्तै उस्तै'मा अभिनय गर्दै मोडलहरु विनिता र कमल। तस्विर : फुर्सद डटकम

## लाइभ शो

-ललितपुरको पुल्चोकस्थित ललितपुर विशाल बजारमा आज शुक्रबारदेखि पर्सि आइतबारसम्म हरेक दिन बिहान ११ बजेदेखि साँझ ६ बजेसम्म 'न्यु इयर सेभ म्युजिक मेला' आयोजित हुँदैछ। टाटु, फेस पेन्टिङ, बिंगो, ज्याकपोट, भिडियो गेम, फुड फेस्टिभल, म्याजिक सो आदिका साथै लाइभ कन्सर्ट गरिने उक्त मेलामा संगीत कलाकारहरू मिग्मा शेर्पा, रेश्मा सुनुवार, आगन्तुक खरेल, दिव्य सुब्बा, सुमन श्रेष्ठ, रवि बज्राचार्य, इन्दिरा जोशी, सिनी गुरुङ, दीपक गौचन, प्रमोद निर्वाण आदिका साथै संगीत समूहहरू द स्याडोज, म्याडजोन, नेप्साइडेज, द किड सोल, इथोज आदिले विभिन्न गीतसंगीत प्रस्तुत गर्दैछन्। डिजे तान्त्रिकको डिजेइङमा डान्सपार्टी पनि हुने उक्त कार्यक्रमको प्रवेश शुल्क ५० रुपैयाँ राखिएको छ।

## नजिकबाट — सञ्जना श्रेष्ठ

| | |
|---|---|
| जन्ममिति | : कात्तिक १८ |
| घरमा बोलाउने नाम | : सञ्जु/नानु |
| नामको अर्थ | : सम्झना हो कि ? |
| परिचय | : गायिका |
| जन्मस्थान | : चितवन |
| रुचि | : सपिङ र स्विमिङ |
| प्रकाशित एल्बम | : एउटा |
| सांगीतिक गुरु | : कोही छैन |
| नजिकका साथी | : दिपंकर मलेकु |
| मनपर्ने परिकार | : ब्ल्याक फोरेस्ट केक |
| पकाउन जानेको परिकार | : मिट करी |
| मनपर्ने रंग | : कालो र सेतो |
| मनपर्ने पहिरन | : क्याजुअल |
| मनपर्ने मौसम | : जाडो |
| मनपर्ने खेल | : ब्याडमिन्टन, भलिबल |
| फुर्सदमा | : भ्रमण गर्ने र संगीत सुन्ने |
| मनपर्ने गीत | : तीता-मीठा सम्झनाले (रवि बज्राचार्यको) |
| रिस उठेको बेला | : आफ्नो अगाडि भएका सामान भताभुङ्ग पार्छु |
| मनपर्ने आफ्नै बानी | : सबैसँग खुलेर कुरा गर्ने |
| पहिलो गीत | : प्रियतम मेरो.. |
| पहिलो एल्बम | : स: |
| पहिलो चर्चित गीत | : तिमीसँग अन्तिमचोटि |
| सबैभन्दा बढी माया | : संगीतलाई |
| पहिलो बाजा | : हार्मोनियम |
| पहिलो प्रेम | : पहिलो प्रेम नै अधुरो रह्यो |
| पहिलो चुम्बन | : उनैसँग |
| राम्रो बानी | : अरूमाथि भर पर्दिनँ |
| नराम्रो बानी | : चाँडै रिसाउने |
| गोप्यकुरा | : मोडलिङ क्षेत्रमा प्रवेश गर्दैछु |
| अन्य प्रतिभा | : नाच्न आउँछ |



तस्विर : साइबर संसार डटकम

## ब्यान्ड बक्स — एन पी क्लिक




स्वदेशी युवाहरूले आफ्नो देशमा कुनै ब्यान्ड स्थापना गर्नु सामान्य नै हुन्छ, तर कुनै पनि युवाले विदेशमा नयाँ ब्यान्डको स्थापना गर्छ भने त्यसलाई नौलो कुराका रूपमा लिइन्छ। यस्तै नयाँ काम गरेका छन् अमेरिका गएका केही नेपाली युवाले। आजभन्दा ३ वर्षअघि अमेरिकाको न्युयोर्क सहरमा नेपाली युवाहरूले एन पी क्लिक ब्यान्ड स्थापना गरेका छन्। अमेरिकामा बसोबास गर्दै आएका प्रतीक वोन्याक्सले यो ब्यान्डको स्थापना गर्न प्रमुख भुमिका निर्वाह गरेका छन्। ब्यान्डको नामकरण पनि उनले नै गरेका हुन्। यो ब्यान्डको नेपाल र अमेरिकामा छुट्टाछुट्टै सदस्य छन्। ब्यान्ड स्थापना गरेको छ महिनापछि काठमाडौंका तीन जना पनि यो ब्यान्डमा सहभागी भएका थिए। हकिम, डिजे सोडा, हनुसले प्रतीक नेपाल आएको समयमा यो ब्यान्डमा सहभागी हुने मौका पाएका थिए।

एनपी क्लिक ब्यान्डले धरान, चितवन आदि विभिन्न ठाउँमा स्टेज सो गरिसकेको छ। रस आवर पहिलो एल्बम श्रोतासामु ल्याइसकेपछि अब छिट्टै दोस्रो एल्बम निकाल्ने तयारीमा यो ब्यान्ड छ। यो ब्यान्डले पारिश्रमिक कार्यक्रमको ढाँचा हेरेर लिने गरे पनि प्रायः स्टेज सोहरूमा १५ हजारको हाराहारीमा पारिश्रमिका लिएको ब्यान्डका गायक हकिम बताउँछन्। यो ब्यान्डका सदस्यहरू ब्यान्डबाहेक अरू क्षेत्रमा पनि संलग्न छन्। अमेरिकामा रहेका प्रतीक र उनका साथीहरू अध्ययनसँगै काम पनि गर्छन्। त्यस्तै हकिम रेकर्डिङ स्टुडियोमा व्यस्त छन्। बालमन्दिरमा भएको पहिलो स्टेज सोमा भएको भीड र श्रोताबाट पाएको मायालाई कहिल्यै बिर्सन नसक्ने हकिम बताउँछन्।

## कविता

### मान्छेले



भोग्न खोज्छन् सुन्दरी र सुरा मान्छेले
बुझ्न कठिन भैरहेछ त्यो कुरा मान्छेले
प्रेमकहानीको पर्दाभित्र चलखेल छ अनेक
मीठो वातसँगै किन चलाउँछ छुरा मान्छेले
समस्याले बेरिएका जिन्दगीका ती यात्राहरू
के गाँस्छन् टुक्रिँदै जाने यहाँ चुरा मान्छेले
हिँड्दै जाँदा अवरोधहरू कति आउँछन् रेसमको
प्रतिज्ञा त्यो कहिले गर्छन् पूरा मान्छेले ।

–रेसमकुमार सुनुवार


### मन गलेको छ



तिम्रै पीरले मन मेरो गलेको छ
यस्तै कुरा सोच्दा-सोच्दै मन त्यसै जलेको छ
पैले पैले पर्खाइमा शीत पनि खपेकै थिएँ
अचेलचाहिँ मनभित्र हुरी किन चलेको छ
आफैं भन्थ्यौं माया पाए जुन बनी साथ दिन्छु
झूटो रहेछ तिम्रो माया तर किन फलेको छ
जिन्दगीको किनारामा मनले ताप माग्दा
किन होला वसन्तले अझ फेरि छलेको छ
तिम्रै पीरले एकपटक मन मेरो गलेको छ ।

–सुरेश के. डी.

### मनको दूरी



टाढा-टाढा भएछ है तिम्रो-मेरो मनको दुरी
कहाँबाट चल्यो हाम्रो विश्वासमा हुरी
भुल्न नसकिने कल्पना छन् स्मृतिभरि
बिर्सन नसकिने माया छन् मेरो मनभरि
तिम्रो साथ पाउन मठ-मन्दिर धाएँ
पत्थरको मुटु रै'छ तिम्रो धेरै दुःख पाएँ
छिया-छिया पारी मुटु मैले तोड्नुपर्‍यो
ओइलाउँदै रूखबाट पातसरि झर्नुपर्‍यो
तिम्रो माया माना-पाथी मेरो थियो मुरी
कहाँबाट चल्यो हाम्रो विश्वासमा हुरी ।

–राजन थपलिया

## ठट्यौली प्रकाशसँग



एउटा व्यक्ति जिल्ला प्रशासन कार्यालय अगाडि कराउँदै थियो, भीड वरिपरि थियो। ऊ नागरिकता नपाएका कारण कराउँदै थियो।

'मेरो बाउ यही जिल्लाको, मेरो पढाइ, बसाइ सबै यही ठाउँमा भएको, मैले रीत पुऱ्याएर निवेदन दिएको छु, मैले नागरिकता प्रमाणपत्र किन नपाउने ?'

पछि बुझ्दा थाहा भयो दुवै कान देखिने पासपोर्ट साइजको तस्बिर चाहिने ठाउँमा ऊसँग त्यस्तो तस्बिर थिएन । उसको एउटा कान दाउरा लिन जंगल जाँदा भालुले चिथोरिदिएर चुँडालिदिएको रहेछ ।

०००

तीन मित्र घुम्न अमेरिका गए । उनीहरू बसेको होटल एक सय तलाको थियो । उनीहरू सत्तरीऔं तलाको कोठामा बसेका थिए । एक रात घुमघाम गरेर करिब तीन बजे होटल फर्कँदा रिसेप्सनिष्टले लिफ्ट बिग्रिएकाले सुत्ने व्यवस्था डायनिङ हलमा मिलाइएको कुरा जानकारी गरायो ।

'हुँदैन' तीनै मित्रले एकसाथ भने । 'हामी सिंढीबाटै गएर आफ्नै कोठामा सुत्छौं ।'

उनीहरू सिंढी चढ्न थाले ।

तीस तलासम्म पहिलोले गीतहरू सुनाएको सुनायै गऱ्यो त्यसपछि दोस्रोले अरू पैंतीस तला चढ्नजेल विभिन्न चुट्किला सुनायो ।

तेस्रोको पालोमा– 'अब त पाँच तला चढ्न मात्र बाँकी छ त्यसैले कुनै छोटो कथा सुना ।' साथीहरूले अनुरोध गरे ।

'म मेरो दुखान्त कथा मात्र दस सेकेन्डमा सुनाउँछु ।'

'कस्तो कथा ?'

'यार, हामीले रिसेप्सन-बाट कोठाको चाबी ल्याउन बिर्सिएका छौं।'

## लघुकथा

### श्रापित बैंस



मदन गाउँकै शिक्षितमध्येको एक थियो तैपनि जागिर खान सकिरहेको थिएन । बुबा-आमाको करले विवाह नगरी बस्न पनि सकेन उसले । आफ्नो सानोतिनो गर्जो टार्न घरमै आश्रित हुनुपर्ने अवस्था अनि विवाहको तेस्रो वर्ष पनि सन्तान नहुनाले ऊ श्रीमतीलाई 'अलच्छिनी' को संज्ञा दिन्थ्यो । बयर डाँडाको चौरस्तामा पानीसहितको खुट्टाका छापले कोही मानिस हिँडेको सजिलै अनुमान लगाउन सकिन्थ्यो । मदनको आँखा त्यही खुट्टाको छापमा पऱ्यो । त्यही छाप पछ्याउँदै उसले कौतूहलता घटाउने प्रयास गऱ्यो । पछ्यायो तर धेरै पछ्याएन किनभने त्यतिबेलासम्म पानी सहतिका खुट्टाका छापहरू विलीन भैसकेका थिए । सानो कुरामा ऊ डरायो, किनभने ती छाप कहाँ गए ?

उसको सोचाइमा वा परम्परागत कथनका आधारमा ऊ डराउनु स्वाभाविक थियो तर विज्ञानको सिद्धान्तका आधारमा उसको विचार साँघुरिएको थियो । ऊ चिच्यायो, करायो अनि जोडले पछारियो । पानी एकछिनमै सुक्छ भन्ने कुरामा किन विश्वस्त थिएन ऊ ? कि उसले मानसिक सन्तुलन गुमाएको थियो ? मदन अझ ठूलो स्वरमा खबरदारी गरिरहेको थियो । लाग्थ्यो, कुनै नारीले ठूलो कुठाराघात गरेकी छे । यस्तो अवस्था देखेर गाउँका मानिसले केरकार गरे । मदनको जवाफ थियो- नारी चुइङ्गम हो । यो विभिन्न स्वादमा पाइन्छ जस्तै- बनाना, स्ट्रबेरी, पाइनापल आदि । तन्काउँदा तन्किने र जस्तोसुकै आकारमा पनि परिवर्तन हुन सक्ने गुण चुइङ्गममा हुन्छ । मैले रस आउञ्जेल चुसें र रूखमा टाँसिदिएँ ।

–अनिल निरौला

## पारिवारिक स्वास्थ्य

आजको व्यस्त र बदलिँदो परिस्थितिमा विभिन्न कारणले डिप्रेसन हुन्छ । एक्लोपन, प्रेममा धोका, अध्ययन राम्रो नहुनु वा कसैले गाली गरेको खण्डमा डिप्रेसन उत्पन्न हुन्छ । डिप्रेसनकै कारण मानिसको ज्यान जान सक्छ । त्यसैले कतिपय युवा-युवतीले आत्महत्या गरेको खबर सुनिन्छ । देशमा होस् वा विदेशमा एक्लो भएका कारणले डिप्रेसनको सिकार हुने गरेको र डिप्रेसनलाई नियन्त्रणमा ल्याउन नसक्नाले आत्महत्या गरेको खबर पनि सुन्न आउँछ ।

बढ्दो प्रतिस्पर्धा, एक्लोपन, अरूभन्दा आफूअघि बढ्न खोज्नु, राम्रो गर्न खोज्नु आदि कारणले डिप्रेसन उत्पन्न गराएको छ । त्यसैले घर, अफिस, स्कुल, क्याम्पस कतै पनि मानिसलाई सन्तुष्टि प्राप्त हुँदैन । डिप्रेसनको सिकार भएको व्यक्तिमा पहिले भन्दा केही परिवर्तन आउँछ । ऊ कसैसँग नबोल्ने, चुप लागेर बस्ने हुन्छ वा उसको व्यवहारमा परिवर्तन आउन थाल्छ । यी परिवर्तनका कारण ऊ अरूबाट टाढा हुँदै जान्छ र उसको तनाव बढ्दै जान्छ ।

**डिप्रेसन कसरी हुन्छ ?**

सुख-दुःख भनेको घामछायाँजस्तै हो, जुन आउने जाने भैरहन्छ, तर दुःखको समय आवश्यकताभन्दा लामो भए त्यसले डिप्रेसनको रूप लिन्छ । जीवनका हरेक समस्यालाई विभिन्न व्यक्तिले भिन्दाभिन्दै तरिकाले सामना गर्छन् । कति आफ्नो समस्याको समाधान खोज्छन् भने कति समस्यालाई सहन सक्दैनन् र चिन्तित हुन थाल्छन् ।

सधैं उदास हुनु, कुनै पनि काम गर्न मन नलाग्नु, थाकेको अनुभव गर्नु, जीवन अर्थहीन लाग्नु, राम्रोसँग निद्रा नलाग्नु, स-साना कुरामा रिस उठ्नु, आफू स्वयंलाई नोक्सान पुऱ्याउनु, मर्ने कुरा गर्नु आदि डिप्रेसनका लक्षण हुन् । अरू पनि धेरै कुरा डिप्रेसनको सिकार भएका व्यक्तिका लागि महत्त्वपूर्ण हुन्छन् । जस्तै तनावग्रस्त व्यक्तिको पालनपोषण, अभिभावकहरूसँगको सम्बन्ध, बालबालिकाहरूमा परेको मानसिक आघात, अफिसमा कामको चाप, वैवाहिक जीवन, लामो समय बिरामी हुनु आदि ।

एउटा इन्स्टिच्युटद्वारा गरिएको अध्ययनअनुसार १५ वयस्कमध्ये १ जना व्यक्ति डिप्रेसनको सिकार बन्छ । जसअनुसार १ सयमा १० जना डिप्रेसनको सिकार बन्छन् र उनीहरूलाई चिकित्सकको सहयोगको आवश्यकता पर्छ तर बालबालिकाहरू पनि डिप्रेसनको सिकार भए सोच्नुपर्ने स्थिति आउँछ । बालबालिकाहरूमा डिप्रेसनको मुख्य कारण पढाइको बोझ, माया नपाउनु, गाली र पिटाइ बढी हुनु आदि हुनसक्छ ।

कतिपय गृहिणी पनि डिप्रेसनको सिकार हुन्छन् । उनीहरूलाई आफू सबैको काम सघाउने महिला भएको अनुभव हुन्छ । यस्तो समस्याको समाधान भने परिवारकै सहयोगबाट गर्न सकिन्छ । कतिपय महिला आफू कुशल आमा वा श्रीमती बन्न सकिन भन्ने सोचाइले पनि डिप्रेसनको सिकार बन्न पुग्छन् । यसैगरी घर र बाहिरको जिम्मेवारीका कारण पनि कतिपय पुरुषहरू डिप्रेसनको सिकार हुन्छन् ।

**कसरी छुट्कारा पाउने ?**

आफ्नो डिप्रेसनको समस्यालाई आफै समाधान गर्न सकिन्छ । आफ्नो समस्यालाई आफूले जति बुझ्न सकिन्छ त्यति अरूले बुझ्न सक्दैनन् । आफ्नो तनावलाई आत्महत्या नै गर्नुपर्ने ठूलो कुरा बनाउनुहुँदैन । तनावग्रस्त व्यक्तिका घरका सदस्यहरू तथा साथीभाइहरूले उसको तनावलाई जसरी भए पनि कम गर्नुपर्छ ।

बालबालिकाहरूका अभिभावकलाई उनीहरू कति सक्षम छन् भन्ने थाहा हुन्छ । त्यहीअनुरूप आफ्ना बालबालिकाबाट अपेक्षा गर्नुपर्छ । गर्न नसक्ने कुराको अपेक्षा उसबाट राख्नुहुँदैन । श्रीमान्जस्तै घरप्रति श्रीमतीको पनि समान जिम्मेवारी हुन्छ भन्ने कुरा डिप्रेसनको सिकार हुन लागेका महिलाहरूले बुझ्नुपर्छ । श्रीमान्ले घरबाहिर परिश्रम गर्छ भने श्रीमतीले घरभित्र परिश्रम गरिरहेकी हुन्छिन् ।

डिप्रेसनबाट मुक्ति पाउन डाक्टरी उपचार फाइदाजनक हुन्छ । तनावबाट निस्कने प्रयास गर्नुपर्छ । जीवनमा नयाँ बिहान आउने कुरामा विश्वास गर्नुपर्छ । जीवन बाँच्नका लागि प्राप्त भएको हो अन्त्य गर्नका लागि होइन भन्ने कुरा मनमा राख्नुपर्छ ।

**डिप्रेसनबाट छुट्कारा**

-आफूलाई त्यस्तो काममा व्यस्त राख्नुपर्छ, जुन काम गर्न आफूलाई इच्छा र खुसी दुवै लागोस् ।



-नयाँ-नयाँ ठाउँमा घुम्न जानुपर्छ ।
-बिहान चाँडै उठेर व्यायाम गर्न सकिन्छ ।
-खुसी हुने प्रयास गर्नुहोस् ।
-समस्याको समाधान खोज्नुपर्छ र डिप्रेसनको सिकार बनेर हुँदैन भन्ने सोच्नुपर्छ ।
-आफ्नो कोठामा गुलाबको फूल वा कुनै ताजा फूलको गमला-बिरुवा राख्न सकिन्छ ।

**डिप्रेसनका लक्षणहरू**

-काम गर्न मन नलाग्नु,
-थकान अनुभव गर्नु,
-निद्रा नलाग्नु,
-स-साना कुरामा रुन मन लाग्नु,
-भोक नलाग्नु वा बढी खाना खानु,
-आफूलाई नोक्सान पुऱ्याउने तथा आत्महत्या गर्ने प्रयास गर्नु ।

**तनावग्रस्त व्यक्तिलाई कसरी सहयोग गर्ने**

-उसको सोचाइ र इच्छाका सम्बन्धमा कुराकानी गर्ने ।
-उसलाई कुनै कुरा वा चीजका लागि दोषी नठहऱ्याउने ।
-उसलाई माया र सहायता गर्ने ।
-उसको प्रयास र सफलताको प्रशंसा गर्ने ।
- बोल्न दिने वा उसका कुरा सुन्ने ।
-उसका लागि दैनिक रुटिन बनाउने जसले ऊ सधैं व्यस्त रहोस् ।
-उसका भावना र विचारको कदर गर्ने ।
-यदि उसले आत्महत्या गर्ने कुरा गर्छ भने यस विषयमा खुलेर कुरा गर्ने र उसलाई यो भावनाबाट निकाल्ने प्रयास गर्ने ।

–अरुणा भट्टराई

## सन्देश

विधा, नववर्ष प्रवेशको अवसरमा सुस्वास्थ्य, दीर्घायु अनि उत्तरोत्तर प्रगतिको कामनासहित तिम्रा हर पाइला सफताले चुमुन् अनि शैक्षिक सफलताका साथै जीनवमा सुख एवं उमङ्ग छाओस् ।

**गोविन्द**

जीवनमा कुनै बेला सोच्दै नसोचेका कुराहरू पनि आइपर्छन् । आफ्नो लक्ष्य प्राप्तिका लागि जीवनभर संघर्ष गर्दागर्दा कुनै उपलब्धि र परिवर्तन बिना नै जीवन अन्त्य हुन सक्छ । कुनै बेला नचाहँदा नचाहँदै पनि मानवताबाट बिमुख भइन्छ । मानिसले जीउने क्रममा यी सबै तीता-मीठा भोगाइहरूको अनुभव गर्नुपर्ने हुन्छ । हामी नेपालीको आफ्नै नयाँ वर्ष गर्व र सम्मानले मनाऔं, सबै नेपालीमा नववर्षको शुभकामना ।

**myheartbeat**

देवकी, नववर्ष प्रवेशको पावन अवसरमा तिम्रा हरपाइला सफलताले चुमुन् । सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु । मलाई बिर्स्यौ क्यारे, एकपटक कल गर ल...।

**देवेन्द्र**

मेरी प्यारी परीलाई न्यानो सम्झनाका साथमा नववर्षको शुभकामना । नयाँ वर्षले उनको जीवन हरेक घडीमा सुख र शान्ति ल्याओस् । मलाई चिन्ने मेरा सबै साथीहरूलाई नववर्षको शुभकामना ।

**राजु**

भूमिका, सम सेज यु आर जंगली, सम सेज यु आर पग्ली बट आई से यु आर लभ्ली ।

**निरज**

ईश्वरी, एसएलसी परीक्षामा



भएको एक हप्ते भेटमा मैले तपाईंलाई यति धेरै माया गरेछु, जसलाई जीवनभर बिर्सनेछैन ।

**बुद्ध एल**

मंगलबार पुरानो बसपार्कबाट कीर्तिपुरसम्मको माइक्रोबसमा चढ्ने तीनजना मैयाहरूमध्ये ढोकाकै छेउमा बस्ने, बीच बाटोमा आफ्नै साथीहरूको बीचमा बस्न जाने सम्भवतः अम्बिका नाम भएकी मैयालाई इमेल गर्न अनुरोध छ ।

**छेउमा बस्ने खैरो पाइन्ट, हरियो सर्ट**

सुष्मा, यो दुःखित हृदयबाट अनमोल सम्झनाका उपहारहरू । सुष्मा, कुशल रही कुशलताको कामना अनि मेरो तर्फबाट समुद्रभन्दा गहिरो, सगरमाथाभन्दा अग्लो हिमालको हिउँभन्दा स्वच्छ झरनाको पानीभन्दा चोखो माया एवं सम्झना ।

**सुरेश**

नेपाली चलचित्रका नायक भुवन केसीलाई उहाँले बनाउनुभएको नयाँ चलचित्रको सफलताका लागि हार्दिक शुभकामना ।

**प्रीति**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## जीवनको गोरेटोमा

### मेरो पहिलो प्रेम

दुई व्यक्तित्वको होडबाजीमा पारस्परिक संवेदना निस्सासिन्छ । एउटा संवेदनाशून्य प्रेमिकाको पवित्र प्रेम हावाको झोक्कामा पनि टुट्न सक्छ तर पनि मेरो जीवन आँधीबेहरीबाट मुक्त भएन । उहाँको सम्झनाको तस्बिरबाट दुइटा जिज्ञासापूर्ण, सङ्कुचित आँखाहरूले निहालिरहेको म देख्छु । सम्झनाको तस्बिर हेरेर म आफ्नो छातीभित्र केही खोज्छु । एउटा कोमल भावना, तर किन त्यस्तो भावना उहाँको मुटुभित्र पनि थियो होला र ? तर पनि झिनो आशा पलाएको थियो । मलाई लाग्थ्यो, समयको मल्हमले मुटुमा पाप्रो परेको घाउ पुर्दै लानेछ । अनि उहाँको सम्झना यो मेरो मुटुमा सधैँ लुकामारी गर्नेछ ।

एसएलसी परीक्षा सकिएपछि म नयाँ घरतर्फ बसाइँ सरेको थिएँ । जहाँ मेरा बाबा, मम्मी र सम्पूर्ण परिवार हुनुहुन्थ्यो । हुन त उहाँका बारेमा मेरो बाबाले पहिल्यै गुणगान गाइसक्नुभएको थियो । जुन समयमा मलाई उहाँप्रति कुनै सरोकार थिएन । जब म यस ठाउँमा आएर बस्न थालेँ त्यसबखत उहाँसँग सामान्य बोलीचाली मात्र हुन्थ्यो । जब मेरो एसएलसीको रिजल्ट आयो, पहिलोपटक नै उहाँले थाहा पाउनुभएछ । भोलिपल्ट उठेर आँखा मिच्दै बाहिर निस्कन पाएको मात्र के थिएँ उहाँले मलाई बोलाएर तिम्रो फर्स्ट डिभिजन आएछ भनेर सुनाउनुभयो । म कलेज जान थालेँ । त्यसपछि हाम्रो बोलीचाली र भेटघाट दैनिकजस्तो हुन थाल्यो । हाम्रो मित्रता बिस्तारै-बिस्तारै गहिरिएर जान थाल्यो ।

हाम्रो घर त्यति दूरीमा थिएन । मेरो कोठाको ढोका खोल्नेबित्तिकै उहाँकै घर देखिन्थ्यो । उहाँ मेरा लागि एक अभिभावक हुनुहुन्थ्यो भने अर्को प्रिय पात्र । मेरो परिवारमा कोही बिरामी पर्‍यो भने रातको जुनसुकै बेला पनि गाडी बोलाएर हस्पिटल लानुहुन्थ्यो । उहाँ हामीकहाँ आएर खानुहुन्थ्यो र म पनि उहाँको घर गएर खान्थेँ । यत्तिकैमा उहाँ मेरो हृदयमा बस्न सफल भैसक्नुभएको थियो । मेरा बारेमा उहाँलाई सम्पूर्ण कुरा थाहा थियो र उहाँका बारेमा पनि मलाई थाहा थियो । के गर्नु ? भाग्यभन्दा अगाडि र कालभन्दा पछाडि कोही जान सक्दैनन् । मेरो दुभाग्य, विवाह गर्नुपर्ने प्रकृतिको नियम । हो, यत्तिकैमा उहाँको घरबाट विवाह गर्ने कुरा आयो र उहाँ केटी हेर्न जानुभयो ।

त्यसको पर्सिपल्ट बेलुकीको ठीक साढे सात बजे उहाँ इंगेजमेन्टको माला पहिरेर आउनुभयो । त्यतिबेला भनेको शब्द- 'नानी, मलाई सुहाएको छ ?' मलाई नखाएको लागूपदार्थले झम्म लाग्यो ।' म अचेत अवस्थामा पुगेँ ।



अनि मलाई डर पनि लाग्यो- मेरो फेस परिवर्तन भएर उहाँले थाहा पाउनुभयो कि भनेर । अनि एकदमै पागलपनको हाँसो उठ्यो र खित्का छाडेर हाँस्दै भन्न थालेँ- हजुर, एकदमै सुहाएको छ । यति भनेर म घरतर्फ लागेँ र ओछ्यानमा आएर घप्लक्क पल्टिएँ । यहीबाट सुरु भयो मेरो जीवनकहानी । कविता रचना गर्न पनि कुनै भावले तान्नुपर्दो रहेछ र म कविता लेख्न थालेँ-

*बसाइ एकैतिर भए पनि भेटघाट भएन*
*एकले अर्कोलाई चिनेर पनि आफन्त भएन ।*

यत्तिकैमा म पल्टिएँ तर आज कताकता सिरानी बिझाएजस्तो भयो । 'तैंले पनि साथ दिइनस् हगि' भनेर सिरानीप्रति रिस पोख्न थालेँ । विभिन्न सोचाइमा रात बित्यो । बिहानै उठेर ब्रस गर्न लागेको बेलामा उहाँ मेरो घर आउनुभएको थियो, तर मलाई बोल्न मन लागेन । म अर्को घरतर्फ लागेँ अनि एकछिनपछि आएर खानेकुरा बनाएँ । सबैलाई खान दिएर उहाँको घर पनि लगिदिएँ, तर त्यस दिनको उत्तर अर्कै पाएँ । उहाँ पहिले भन्नुहुन्थ्यो- भाग्यले हामी दुईको विवाह हुन नसके पनि हाम्रो माया अमर रहन्छ, तर त्यस दिन मैले त्यो पाउन सकिनँ– अबदेखि खानेकुराहरू नल्याउनू है, गाउँलेले कुरा काट्छन् । म छाँगाबाट खसेजस्तै भएँ र आजदेखि हजुरको घरमा आएर हजुरलाई अप्ठ्यारो पार्नेछैन भन्ने वाचा गरेर म आफ्नो घर फर्किएँ । उहाँले जेजस्तो सोचे पनि, भने पनि जिन्दगीको अन्तिम घडीमा पनि म उहाँलाई भुल्न सक्दिनँ र भुल्ने पनि छैन ।

**–एस.पी.**

## साप्ताहिक साथी



सुरेन्द्रराज न्यौपाने 'यात्री' २१ वर्षका छन् । सामान्य किसिमको व्यापार गरिरहेका सुरेन्द्रको उचाइ ५ फिट ३ इन्च छ । प्रवेशिका उत्तीर्ण गरेका सुरेन्द्र अविवाहित हुन् । नयाँ-नयाँ साथी बनाउन रुचि राख्ने सुरेन्द्र जातलाई भन्दा कामलाई महत्त्व दिने व्यक्तिसँग पत्राचार गर्न रुचाउँछन् । उनलाई छैबुङ गाविस-५, कालिकास्थान, रसुवामा पत्राचार गर्न सकिन्छ ।



कम्प्युटर हार्डवेयररका रूपमा पहिचान बनाएका जीवन श्रेष्ठ २१ वर्षका छन् । उनी ५ फिट ८ इन्च अग्ला छन् । आई.ई.को अध्ययन सकेर व्यावसायिक जीवन प्रारम्भ गरेका जीवनको स्वभाव चञ्चल छ । अविवाहित जीवन गहुँगोरो वर्णका छन् । उनी सहयोगी, इमान्दार तथा पत्रमित्रतालाई निरन्तरता दिने साथीको खोजीमा छन् । जीवनलाई www.shresthajeevan.com मा पत्राचार गर्न सकिन्छ ।

स्नातक तह अध्ययनरत बोधनाथ पराजुली 'बासु' २३ वर्षका छन् । ५ फिट ५ इन्च अग्ला बोधनाथ पराजुली अविवाहित हुन् । गहुँगोरो वर्णका बोधनाथलाई देशको सेवा गर्ने रुचि छ । गहुँगोरो वर्णका पराजुलीलाई दुःख-सुखमा साथ दिने साथीको खोजी छ । उनलाई नेपाल चर्खा प्रचारक गान्धी, तुलसी स्मारक महागुठी, मनोहरा, काठमाडौंमा पत्राचार गर्न सकिन्छ ।

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..........................................................

उमेर : ............................ उचाइ : ............................

पेसा : ............................ शिक्षा : ............................

स्वभाव : ............................ वैवाहिक स्थिति : ............................

अभिरुचि : ............................ वर्ण : ............................

इमेल : ..........................................................

ठेगाना : ..........................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................

..........................................................

**नोट :** तस्बिर र नगद रु. ५०/- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।

# परिवर्तनको प्रतीक्षामा छिन्ताङ

धनकुटा जिल्लाको छिन्ताङ जालपादेवीको मन्दिर रहेको पवित्र तीर्थस्थल मात्र होइन, नेपाली प्रजातान्त्रिक आन्दोलनका निम्ति बिर्सनै नसकिने कारुणिक घटना आत्मसात् गरेको गाउँ पनि हो । लोकतान्त्रिक नेपालको निर्माणको सन्दर्भमा विकासमा निकै पछाडि परेको यो गाउँ अहिले परिवर्तनको सँघारमा उभिएको छ ।

वि.सं. २०३६ सालयता छिन्ताङवासीहरू कात्तिक महिनाको अन्तिम सातालाई सधैंका निम्ति बिर्सन चाहन्छन् । वि.सं. २०३६ कात्तिक २५ देखि २८ गतेसम्म कृषक आन्दोलन चर्कंदा धेरै छिन्ताङवासी टुहुरा बने । धेरै महिलाको सिन्दूर पुछियो, आमाहरूका कोख रित्तियो । त्यस बेला पूरै गाउँ शोकमा डुबेको थियो । चार दिनको अवधिमा सुरक्षाकर्मीले १२ निर्दोषसहित १५ जना छिन्ताङवासीको हत्या गरेका थिए । गोली ठोकेर मारेको स्थानबाट लाससमेत उठाउन दिएनन् भन्दै आँखैअगाडि आफ्ना पितालाई ढलेको देखेका सोमबहादुर नेपाली भन्छन्– 'त्यो घटना चाहेर पनि बिर्सन सकिँदो रहेनछ ।'

छिन्ताङकाण्डको पहिलो सहिदका रूपमा पति गुमाएकी खाममाया राई गहभरि आँसु पार्दै भन्छिन्- 'जुनै जोगी आए पनि कानै चिरेको बराबर भएको छ । हाम्रा नेताहरू भागबण्डामै किचलो गरिरहन्छन् ।' अहिले छिन्ताङमा सहिदहरूको सम्झनामा



अर्धकदको सालिकसहित सहिद पार्क निर्माण गरिएको छ ।

छिन्ताङ धार्मिक स्थलका रूपमा पनि प्रख्यात छ । स्थानीय जालपादेवी मन्दिरमा दैनिक सयौं भक्तजनको घुइँचो लाग्छ । आइतबार बन्द रहने उक्त मन्दिरमा पूजा गर्न नेपाल, भारत र भुटानका तीर्थालुहरूको भीड लाग्नेगरेको पुजारी डगेन्द्र राई बताउँछन् । यहाँ सातामा ६ दिन साँझपख मात्र पूजा-अर्चना गरिन्छ । पुजारी राई भन्छन्- 'होमबाङमा रहेकी दिदीको बिहान ८ देखि १२ बजेसम्म पूजा गरिन्छ । त्यसपछि मात्रै जालपादेवीको ।' सामान्यतया अपराह्न ५ बजे पूजा सुरु हुन्छ । होमबाङकी कान्छी बहिनी जालपादेवीलाई कुलुङ राईहरू 'ठिगुमहाङ्मा' अर्थात् हजुरआमाका रूप मान्छन् । पूजा सुरु गर्नुअघि पुजारीले २ किलोमिटर टाढा घरबाट तरबार बोकेर आएको दृष्य जो-कोहीलाई पनि आकर्षक लाग्छ । अन्डा, कुखुरा, परेवा, बोका, राँगाको बलि दिइने जालपादेवीको मन्दिरमा भदौ तथा वैशाख पूर्णिमामा मेला लाग्छ ।

हिलेबजारबाट पाँच घण्टाको पैदलयात्रापछि छिन्ताङ पुग्न सकिन्छ । चार वर्षअघि निर्मित हिले-छिन्ताङ सडक पनि छिन्ताङ पुगीसकेको छ, तर उक्त सडकमा हिउँदमा मात्रै यातायातका साधन चल्छन् । कालोपत्रे नभएकाले वर्षायाममा हिलाम्मे सडकमा पैदलयात्री मात्र भेटिन्छन् । हिलेबाट उत्तरपानी-थलथले हुँदै छिन्ताङ पुगेर ज्यामिरे-पाङनाम-साम्मुगाउँबाट त्रिवेणीको पैदल यात्रा गर्न सकिन्छ । छिन्ताङबाट देखिने तराईका फाँटदेखि सप्तकोसीमा मिलेका दूधकोसी, सुनकोसी र तमोर नदीको संगमको दृश्य हेरिरहूँजस्तो लाग्छ,'- पैदलयात्रामा भेटिएका धराने युवक विमल मगरले बताए ।

नदीहरूको सुसाइसँगै आकर्षक पहाडी हरियाली दृश्य र तराईका फाँट हेर्दै डाँडैडाँडाको यात्रा गर्दा रमेश खनालले आफूलाई निकै रोमाञ्चित अनुभव गरे । दिनभरिको हिडाइँपछि केही थकान महसुस गरे पनि कुमार राई भन्छन्- 'स्वच्छ वातावरण, हरियाली अनि गाउँ ढाक्ने कुहिरोको दृश्य हतपत हेर्न पाइँदैन ।' पैदलयात्रामा निस्किएका धरानका छ जना तन्नेरी त्रिवेणीबाट सप्तकोसीको किनारैकिनार हुँदै बराहक्षेत्रको दर्शन गरी चतराबाट धरान फर्किएका थिए । राम्रा होटल तथा पर्यटकीय खान्की र स्वागतका बारेमा छिन्ताङवासीलाई तालिम दिए त्यहाँ आन्तरिक पर्यटकको ओइरो लाग्नसक्ने देवेन लिम्बु बताउँछन् ।

कात्तिकदेखि फागुन महिनासम्म छिन्ताङ सुन्तलाले पहेंलपुर हुन्छ । सहिद, जालपादेवी, सुन्तला, अकबरे खोर्सानी, अदुवा र सुर्ती यहाँको परिचय नै भैसकेका छन् । अब स्थानीय बासिन्दाहरू छिन्ताङलाई पर्यटकीय नमुना गाउँमा रूपान्तरण गर्न चाहन्छन्। त्यसका निम्ति सबै शुभचिन्तक र सरकारको सहयोग अपरिहार्य भएको प्रजातन्त्र सेनानी गडुल बहादुर बताउँछन् ।

# अहिलेकी सेक्सी नायिका को हुन् ?

हरे, सेक्सी नायिका खोजेर भाउजुलाई छोड्न लागेको हो कि क्या हो ?

**सुनीता मगर** (२०), **धादिङ**

जो जस्ता छन् ठीक छन्, तपाईं खाली यस्तै-यस्तै प्रश्न गरेर हामीलाई बिगार्ने ?

**प्रेम बुढाथोकी** (१७)

छ्या कस्तो लाज लाग्ने कुरा गरेको, अहिले मारिदिन्छु अनि, रेखा थापा होलिन् नि। किन भन्नै पर्दैन। किन भनेर अन्धोले मात्रै भन्छ, नपत्याए आफैं गएर चलचित्र हेर्नुस् न।

**विराज खप्तरी** (१४), **सर्लाही**

सिम्पल एन्ड सेक्सी गौरी मल्ल तर यो उहिलेको कुरा हो, हाल त थाहा छैन।

**सत्यनारायण महतो** (२७), **इनरुवा**

निःसन्देह रेखा थापा, उनले जति नखरा कसले जानेको छ र ?

**प्रदीप गुप्ता** (१७), **बारा**

करिश्मा भन्थे, अमेरिका उडिहालिन्, जल, कृष्टि, पूजा, सारंगा आदि पनि छैनन्। अँ काली दिया मास्के सेक्सी हुन् कि ?

**पुलकित चौधरी** (२७)

काली काली हिस्सी परेकी ऋचा घिमिरे, उनलाई देखेर मलाई कुछ कुछ हुन्छ।

**प्रह्लाद राय यादव** (२३)

विना बुढाथोकी हुन क्यार ?

**विक्रम पुन** (२३), **म्याग्दी**

मलाई त प्रेरणा शर्मा सेक्सी लाग्छिन्।

**धर्म गौतम** (२१), **इलाम**

विपना थापा तर उनको विवाहको खबरले मलाई टेन्सन छ क्या !

**हरि गुरागाईं**

पूजा लामा, एक्सन पनि सेक्सी अनि व्यवहार पनि।

**हरिस लिम्बू** (१९), **पाँचथर**

रेजिना उप्रेती, हिजोआज त क्या खतरनाक हुँदै गएकी छिन्।

**पवन भुजेल** (२१)

पहिले करिश्मा अहिले ऋचा।

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. तपाईंलाई मन पर्ने खेलाडी को हुन् ? किन ?
२. तपाईं मन्त्री हुनुभयो भने कुन मन्त्रालय रोज्नुहुन्छ, किन ?
३. युवतीहरू किन स्लिम बन्न खोज्छन् ?
४. युवकहरू किन युवती भनेपछि मरिहत्ते गर्छन् ?
५. युवाहरूलाई लागूऔषधको दुर्व्यसनबाट मुक्त गर्न के गर्नुपर्ला ?
६. प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?
७. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
८. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
९. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
१०. यो संसार कस्तो छ ?




किन भन्ने त सवालै भएन।

**कमल सुनुवार**

तपाईंलाई किन भनेर अर्थ्याउनुपर्छ, त्यसैले नन्दिता केसी हुन् भनेर भन्दै भन्दिन लौजा।

**किरण विश्वकर्मा**

यमुना उप्रेति हुन क्यार, नयाँ छिन्। फ्रेस चिजको महत्त्व नै अर्कै हुन्छ।

**चीनकाजी बनेपाली** (२३)

सेक्सी हिरोइन खोजेर के गर्ने विचार छ ए सम्पादक बाजे। बलात्कारको मुद्दामा परिएला नि।

**शिव परियार** (२१)

मेलिना मानन्धर, पूजा चन्द र करिश्मा मानन्धर।

**पंकज थापा मगर**

अरुणिमा लम्साल, अरुणिमा लम्साल र अरुणिमा लम्साल।

**के.बी. गहतराज, इलाम**

रेखा थापा, कारण त तपाईं आफैंलाई थाहा छ नि !

**गोपाल बज्राचार्य** (२४)

झरना बज्राचार्य, पूजना र ऋचा।

**सुदिन राई**

उमा बेबी, को हुन् चाहिँ नभन्नुहोला नि।

**कृष्ण भगत** (१७)

सेक्सी हिरोइनको खोजी किन हँ ? चाला निको छैन नि !

**बलराम**

उही त हुन् नि रेखा थापा, जोसँग तपाईंको राम्रै चिनाजानी छ।

**बी.के. राई** (२१)

राजा इन्द्रको तपस्या भंग गर्ने उर्वषीजस्ता सेक्सी रेखा थापा नभएर को होलिन् र हाम्रो ढ्कलिउडमा ?

**गम्भीर थापा** (२२)

# फेवा महोत्सवको रन्को

पोखरा- सधैं चहलपहल हुने लेकसाइडमा यतिबेला फेवा महोत्सवको तामझामले बेग्लै रौनक थपेको छ। अहिले महोत्सव स्थल बेहुलीजस्तै सिंगारिएको छ। बैदामनजिकै वसुन्धरापार्क, लेकसाइडमा रंगिएको महोत्सवले हरेकलाई आनन्दित तुल्याएको छ।

आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले आयोजना भएको महोत्सवमा रमाउन विभिन्न मुलुकका पर्यटकहरू पनि उल्लेख्य रूपमा पोखरा पुगेका छन्। त्यसो त अहिले पर्यटकीय सिजन पनि हो। त्यही कारण पनि महोत्सवमा विदेशी पर्यटकहरूको संख्या उल्लेख्य देखिन्छ। फेवातालको किनारमा अवस्थित महोत्सव स्थलले धेरैलाई लोभ्याएको छ। मंगलबार प्रारम्भ भएको महोत्सव दस दिनसम्म चल्ने आयोजक पोखरा होटल संघका अध्यक्ष बच्चुराम तिवारीले बताए।

महोत्सव उद्घाटन हुने दिन विभिन्न जनजातिको सांस्कृतिक झाँकीसहितको र्‍याली खहरेचोकदेखि वसन्धुरापार्कसम्म आएको थियो।सधैंजसो लेकसाइडको सडकमा आयोजना हुँदै आए पनि फेवा महोत्सव खुला चौरमा भैरहेको छ।

महोत्सवमा करिब १ सय ५० वटा स्टल छन्। फेवातालको संरक्षण गरौं, आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गरौं भन्ने उद्घोषसाथ सुरु भएको महोत्सवमा पर्यटकीय दौड, जलकुम्भी झार फाल्ने प्रतियोगिता, डुङ्गा दौड, प्रतियोगिताहरू पनि सञ्चालन हुनेछन् भने मनोरञ्जन पारखीहरूका लागि पप कन्सर्ट, लोकदोहोरी, नौमती बाजा प्रतियोगिता, विद्यालयस्तरीय लोकनृत्य, रत्यौली गीत प्रतियोगिता, विविध सांस्कृतिक कार्यक्रमका साथमा राष्ट्रिय ख्यातिप्राप्त हास्य कलाकारहरूको जमघट पनि छ।

महोत्सवको अर्को आकर्षण घोडा र हात्ती सयरको कार्यक्रम हो। मनोरञ्जनसँगै महोत्सव स्थलमा विभिन्न थरीका परिकारको स्वाद पनि लिन सकिन्छ। महोत्सव अवधिभर करिब दुई लाख स्वदेशी तथा विदेशी पर्यटक पोखरा पुग्ने अनुमान गरिएको छ। महोत्सव सम्पन्न गर्न ३४ लाखभन्दा खर्च लाग्ने आयोजकहरूले बताएका छन्। महोत्सवबाट संकलित रकम आन्तरिक तथा बाह्य पर्यटकका लागि पोखरा आसपासको क्षेत्रमा पर्यटन गतिविधि समाविष्ट गरी स्वागतद्वारसहितको पर्यटन सूचना केन्द्र निर्माण गरिने भएको छ। सूचना केन्द्र निर्माणका लागि ५० लाखभन्दा बढी खर्च लाग्ने जनाइएको छ। प्रत्येक वर्ष आयोजना हुँदै आएको फेवा महोत्सवको यो पाँचौं संस्करण हो।

**–शिव शर्मा**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भट्टा**



**प्रश्न : म २२ वर्षीय विवाहित युवक हुँ। मेरो विवाह भएको एक वर्षजति भयो। अहिले म एक सन्तानको बाबु पनि भएको छु। मैले विवाहपूर्व अन्य स्त्रीसँग यौनसम्पर्क गरेको थिइनँ। यद्यपि सहवासको समयमा सन्तोषजनक सन्तुष्टि प्राप्त नभएको हामी दुवैले महसुस गर्‍यौं। तरिका नजानेर हो कि ? यौनसम्पर्कमा चरम आनन्द आउने कुनै उपाय छ कि ? शिशु जन्मिएपछि महिलाहरू कति समयपछि यौनजन्य क्रियाकलापमा संलग्न हुन योग्य हुन्छिन् ? म अहिले हस्तमैथुनमा चित्त बुझाइरहेको छु। यसले भविष्यको क्रियाकलापमा कुनै असर पर्छ कि ? मेरो अर्को समस्या छिटै वीर्य स्खलन हुनु हो। यसलाई लामो समयसम्म कायम राख्ने कुनै उपाय छ कि ? विवाहपूर्व नै मेरी श्रीमतीले अन्य व्यक्तिसँग यौनसम्पर्क गरेकी छिन् कि छैनन् भन्ने कुरा थाहा पाउन सकिन्छ ?**

**–सौ.**

**उत्तर : कति समयपछि सुत्केरी महिला यौनसम्पर्कका लागि योग्य हुन्छिन् ?**

धेरै दम्पतीको मनमा प्रश्न हुन्छ– कहिलेदेखि यौनसम्पर्क पुनः सुरु गर्न हुन्छ ? सबैका लागि यति नै समय भनेर तोक्नु मनासिब नहोला। सजिलो रूपमा भन्नुपर्दा– पति-पत्नी दुवैले उपयुक्त मानेपछि। सामान्यतया गर्भावस्था तथा प्रसवमा भएका परिवर्तनहरू पुरानै अवस्थामा आउन यस्तै छ साता लाग्ने भएकाले छ सातापछि यौन सम्पर्क सुरु गर्न सकिने राम्रो समय मानिन्छ। विभिन्न तर्क भए पनि सर्वप्रथम सुत्केरी अवस्थामा रहेकी आमा शारीरिक तथा मानसिक दुवै रुपमा तयार हुनु महत्त्वपूर्ण कुरा भएकाले आफ्ना मनमा भएका दुःख वा अप्ठ्याराहरूलाई खुलस्त पतिका सामु व्यक्त गर्नुपर्छ। शिशुलाई मात्रै ध्यान दिँदा, पतिले आफूलाई परित्याग गरेको अनुभव गर्न सक्छन्। उनले आफ्नी पत्नीले किन यौनसम्पर्क राख्न तयार वा उत्सुक नभएको भन्ने कुरा बुझेका हुँदैनन्। यो कुरा पतिले राम्रोसँग बुझ्न आवश्यक छ। आफूलाई लागेको चिन्ता वा शारीरिक वा अन्य असजिलाका बारेमा पनि भनिदिनुपर्छ। अर्कातिर शिशुको हेरचाहमा सक्दो संलग्न गराई सहयोगी बनाउन सके सम्बन्धमा चिसोपन आउने कुरालाई रोक्ने मात्र होइन, आमा र पिताको मात्र नभै शिशुको माया पनि बढ्न सक्छ।

यौन क्रियाकलापमा संलग्न हुन दुवैले केही समय निकाल्नुपर्छ। कुराकानी, स्पर्श, अंकमालजस्ता कतिपय कुरा आत्मीयता अनि यौन क्रियाकलाप अघि बढाउन सहयोगी हुन्छन्। तुरुन्तै पूर्ण यौन सम्पर्कमा संलग्न भैहाल्नुपर्छ भन्ने केही छैन। यस्तो बेलामा हस्तमैथुन वैकल्पिक यौन आनन्द पाउने माध्यमका रूपमा अपनाउँदा नकारात्मक असर पर्दैन। तपाईंले यौनसम्पर्क सुखमय नभएको आशय व्यक्त गर्नुभएको छ। यो अरू कसैले उपाय भनिदिँदैमा नतिजा हात लागिहाल्ने कुरा होइन। यसका लागि दुवै जनाले निरन्तर नयाँ कुराको खोजी, प्रयोग तथा अभ्यास गर्नु आवश्यक छ।

**वीर्य स्खलन ढिलो गर्न के गर्ने ?**

छिटो वीर्यस्खलन हुनुलाई शीघ्र वीर्य स्खलन अर्थात् premature ejaculation भनिन्छ। यसको पक्का कारण यही नै हो भनेर भन्न सकिने अवस्था नभए पनि अहिले शीघ्र स्खलनको मूल कारण मानसिक नै भएको पाइन्छ। कतिपय मानिसमा यौनसम्पर्क वा क्रियाकलापमा राम्रो गर्न नसक्नु गम्भीर चिन्ता हुनसक्छ। आफ्नो यौन जोडीलाई सन्तुष्ट पार्न सक्दिन कि भन्ने चिन्ताले समस्या बढाउँछ। केही औषधीको पनि यस्तो प्रभाव हुनसक्छ। आक्कल-झुक्कल यस्तो शीघ्र स्लखन हुनु अस्वाभाविक होइन। त्यसैले यस्तो स्थितिमा अनावश्यक चिन्ता गर्नु आवश्यक छैन।

यौनसम्पर्क रोक्ने तथा सुरु गर्ने, आसन परिवर्तन गर्ने, लिङ्ग अँठ्ठ्याउने, कन्डम प्रयोग गर्ने, मांसपेशीको प्रयोग गर्ने, वीर्य स्खलन नियन्त्रणको अभ्यासजस्ता अनेक अभ्यास गर्न सकिन्छ, जसका बारेमा यो स्तम्भ नियमित हेरिरहनुभएको छ भने पक्कै पनि पढ्नुभएको होला।


**विवाहपूर्वको यौनसम्पर्क थाहा पाउन सकिएला ?**

ग भ
रहेको अनि शिशु
जन्माएका लक्षणहरू छन् भने कुरा अर्कै भयो। पहिलेको प्रेम तथा यौनसम्बन्धका बारेमा चर्चा गरिएन भने यो कुरा थाहा पाउन सजिलो छैन। महिला यौनअंगको बनावटका सम्बन्धमा सामान्य जानकारी पुरुषलाई हुने भए पनि तपाईंको योनिको बनावट वा स्वरूप यस्तै थियो भन्ने त थाहा हुँदैन र यौनसम्पर्क राखेको कुरा थाहा पाउन त झन् गाह्रो कुरा हो।

हुन त आफूले विवाह गर्न लागेकी दुलही कुमारी हो-होइन भन्ने चासो धेरै पुरुषलाई हुनसक्छ, तर यो कुरा पत्ता लगाउन सजिलो छैन। कुनै युवती कुमारी हो वा होइन, योनिच्छद भएको वा नभएको कुरालाई नै मुख्य आधार बनाइएको पाइन्छ, तर यकिनका साथ भन्न वैज्ञानिक तवरले हेर्ने हो भने त्यसलाई बलियो आधार मान्न सकिँदैन। किनकि कुनै-कुनै युवतीमा योनिच्छद जन्मजात नै नहुन सक्छ वा यसको राम्रो विकास नै नभएको हुनसक्छ।

प्रथमतः यौनसम्पर्क हुनुभन्दा पहिले श्रीमतीले अन्य व्यक्तिसँग यौनसम्पर्क राखेको थाहा पाउने प्रश्न सोध्नुभएको कुरा नै बुझ्न केही गाह्रो भयो। वैवाहिक सम्बन्धको बलियो आधार भनेकै विश्वास हो, समझदारी हो। तपाईंले शंका गर्न थाल्नुभएको देखिन्छ, यस्तो कुरा मनमा आउनु भनेको अविश्वास र असमझदारीको फिलिङ्गोजस्तै हो जसले वैवाहिक सम्बन्ध र सन्तानको भविष्यलाई नै डढेलो लागेझैं तहसनहस पार्न सक्छ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



## बाठा चिम्पान्जी

युवा चिम्पान्जीहरूमा पौढ मानिसको भन्दा बढी स्मरणशक्ति हुने दाबी जापानी वैज्ञानिकहरूले गरेका छन् । क्योटो विश्वविद्यालयका वैज्ञानिकहरूले अंकका अतिरिक्त नयाँ सीप र भाषा सिक्न पनि मानिसभन्दा चिम्पान्जी अगाडि रहेको निष्कर्ष निकालेका छन् । तीन जोडी चिम्पान्जीमा धेरै वर्ष लगाएर गरिएको अनुसन्धानबाट उक्त कुरा पुष्टि भएको हो ।

## सबैभन्दा निकट साथी

अमेरिकीहरूको जीवनमा इन्टरनेटको महत्त्व एक असल मित्रजस्तै रहेको एक सर्वेक्षणले देखाएको छ । चार जना अमेरिकीमध्ये एक जनाको असल मित्र हो– इन्टरनेट । सर्वेक्षणको नतिजाले साथीको खोजीका लागि सबैभन्दा उत्तम माध्यम बनेको देखाएको छ । सर्वेक्षण इन्टरनेटले मानिसको दैनिक जीवनमा खेलेको भूमिकाका विषयमा केन्द्रित थियो ।

उक्त सर्वेक्षण जोग्वाइ इन्टरनेसनल र कम्युनिकेसन कन्सल्टेन्स्ले संयुक्त रूपमा गरेको थियो । सर्वेक्षणमा २४ प्रतिशत अमेरीकीले इन्टरनेटले केही समय आफ्नो निकट साथीलाई समेत विस्थापन गर्ने गरेको अनुभव बाँडेका छन् । यस्तो धारणा व्यक्त गर्नेहरूमध्ये धेरै एक्ला थिए । ३१ प्रतिशतले साथीको अभावमा मात्र इन्टरनेट विकल्प रहेको बताए । यस्ता विचार व्यक्त गर्नेहरूमा महिला र पुरुषको संख्या बराबर नै थियो ।

सर्वेक्षणकर्ताका अनुसार उक्त सर्वेक्षणमा ९ हजार ७ सय ४३ जनासँग अनलाइन सर्वेक्षण गरिएको थियो । चार जना अमेरिकीमध्ये एक जनाको माइस्पेस, फेस बुकजस्ता सोसियल नेटवर्किङ वेबसाइटमा व्यक्तिगत विवरण रहेको सर्वेक्षणमा उल्लेख छ । यस्ता व्यक्तिहरू १८ देखि २४ वर्ष उमेर समूहभित्रका छन् ।

### संघर्ष र सफलता

## टोयोटा प्रिअस डिजाइन समूह

टोयोटा मोटर कम्पनीले विभिन्न प्रकारका गाडी उत्पादन गर्छ । सन् १९९३ मा उक्त कम्पनीका इन्जिनियरहरूमा एउटा चुनौती थपियो । २१ औ शताब्दीका लागि नयाँ र वातावरण सुहाउँदो समेत भएको नयाँ मोडलको गाडी उत्पादन गर्न भनियो, तर यो कार्य कठिन थियो । धेरै समयको छलफलपश्चात् उनीहरू एउटा निष्कर्षमा पुगे । त्यतिखेरसम्म पेट्रोलियम पदार्थबाट चल्ने गाडीहरू मात्र उत्पादन गरिएका थिए । अब ग्याँस र विद्युत दुवै मिसाएर चलाउन मिल्ने गाडी निर्माण गर्ने निष्कर्ष निकालियो । यसका लागि सतासी ओगिसोको नेतृत्वमा कार्य प्रारम्भ भयो । यो समूहमा १० जना इन्जिनियर थिए ।

यसका लागि सबैभन्दा ठूलो चुनौती ब्याट्री थियो । उनीहरूले सानो ब्याट्रीबाट लामो समयसम्म कसरी काम लिन सकिन्छ भन्ने विषयमा परीक्षण गरे । सन् १९९५ मा उनीहरूले त्यसको पहिलो नमुना बनाए । त्यस प्रकारको ब्याट्रीद्वारा उक्त गाडी १ सय मिटर गुड्न सक्यो । सन् १९९७ सम्म उनीहरू यसमा सफल भए । ग्याँस र विद्युत्को मिश्रणबाट चल्ने गाडी तयार भयो । उक्त गाडीको नाम प्रियस राखियो । त्यही वर्ष संसारका विभिन्न देशमा यस प्रकारका ८ लाख गाडी बिक्री भए । यी गाडीले वातावरणलाई कुनै असर पुऱ्याउँदैनन् ।

टोयोटाले यस प्रकारका गाडी बनाएपछि अन्य कम्पनीले पनि यस्ता गाडी निर्माण गर्न थाले । यी सबै कार्यका लागि टोयोटाका इन्जिनियरहरूको मेहनत नै महत्त्वपूर्ण छ । उनीहरूले मेहनत नगरेको भए यो सबै कार्य सम्भव थिएन अर्थात् पृथ्वीको वातावरण अझ बिग्रन सक्थ्यो ।

## जन्मदिनको शुभकामना






बबिना लामा २०६० वैशाख १३ | कृतज्ञ उप्रेती २०६१ वैशाख १३ | जेशोल लामा २०६० वैशाख १३



क्रिष्टिना उप्रेती २०६४ वैशाख १४ | सगुन पुन २०६१ वैशाख १५ | अभिक घिमिरे २०५९ वैशाख १६ | आर्यन अधिकारी २०६३ वैशाख १६



सुरुची थापा २०५६ वैशाख १६ | आह्वान कोइराला २०५७ वैशाख १८ | विजेश ज्ञवाली २०५३ वैशाख १८ | स्तुति जोशी २०६१ वैशाख १७



गौरव अधिकारी २०६१ वैशाख १८ | सन्ध्या भण्डारी २०६४ वैशाख १७ | प्रसन थापा २०५६ वैशाख १३



कुपन

### जन्मदिनको शुभकामना

नाम :..................................................

जन्म मिति :..................................................


स्कुल :..................................................

ठेगाना : ..................................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता – १५



प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ नेपाली कांग्रेसका महामन्त्री (२,३,३)
२ राष्ट्रिय जनशक्ति पार्टीका अध्यक्ष (२,४,२)
३ सबैभन्दा कम मत प्राप्त (३,३)
४ फ्रेन्डसिप एल्बमका गायक (३,३)
५ आयरल्यान्डमा नृत्य (२,३)
६ पराजित माओवादी नेता (२,२)
७ काठमाडौं–८ बाट निर्वाचित (३)
८ अंग्रेजी चलचित्र बेबी ... (२)

**तेर्सो**

१ बी.पी. पुत्र (३,४)
२ बाँके–३ बाट पराजित (३,४)
३ नेपाली कांग्रेसका उपसभापति (३,३)
४ मधेसी जनअधिकार फोरमका अध्यक्ष (३,३)
५ बर्दिया–१ बाट निर्वाचित (३,२)
६ नजिकबाट (२,२)
७ अंग प्रदर्शन नगर्ने (३)
८ कागबेनीकी नायिका दिया... (२)


**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

### साप्ताहिक शब्दजाल प्रतियोगिता नं. ७ को विजेता

**रिदम लामा, बानेश्वर, काठमाडौं**


### तल दिइएको चित्रमा कुन-कुन सामानहरू लुकेका छन् ?



## खतरनाक हुन सक्छ खेलौना

अनेक खालका सांगीतिक धुन भएका खेलौनाले साना नानीहरूलाई बहिरोसमेत बनाउन सक्ने एक अध्ययनले देखाएको छ । अध्ययनअनुसार केही खेलौनाबाट निस्कने धुन मेसिनबाट निस्किने आवाजभन्दा पनि खतरनाक हुन सक्छ । युनिभर्सिटी अफ क्यालिफोर्नियाका जैफ क्यारोलले आफ्नो अध्ययन-प्रतिवेदनमा उक्त जानकारी दिएका हुन् । यदि त्यस्तो खेलौनालाई बालबालिकाले आफ्नो कानको नजिक राखेर खेल्छन् भने त्यसले दीर्घकालीन रूपमा उनीहरूको श्रवणशक्तिमा असर गर्छ ।

### तल दिइएको चित्रमा आमालाई शिशुसम्म पुऱ्याइदेऊ?





# भोलिलाई हेर्ने दुई आँखा

पश्चिमका युवायुवतीका आँखा र पूर्वका युवायुवतीको आँखाले भोलिलाई हेर्ने नजर फरक छ। पश्चिमका युवायुवतीका आँखाले भोलिलाई टाढाको वस्तु मान्छ, जसको प्राप्तिलाई उनीहरू अनिश्चित मान्छन् र जीवनमा भौतिक विलास र मोजमस्तीमै जोड दिन्छन्। उनीहरू भोलिप्रति संदिग्ध हुने हुँदाले आजलाई नै एउटा उत्सव र जितका रूपमा वरण गरेर जीवनको पलपललाई आमोदप्रमोदमा रङ्गाइदिन्छन्।

उनीहरू बाँच्नलाई काम त गर्छन् तर मानिसलाई मेसिन मान्दैनन्, त्यसकारण जीवनमा आरामलाई पनि महत्त्व दिन्छन्। उनीहरू विवाहअघि गरिने यौन समागमका पक्षपाती हुन्छन्। विवाहअघि नै यौनजिज्ञासा मेटिने हुनाले उनीहरूले यौनलाई विशेष अलौकिक चीज मान्दैनन्। उनीहरू जीवनमा पहिलो प्राथमिकता यौनलाई दिन्छन् र आफ्नी प्रियसी वा सहपाठी वा वेश्याहरूसँग सम्पर्क राखेर आफ्नो चाहना पूरा गर्छन्। उनीहरू यौनको भोक मेटेपछि मात्र अरू चाहनालाई प्राथमिकता दिन्छन्। यसरी पहिलो प्राथमिकताको पूर्तिपछि उनीहरूमध्ये कोही पुस्तक अध्ययन गर्न थाल्छन्, कोही पुस्तक रचना गर्न थाल्छन्, कोही गितार बजाएर अलौकिक धुनको जन्म दिन थाल्छन् त कोही टेलिस्कोपले ब्रह्माण्ड नियालेर नयाँ ग्रहको खोजीमा व्यग्र हुन्छन्। यसरी उनीहरू पहिलो प्राथमिकतामा पनि सुखी हुन्छन् भने दोस्रो प्राथमिकतामा पनि स्वतन्त्र हुने हुनाले सफल हुन्छन्।

तर पूर्वका युवायुवतीका आँखा पश्चिमका युवायुवतीको भन्दा विपरीत छ। उनीहरू आजलाई जति सुलभ भोलिलाई पनि मान्छन्। किशोरावस्थामा उब्जने रंगीन आकांक्षालाई उनीहरू साँचेर राख्छन्। विवाहअघि गरिने यौनक्रियाकलापको विरोध गर्छन्। किनभने विवाहअघि गरिने यौन क्रियाकलापमा सामाजिक निगरानी हुने हुँदा विवाहपछि मात्र यौनको अनुभव गर्छु भनेर तिनीहरू आफ्ना आकांक्षा र चाहनालाई साँचेर बस्छन्। तीव्रतर चाहना हुँदाहुँदै उनीहरू त्यसलाई लुकाउन विवश छन्। फलस्वरूप उनीहरूका निम्ति यौन एउटा ठूलो कुरा हुन पुग्छ। जसको जिज्ञासा हरदम उनीहरूको मनमा कायम रहने हुनाले आफ्नो जिज्ञासा पूर्तिका लागि अश्लील तस्बिर तथा चलचित्रमा जोड दिन्छन्। टेलिभिजन, इन्टरनेट र विदेशी पत्रपत्रिकामा पश्चिमको संसारलाई नियालेर इर्ष्या गरेर बस्छन्।

यसरी भोलिलाई महत्त्व दिने र आजलाई गौण मान्ने हुनाले पूर्वका युवायुवतीहरू पश्चिकका युवायुवतीहरूभन्दा पिछडिएका छन्। पश्चिमका युवायुवतीहरू समुद्रको तट र पार्कमा खुला चुम्बन गरिरहेका हुन्छन्। हामी पूर्वका युवायुवती पार्कमा चुम्बन त परको कुरा स्वतन्त्र भएर एक ठाउँमा जम्मा भएर यौनका बारेमा बहस गर्न पनि धक मान्छौं। फलस्वरूप यौनसम्बन्धी अज्ञानताका कारण हाम्रो जीवनमा कैयन् विकृति भित्रिइरहेका हुन्छन्। कैयन् युवायुवती जानकारीको अभावमा यौनरोग लागेर अकालमा नै ज्यान गुमाउन बाध्य छन् त कैयन्ले यौनजिज्ञासाका कारण स-साना नानीहरूलाई बलात्कारजस्ता अघन्य अपराधसम्म गरेका छन्। पूर्वतिर पश्चिमको तुलनामा यौनअपराध बढ्दो छ।

हाम्रो देशमा अश्लील पुस्तक तथा निलो फिल्म प्रतिबन्ध छ। हामी पूर्वका युवायुवती तीनै प्रतिबन्धात्मक चलचित्र र पुस्तकप्रति आशक्त हुन्छौं र चोरी चोरी हेर्छौं। अंग्रेजी चलचित्रमा अभिनय गर्ने नायिकाले आफ्ना सबै वस्त्र खोलेर नायकलाई के तिमी मसँग यौनसम्पर्क गर्न तयार छौ भनेर अपिल गर्छे तर हाम्री पूर्वकी छोरीले झरनामा नुहाउने बेला फरियाको सप्को उचालेर अलिकता तिघ्रा देखाइदिए चलचित्रमा अंग प्रदर्शन भयो भनेर विरोध हुन्छ। हाम्रो देशमा पुरुषले नै सुरक्षित सेक्सका लागि अपिल गर्दा पनि नारीले सामाजिक मर्यादालाई ख्याल राखेर प्रस्ताव अस्वीकार गर्छे, जब कि विज्ञान र ज्ञान दुवैले पुष्टि गरिसकेको कुरा हो– पुरुषमा भन्दा नारीमा धेरै गुणा बढी यौनचाहना हुन्छ। चाणक्यले पनि आफ्नो नीतिमा नारीमा पुरुषमा भन्दा आठ गुणा बढी यौनचाहना हुन्छ भनेका छन्। पूर्वका युवायुवती यौन हुँदाहुँदै पनि सामाजिक लोकलाजले गर्दा त्यसलाई मनमै दबाउन बाध्य छन् र यौनको अभावमा मनमा हरबखत तडपन हुने हुँदा हाम्रा लागि यौन एक अलौकिक चीज भएको छ, जसको प्राप्तिका लागि हामी भौंतारिन्छौं र धेरै विकृति निम्त्याइरहेका छौं।

हालै एक पसलमा बिक्रीका लागि राखिएका ५ हजार कन्डम चोरिएको समाचार सम्प्रेषण भए। चोरी त हीरा, जवाहरातको पो हुनुपर्ने हो। एक रुपैयाँ पर्ने कन्डम चोरीको समाचारले सबै आश्चर्य चकित भए। एउटा हेल्पपोस्टमा गए सित्तै पाइने कन्डमका लागि पूर्वका युवाहरूले आफ्नो इज्जतसम्म दाउमा राखे। यो चोरीको घटनाबाट यौनको मामलामा हाम्रो देशका युवायुवती कति पिछडिएका छन् भन्ने पुष्टि हुन्छ। किनभने तिनीहरूले कन्डम माग्ने र किन्ने सामाजिक लोकलाजले गर्दा हिम्मत गर्न सकेनन् र चोरेर भए पनि आफ्नो आवश्यकता पूर्ति गरे। पूर्वका युवायुवती आफ्नो यौन आवश्यकताको पूर्ति लुकिछिपी गर्न थालेका छन्। कुनै पार्कमा प्रेमी-प्रेमिकाबिच कुराकानी भैरहेको छ वा भनौं चुम्बन नै भैरहेको छ भने त्यही पार्कमा कोही नौलो व्यक्ति आए उनीहरू सतर्क हुन्छन् र युवतीहरू त अनुहार नै घोप्टयाएर आफ्नो अस्मिताको रक्षा गर्छन्।

पश्चिमको यौन स्वतन्त्रता हाम्रो परिवेशमा धर्म, परम्परा र संस्कृतिका कारण नसुहाउला तर हामीले एक्काइसौं शताब्दीमा यौनको मामिलामा केही पाइला अरू अघि बढाउनु आवश्यक छ। नारीले शिरदेखि पाउसम्म ढाकिएर हिँड्नुपर्छ भन्ने रूढिवादी मान्यताको अब प्रतिवाद हुनुपर्छ। नारीले आफूलाई सुहाउँदो मौसमी पहिरन लगाउन पाउनुपर्छ। अब यौनको मामिलामा युवायुवतीबीच नै बहस हुनु आवश्यक छ तब मात्र युवायुवती सिर्जनात्मक हुन्छन् र जीवन हरेक कुरामा सफल हुन्छ। गत वर्ष गरिएको एक सर्भेक्षणले विवाहअघि यौन सम्पर्क गर्नेहरूको प्रतिशत २९ देखाएको थियो। यो एकदम कम प्रतिशत हो, यो प्रतिशत बढ्नुपर्छ तर त्यो सम्पर्क बिलकुल सुरक्षित हुनु आवश्यक छ। यौन खुल्दुली नै देश विकासको बाधक हो, सिर्जनाको तगारो हो। यस विषयमा सम्बद्ध सबै पक्षले विश्लेषण गर्नु समयको माग हो।

**प्रेमकृष्ण श्रेष्ठ**

# फ्रिजको महत्त्व र राखरखाव



गर्मीमा फ्रिजको प्रयोग बढ्छ। सहर-बजारमा प्रायः सबैको घरमा फ्रिज देखिन्छ। फ्रिजले हाम्रो व्यस्त जीवनलाई सहज बनाउन सहयोग गरेको छ। फ्रिजलाई हामी भान्साको अभिन्न अंगका रूपमा लिन सक्छौं। एकप्रकारले भन्ने हो भने फ्रिजले भान्साको स्टोरको काम गरेको हुन्छ। बजारमा विभिन्न आकार, रंग, बनावट एवं कम्पनीका फ्रिज उपलब्ध छन्। फ्रिजमा भान्सामा प्रयोग हुने प्रायः सबै खाद्यसामग्री राखिन्छ। फ्रिजमा राखिएका खाद्यसामग्री ताजा, स्वादिला र एकप्रकारले स्वस्थकर पनि हुन्छन्। फ्रिजमा विभिन्न प्रकारका खानेकुरा राख्न फरक-फरक स्थान बनाइएको हुन्छ र ती स्थानमा खाद्यसामग्री मिलाएर राख्नुपर्छ। फ्रिजमा जथाभावी सामग्री राख्नाले खाद्यपदार्थ त बिग्रन्छ नै त्यसले फ्रिजलाई पनि नराम्रो असर पुऱ्याउँछ। फ्रिजमा कुन-कुन सामग्री कसरी राख्ने भन्ने विषयमा जानकारी राख्नु फाइदाजनक हुनसक्छ :

- फ्रिजमा कहिल्यै पनि प्याज, लसुन राख्नुहुँदैन। फ्रिजमा राखिएका अरू खाद्यसामग्रीमा समेत यसको गन्ध फैलन्छ।
- काटेका फलफूल अथवा तरकारी फ्रिजमा राख्नुहुँदैन। यसले ती खाद्यसामग्रीको स्वाद कम हुन्छ।
- फ्रिजलाई भित्ताबाट एक फुट टाढा राख्नुपर्छ। यसो गर्नाले कम्प्रेसरको तापक्रम सजिलै बाहिर निस्कन सक्छ।
- जाडो मौसममा फ्रिजको प्रयोग नगर्ने हो भने फ्रिजभित्र एउटा कचौरामा सिरका राखिदिने, जसले फ्रिजलाई दुर्गन्धित हुनबाट बचाउँछ।
- फ्रिजको ट्रेमा नुन छर्किदिए त्यसमा बरफ जम्न पाउँदैन।
- बारम्बार खोल्दा फ्रिजको तापमान घटबढ हुन्छ, फलस्वरूप खाद्यसामग्रीलाई चिसो बनाउने क्षमतामा कमी आउँछ।
- फ्रिजलाई कहिल्यै पनि चिसो हातले छुनुहुँदैन।
- फ्रिजको गन्ध हटाउन त्यसमा बाँबरीको पात राख्नुपर्छ।
- फ्रिजको भित्री भाग सफा गर्न सिरका प्रयोग गर्नुपर्छ।
- फ्रिजमा राखिएको तरकारी ताजा रहोस् भनेर तरकारी प्लास्टिकभित्र राखेर प्लास्टिकमा सानो प्वाल पारिदिनुपर्छ।
- फ्रिजलाई कहिल्यै पनि कोर्ने वस्तुले सफा गर्नुहुँदैन, यसो गर्नाले फ्रिज छिट्टै पुरानो हुन्छ।
- टाँसिएको आइस निकाल्नुपरे त्यसमा सोडापानी हाल्ने, यसबाट आइसको टुक्रा सजिलै निस्कन्छ।

फ्रिजको तापमान सामान्य बनाउन त्यसमा तातो सामान राख्नुहुँदैन।

**– अरुणा भट्टराई**

# लुबाट कसरी बच्ने

गर्मी मौसममा पसिना आउनु एउटा स्वाभाविक क्रिया हो। शरीरभरि रहेका ग्रन्थीहरूको माध्यमबाट शरीरबाट प्रतिदिन पसिनाका रूपमा १ देखि १ दशमलव ५ लिटरसम्म पानी निस्कन्छ। यो शरीरलाई शीतल राख्ने प्रक्रिया हो। शरीरको प्रत्येक कोसिकालाई आफ्नो सामान्य क्रियाहरूका लागि पानी र तरल पदार्थ आवश्यक छ। त्यसैले पसिनाका रूपमा निस्किएको पानीलाई निरन्तर पूरा गर्नु आवश्यक छ। यदि कुनै कारणले त्यस्तो हुन सकेन भने अनेक समस्या उत्पन्न हुन्छन्, जसमा लु लाग्नु पनि एउटा हो।




**लक्षण**

शरीरमा उष्माको मात्रा अत्यधिक भए ग्रन्थीहरू बढी तीव्रताका साथ कार्य गर्न थाल्छन्। फलस्वरूप शरीरबाट तरल पदार्थ तथा खनिज पदार्थ पसिनाका रूपमा तीव्रताका साथ बाहिर निस्कन थाल्छ। जति तीव्रताका साथ पसिना निस्कन्छ त्यति नै तीव्रताका साथ त्यसको पूर्ति हुन पाउँदैन। त्यसैले शरीरमा खनिज पदार्थको कमीले हिट क्याप्सलाई जन्म दिन्छ। यसले हात, खुट्टा र पेटका ग्रन्थीहरू बाउँडिएको महसुस हुन्छ। शरीरमा खनिज, लवण र पानीको कमी बढी भए थकावट अनुभव हुन्छ, टाउको दुख्ने वा रिंगटा लाग्ने हुन सक्छ। लु लाग्दा मानिस चेतनाशून्य हुन्छ, कहिलेकाहीँ मृत्युसम्म हुनसक्छ। त्यसैले लु लागेपछि तुरुन्तै चिकित्सकबाट जँचाउनुपर्छ।

**कसरी बच्ने ?**

गर्मी मौसममा प्याज सेवन गर्नुपर्छ। यदि लु लागेको छ भने प्याजको रस सेवन गर्नुपर्छ। प्याजको रसले नै कन्चट र छाती मालिस गर्नुपर्छ।

एउटा सादा माटोको भाँडोमा आधा लिटर पानी लिने र त्यसमा १ सय ग्राम पिँधेको धनियाँ हालेर १ घन्टासम्म राख्ने। त्यसपछि उक्त पानीबाट आधा प्याला पानी लिई मिश्री मिसाएर दिनमा ३ पटक पिउउँदा लुबाट बच्न सकिन्छ।

१ गिलास कागती-पानीमा स्वाद अनुसार नुन र चिनी मिसाएर पिउँदा पनि लुको असर कम हुन्छ।

कागतीलाई भिजाएर त्यसको पानी पिउँदा लु लाग्न सक्दैन। पाकेको इमलीको गुदीलाई हात र पैतालामा दल्नाले लुको असर कम हुन्छ।

एउटा ठूलो काँचो आँप उमाल्ने अथवा भुट्ने। त्यसलाई केही समय चिसो पानीमा राख्ने। बोक्रा ताछेर गुदीलाई राम्रोसँग पिस्ने। पिसेको आँपमा सख्खर, पिसेको जिरा, पिसेको बाँबरी, नुन र मरिच हालेर राम्रोसँग मोल्ने। त्यसपछि आवश्यकताअनुसार चिसो पानी मिसाएर पटक-पटक पिउने। यसले लुबाट बचाउँछ नै, लु लागेको खण्डमा पनि आराम दिन्छ।

**आहार**

धेरै भुटेको मसलेदार खाना खानुहुँदैन। हल्का खाना खानुपर्छ। तरल पदार्थ बढी सेवन गर्नुपर्छ। पानी बारम्बार र बढी मात्रामा पिउनुपर्छ।

गर्मी मौसममा बढी प्रोटिन समावेश भएको खाना खानुहुँदैन। खरबुजा, तरबुजा र काँक्राको सेवन बढाउनुपर्छ। यी खाद्यपदार्थमा पानी र खनिज पदार्थ प्रयाप्त मात्रामा हुन्छ जसले शरीरमा पानीको कमी हुन दिँदैन।

**पहिरन**

लुबाट बच्न खुकुलो र सुतीको पहिरन लगाउनुपर्छ। पहिरन शरीरलाई पूर्णरूपले ढाक्ने खालको हुनुपर्छ।

**व्यायाम**


कडा व्यायाम र लामो यात्रा गर्नुहुँदैन, हल्का किसिमको व्यायाम मात्र गर्नुपर्छ। स्विमिङ गर्नु राम्रो हुन्छ।

घाममा काम गर्दा पानी वा चिसो तरल पदार्थ पिलाइरहनुपर्छ।



# यूरो-0८ को कमजोर समूह

**अस्ट्रिया र स्वीजरल्यान्डले संयुक्त रूपमा आयोजना गर्न लागेको युरो-२००८ को समूह "ए" मा आयोजक स्वीजरल्यान्डसहित चेक रिपब्लिक, पोर्चुगल र टर्की छन्। युरो २००८ प्रतियोगिताका लागि यो समूह सबैभन्दा कमजोर मानिएको छ।**



युरो २००८ प्रतियोगिताको आयोजक भएका कारण स्वीजरल्यान्डले सोझै यो प्रतियोगिताको फाइनल चरणमा प्रवेश पाएको हो। स्वीजरल्यान्ड सन् १९६० देखि १९९२ सम्म यो प्रतियोगिताका लागि छनौटसमेत हुन सकेको थिएन। सन् १९९६ मा पहिलो पटक छनौट भए पनि स्वीजरल्यान्ड पहिलो चरणबाटै घर फर्किएको थियो। सन् २००० को युरोमा स्वीजरल्यान्डले पुनः छनौट चरण पार गर्न सकेन भने सन् २००४ मा छनौट भए पनि पहिलो चरणबाटै घर फर्किएको थियो। फिफाको ४० औं वरियताक्रममा रहेको स्वीजरल्यान्ड युरो-२००८ मा एलेक्ज्यान्डर फेरिको कप्तानीमा मैदानमा उत्रिनेछ।

यही समूहमा रहेको चेक रिपब्लिकले सन् १९६० देखि १९९२ सम्म चेकोस्लोभाकियाको नामबाट सहभागिता जनाएको थियो। पछि चेकोस्लोभाकियाबाट स्लोभाकिया अलग भएपछि चेक रिपब्लिकले पहिलो पटक सन् १९९६ को युरो कपमा सहभागिता जनायो र उपविजेता समेत भयो। त्यसपछि आयोजित दुईवटा प्रतियोगितामध्ये चेक रिपब्लिक सन् २००० मा पहिलो चरणबाटै बाहिरियो भने सन् २००४ मा आफूलाई सेमिफाइनलसम्म पुऱ्याउन सफल भयो। यसपटक युरो छनौट प्रतियोगिताको समूह 'डी' मा रहेको चेक रिपब्लिकले आफूले खेलेका १२ खेलमार्फत २९ अंक ल्याएर समूह प्रथम भएको थियो। यो समूहमा चेक रिपब्लिकले ९ खेलमा सफलता, २ खेलमा बराबरी र १ खेलमा जर्मनीसँग पराजित भएको थियो। फिफाको छैटौं वरियताक्रममा रहेको चेक रिपब्लिक टिमको कप्तानी थोमस रोसिकीले गर्नेछन्।



यही समूहमा रहेको पोर्चुगलले पाँचौं पटक युरो फुटबल प्रतियोगितामा सहभागिता गर्दैछ। सन् १९८४ मा पहिलो पटक युरो फुटबलको फाइनल चरणमा प्रवेश पाएको पोर्चुगलले सन् १९९६ देखि लगातार यो प्रतियोगितामा सहभागिता जनाइरहेको छ। सन् १९९६ को युरो फुटबलको क्वाटर फाइनलसम्म पुगेको पोर्चुगलले सन् २००० मा आफूलाई सेमिफाइनलसम्म पुऱ्याएको थियो। सन् २००४ को युरो फुटबलको सह-आयोजक रहेका कारण सोझै फाइनल चरणमा प्रवेश पाएको पोर्चुगलले आफ्नो गृहमैदानमा आफूलाई उपविजेताका रूपमा प्रस्तुत गरेको थियो। यसपटकको युरो-२००८ छनौट प्रतियोगितामा पोर्चुगल समूह 'ए' बाट २७ अंक ल्याई दोस्रो भएर छनौट भएको हो। छनौट चरणमा पोर्चुगल ७ खेल जितेर पनि पोल्यान्डद्वारा एक खेलमा पराजित भएको थियो। फिफाको नवौं वरियताक्रममा रहेको पोर्चुगलको नेतृत्व क्रिस्टियानो रोनाल्डोले गर्नेछन्।





युरो-२००८ को समूह 'ए' मा रहेको टर्कीको यो प्रतियोगितामा तेस्रो पटकको सहभागिता हो।



प्रतियोगिता प्रारम्भ भएदेखि सन् १९९२ सम्म छनौट हुन नसकेको टर्कीले पहिलो पटक सन् १९९६ को युरो फुटबलमा प्रवेश पाएको थियो। उक्त प्रतियोगितामा टर्की पहिलो चरणबाटै बाहिरिएको थियो। सन् २००० मा भने टर्कीले आफूलाई क्वाटरफाइनलसम्म पुऱ्याएको थियो। सन् २००४ को युरो फुटबल प्रतियोगितामा छनौट हुन नसकेको टर्की यसपटक समूह 'सी' बाट दोस्रो भएर छनौट भएको हो। टर्कीले छनौट चरणमा खेलेको १२ खेलमध्ये ७ खेल जितेर ३ खेलमा बराबरी गर्दै दुई खेलमा पराजित भै २४ अंक हासिल गरेको थियो। फिफाको वरियताक्रममा २३ औं स्थानमा रहेको टर्की टिमको कप्तानी हाकन सुकरले गर्नेछन्।

# पहिलो युरोपियन नेसन कप

युनियन अफ युरोपियन फुटबल एसोसिएसन (युईएफए) ले विश्वकप फुटबल प्रतियोगिताले विश्वव्यापी लोकप्रियता पाउँदै गएपछि युरोपका राष्ट्रलाई समेटेर पहिलो पटक सन् १९६० मा 'युईएफए युरोपियन नेसन कप' प्रतियोगिता सम्पन्न गऱ्यो। विश्वयुद्धपछि युरोपीयन राष्ट्रमा आएको राजनैतिक विभाजनका बीच पहिलो युरोपियन नेसन कप प्रतियोगिता आयोजित गर्नु त्यति सरल थिएन। फ्रान्सले आयोजना गर्ने भएपछि यो प्रतियोगितालाई कतिपय राष्ट्रले बहिष्कार गरे। जसमध्ये पश्चिम जर्मनी, इटली र इङ्ल्यान्डले छनौट चरणमै सहभागिता जनाएनन्।

त्यसका बाबजुद पनि १७ वटा राष्ट्रले प्रतियोगितामा सहभागिता जनाए। सहभागी राष्ट्रहरूबीच होम एन्ड अवेका आधारमा नकआउट प्रतियोगिता गराइएको थियो। फाइनल चरणमा छनौट भएर पनि स्पेनले रूसको यात्रा गर्न अस्वीकार गरेपछि सेमिफाइनलमा पूर्वी युरोपमा तीन राष्ट्र तत्काली सोभियत संघ, चेकोस्लोभाकिया, युगोस्लाभिया र आयोजक फ्रान्सले आफ्नो स्थान सुरक्षित गरे।



प्रारम्भिक चरणका खेलहरू युरोपका विभिन्न राष्ट्रमा आयोजना भए पनि सेमिफाइनलदेखिका खेलहरू भने फ्रान्समा भए, जसमा पहिलो सेमिफाइनलमा सोभियत संघले चेकोस्लोभाकियालाई शून्यका विरुद्ध ३ गोलले पराजित गरेर फाइनलमा आफ्नो स्थान सुरक्षित गऱ्यो। यसैगरी दोस्रो सेमिफाइनलको खेलमा युगोस्लाभियाले आयोजक फ्रान्सलाई ४ का विरुद्ध ५ गोलले पराजित गऱ्यो। सन् १९६० को जुलाई १० तारिखमा पेरिसमा भएको फाइनल खेलमा सोभियत संघले युगोस्लाभियालाई १ गोलका विरुद्ध २ गोलले पराजित गरेर पहिलो युरोपियन नेशन कप उचाल्यो। पूर्वार्द्धमा दुवै टिमबाट १-१ गोल भए पनि उत्तरार्द्धमा दुवै पक्षवाट कुनै गोल हुन सकेन। थप गरिएको अतिरिक्त समयमा सोभियत संघका भिक्टोर पोनेडेल्निकले (१ सय १३ औं मिनेटमा) गोल गरेका थिए। तेस्रो स्थानका लागि भएको खेलमा चेकोस्लोभाकियाले आयोजक फ्रान्सलाई शून्यका विरुद्ध २ गोलले पराजित गरेको थियो। यो प्रतियोगितामा सर्वाधिक २ गोल गर्ने खेलाडी पाँच जना थिए।

# ओलम्पिकमा नेपालका सात खेलाडी





काठमाडौं- बेइजिङमा आगामि अगस्ट ८ देखि २४ तारिखसम्म आयोजना हुने गृष्मकालीन ओलम्पिक प्रतियोगितामा नेपाली खेलाडीहरूको सहभागिता बढाउन नेपाल ओलम्पिक कमिटीले आफ्नो प्रयास प्रारम्भ गरेको छ। नेपाली खेलकुदले प्रतिस्पर्धामा पाएको झिनो सफलतालाई दृष्टिगत गरेर आगामी ओलम्पिक प्रतियोगितामा कति खेलाडीलाई सहभागिता गराउन सकिन्छ भन्ने चुनौती अहिले नेपाली खेलकुदको नीति निर्माण तहमा बसेकाहरूसामु प्रस्तुत भएको छ।

ओलम्पिक खेलकुद नेपालका लागि सहभागिता जनाउने खेलकुद प्रतियोगिताका रूपमा मात्र सीमित छ। नेपालले ओलम्पिक प्रतियोगिताका लागि हुने छनौट चरण पार गर्न पनि निकै कठिन बन्दै गएको छ। विगतका ओलम्पिक प्रतियोगितालाई हेर्ने हो भने तेक्वान्दो खेलाडी संगिना वैद्यले मात्र छनौट चरण पार गरेर त्यसमा सहभागिता गर्न पाएकी थिइन्। अहिले उनकै पदचिह्न पच्छ्याउदै अर्का तेक्वान्दो खेलाडी दीपक विष्ट पनि बेइजिङ ओलम्पिक प्रतियोगितामा छनौट भएका छन्। उनी भियतनाममा सम्पन्न एसियाली क्षेत्रको छनौट प्रतियोगितामा कांस्य पदक जितेर सोझै ओलम्पिक प्रतियोगितामा छनौट भएका थिए।

छनौट प्रतियोगितामार्फत सहभागि हुन नसक्ने देशले विश्वको सर्वाधिक ठूलो खेल महोत्सवबाट वञ्चित हुन नपरोस् भनेर अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले आयोजक समिति मार्फत् वाइल्ड कार्डको व्यवस्था गरी सहभागी गराउने गरेको छ। यही वाइल्ड कार्डको सहयोगमा नेपालले विगतका ओलम्पिक प्रतियोगितामा विभिन्न खेल र स्पर्धाहरूमा सहभागिता जनाउँदै आएको छ।

गत साता नेपाल ओलम्पिक कमिटी (एनओसी)ले ओलम्पिक कमिटीलाई पत्र लेखेर नेपालका तर्फबाट सात जना खेलाडीलाई बेइजिङ ओलम्पिक प्रतियोगितामा सहभागिता गराउन पहल प्रारम्भ गरेको छ। एनओसिका अध्यक्ष ध्रुवबहादुर प्रधानका अनुसार आगामी ओलम्पिक प्रतियोगितामा नेपालका तर्फबाट ७ जना खेलाडीलाई सहभागी गराउने प्रयास भैरहेको छ। अहिले एनओसीले ओलम्पिक प्रतियोगितामा सहभागिता गर्ने खेलाडीहरूको प्रारम्भिक नाम पठाइसकेको छ, जसमा सुटिङकी फूलमाया क्याप्छाकी, जुडोकी देवु थापा, एथ्लेटिक्सका अर्जुन बस्नेत र महिला एथलेटिक्सतर्फको छनौट प्रतियोगिता नभएका कारण एक जनाको नाम पठाउन बाँकी छ, तर पनि नेपाल एथलेटिक्स संघले महिला तथा पुरुष खेलाडीहरूमध्येबाट पाँच-पाँच जनाको नाम पठाएको छ। यसबाहेक पौडीका करिश्मा कार्की र प्रसिद्धजंग शाहको नाम बेइजिङ ओलम्पिक आयोजक समितिले स्वीकृत गरिसकेको छ। नेपालले भारोत्तोलन, बक्सिङ र तेक्वान्दो खेलका लागि पनि वाइल्ड कार्ड पाउन पहल गरेको थियो, तर यसमा नेपाललाई कुनै सफलता हात लागेन।

गत वर्ष अस्ट्रेलियाको मेलबर्नमा सम्पन्न १२ औं फिना विश्व प्रतियोगितामा कार्की र शाहले गरेको प्रदर्शनका आधारमा उनीहरूलाई ओलम्पिक प्रतियोगिताका लागि वाइल्ड कार्ड प्रदान गरिएको हो। बेइजिङ ओलम्पिक प्रतियोगिताका लागि खेलाडी छनौट गर्ने आधारसमेत रहेको उक्त प्रतियोगितामा नेपालको तर्फबाट करिश्मा कार्की, प्रसिद्धजंग शाह, राजीव चित्रकार र विविधा रिमालले सहभागिता गरेका थिए, तर चित्रकार र रिमालले ओलम्पिक प्रतियोगिताका लागि छनौट हुने खेल प्रदर्शन गर्न सकेनन्। उक्त च्याम्पियनसिपमा कार्कीले महिला ५० मिटर फ्रिस्टाइल ३४ दशमलव ९७ सेकेन्डमा पूरा गरेकी थिइन् भने रिमालले ५० मिटर ब्रेस्टस्ट्रोक ४१ दशमलव ४२ सेकेन्डमा पूरा गरेकी थिइन्। यस्तै पुरुष ५० मिटर फ्रिस्टाइलमा शाहले २७ दशमलव ९४ सेकेन्ड दूरी पुरा गरेका थिए भने चित्रकारले २९ दशमलव ६८ सेकन्डमा पूरा गरेका थिए। यदी चित्रकार र रिमालले निर्धारित समयमा खेल पूरा गरेको भए नेपालले पौडीमा ४ वटा वाइल्ड कार्ड पाउन सक्ने थियो।



**भारतीय बडीबिल्डङ संघका केन्द्रीय उपाध्यक्ष नेपाली मूलका ७२ वर्षीय गनु गिरी दार्जीलिङवासी हुन्। सन् १९५९ र १९६१ सालका मिस्टर दार्जीलिङ उपाधि जितेका गिरी ३८ वर्षयता आईएफबीबी निर्णायकका रुपमा नेपालका विभिन्न शारीरिक सुगठन प्रतियोगिताहरूमा निरन्तर सहभागी भैरहेका छन्।**

## ५ प्रश्न

**शारीरिक सुगठन कस्तो किसिमको खेल हो ?**

शारीरिक सुगठन सबै खेलका निम्ति अत्यावश्यक वा आधार खेल हो। जुनसुकै खेल खेल्न खेलाडीहरूले सर्वप्रथम आफ्नो शारीरिक क्षमता विकास गर्नुपर्छ। शारीरिक सुगठनबाहेक अन्य खेलले पावर वृद्धि गर्न सक्दैन। यो खेलको अभ्यासविना कुनै पनि खेलमा सफलता असम्भव छ। त्यसैले शारीरिक सुगठन खेलहरूको राजा हो। सर्वसाधारण मानिसले पनि स्वस्थताका निम्ति जिमलाई निरन्तरता दिने क्रम बढेको छ।

**मनपर्ने खेलाडी ?**

कोलकाताका मनुतोष राय। सन् १९५१ सालका मिस्टर युनिभर्स विजेता राय मेरा गुरु पनि हुन्। भारतमा शारीरिक सुगठनको वृद्धि एवं विकासका निम्ति उनको योगदान अतुलनीय छ। नेपालका सहिद धर्मभक्त माथेमाको शरीर निकै उत्कृष्ट थियो। अहिलेका खेलाडीद्वय सानु गुरुङ र सचित प्रधान पनि राम्रा छन्।

**शारीरिक सुगठनबाहेक कुन खेल मन पर्छ ?**

भलिबल। दार्जीलिङका राम्रा भलिबल खेलाडीमा म पनि पर्थें। सन् १९५६ देखि १९९६ सम्म भलिबलका नामुद रेफ्रीका रूपमा मलाई भारतभर चिन्थे। पहिले श्याम थापा र अहिले भाइचुङ भुटिया भएकाले फुटबलले पनि मन तान्छ।

**खेलाडीहरूलाई त युवतीहरूले पछ्याउँछन् नि ?**

बलिया शरीर भएका ह्यान्डसम खेलाडीहरूप्रति युवतीहरू मन्त्रमुग्ध हुनु प्रकृतिक कुरा नै हो। म खेलाडी हुँदा मोबाइल थिएन, फोनमा खुबै गफिन्थ्यौं। आँखा लोभी मन पापी हुँदो रहेछ। पछ्याउने थुप्रै युवती थिए तैपनि यताउति ध्यान दिइनँ। मैले आफ्नी प्रशंसकसँग बिहे गरेको पनि ५० वर्ष भयो।

**फुर्सदमा के गर्नुहुन्छ ?**

पहिले व्यापार गर्थें, अहिले घरको काम गर्छु, पत्रपत्रिका एवं व्यायामसम्बन्धी पुस्तकहरू पढ्छु। अभिनयसँगै मनोरञ्जन दिने भएकाले गोविन्द र रेखाका हिन्दी कमेडी चलचित्रहरू हेर्छु।

-राजु घिसिङ

# विश्वकपको सपना



काठमाडौं- नेपालले उमेर समूहको विश्वकप क्रिकेट प्रतियोगितामा सहभागिता गरेदेखि नै आईसीसी वर्ल्ड कप प्रतियोगितामा सहभागि हुने सपना साँचेको थियो। दक्षिणतर्फका अधिकांश छिमेकी राष्ट्रले विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी भै सफलतासमेत हात पारेको



परिप्रेक्ष्यमा नेपालले यस्तो सपना पाल्नु नाजायज होइन, तर यसका लागि गर्नुपर्ने यात्रा भने निकै कठिन छ, जुन यात्रा तय गर्न नेपालका क्रिकेटरहरू एकपटक पुनः कम्मर कस्न थालेका छन्।

हालका वर्षहरूमा अन्तराष्ट्रिय क्रिकेटमा नेपालले पाउँदै आएको सफलता र प्रदर्शनलाई हेर्दा नेपालले आफूलाई टेस्ट प्रतियोगिता नखेल्ने राष्ट्रहरूमध्ये उदीयमान मुलुकका रूपमा प्रस्तुत गरेको छ। क्रिकेटको विकास स्थानीय खेलाडीमार्फत् हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) को धारणालाई नेपालले पनि अँगालेको छ। यही कारणले र पछिल्ला वर्षहरूमा नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा देखाएको प्रदर्शनलाई हेरेर आईसीसीले सन् २०११ मा आयोजना गर्ने विश्वकप क्रिकेट प्रतियोगिताको छनौट चरणमा सहभागी हुने अवसर दिएको छ। दक्षिण एसियामा आयोजना हुने उक्त विश्वकप क्रिकेट प्रतियोगिताका लागि हुने छनौट प्रतियोगितामा खेल्न नेपालले गत सातादेखि बन्द शिविरको प्रशिक्षण प्रारम्भ गरेको छ।

तीन साताअघि आयोजित राष्ट्रिय प्रतियोगितालाई आधार मानेर नेपाल क्रिकेट संघ (क्यान) ले १८ जना खेलाडीको छनौट गरेर प्रशिक्षण प्रारम्भ गरेको छ। पहिलो चरणको छनौटमा राष्ट्रिय टिमका कप्तान विनोद दास र उपकप्तान पारस खड्का छन्। प्रारम्भिक चरणको छनौटमा राष्ट्रिय प्रतियोगिताको उपाधि जित्ने काठमाडौंका पारससहित शरद् भेसवाकर, ज्ञानेन्द्र मल्ल, दीपेन्द्र चौधरी, परेश लोहनी र प्रमोद वस्नेत छन्। राष्ट्रिय प्रतियोगिताको उपविजेता टिम भैरहवाका तर्फबाट शक्ति गौचन, वसन्त रेग्मी, अन्तिम थापा र अमृत भट्टराई छन् भने नेपालगन्जबाट विकेट किपर महेश छेत्री तथा बैतडीबाट धीरेन्द्र मल्ल छन्। यसैगरी विराटनगरबाट महबुब आलम, राजकुमार प्रधान, यशवन्त सुवेदी तथा मन्जित श्रेष्ठ छन् भने वीरगन्जबाट कप्तान दाससहित सन्जम रेग्मी छन्।

यसपटकको छनौटमा केही राम्रा खेलाडीलाई नेपालले गुमाउनुपरेको छ। सवारी दुर्घटनामा परेर काँधको हड्डी भाँचिएका कारण राजु बस्न्यात बन्द शिविरमा सहभागी हुन पाएनन्। चिकित्सकहरूले उनले न्यूनतम पनि तीन साता आराम गर्नुपर्ने बताएका छन्। यसैगरी आईसीसीले आयोजना गरेको १९ वर्षमुनिको विश्वकप क्रिकेट प्रतियोगितामा आशंकित बलिङ गरेको शंकामा परेपछि राहुल विश्वकर्मा र सागर खड्कालाई पनि यसपटकको छनौट चरणमा सहभागी गरिएको छैन।

रोय डायसको प्रशिक्षणमा रहेका नेपाली खेलाडीहरूले आगामी जेठ ८ गतेदेखि १८ गतेसम्म जर्सिमा आयोजना हुने डिभिजन ५ मा सहभागिता गर्नेछन्। यो डिभिजनमा नेपाललगायत बाहामास, अफगानिस्तान, जापान, जर्मनी, नर्वे, सिंगापुर, अमेरिका, बोत्सवाना, मोजाम्बिक, भानाउटुसहित आयोजक जर्सी छन्। प्रतियोगिताको नियमअनुसार डिभिजन ५ को फाइनलमा पुग्ने दुई राष्ट्रले डिभिजन ४ मा प्रवेश पाउनेछ। डिभिजन ४ मा पुनः ६ राष्ट्र रहनेछन् र यो समूहको फाइनलमा पुग्ने राष्ट्रले डिभिजन ३ मा प्रवेश पाउनेछ। सन् २००९ मा डिभिजन ३ को फाइनलमा पुग्ने दुई राष्ट्रसहित १२ राष्ट्रबीच डिभिजन २ मा प्रतिस्पर्धा हुनेछ। डिभिजन २ का शीर्ष ४ टिमले सन् २०११ को आईसीसी विश्वकप क्रिकेट प्रतियोगिता खेल्न पाउनेछ।

विगतका केही वर्षमा नेपाली क्रिकेटको क्षेत्रले पाउँदै आएको एसियाली स्तरको सफलतालाई यो छनौट प्रतियोगिताले अर्को परीक्षा लिने देखिन्छ। विश्वकपको सपना कति टाढा हुन्छ भन्ने कुरा यो छनौट चरणको खेल तालिकाले देखाए पनि यात्रा कति कठिन छ भन्ने कुरा नेपाली खेलाडीको प्रदर्शनले बिस्तारै पुष्टि गर्दै लानेछ।

## मैदानबाहिर




हालै बुल्गेरियामा सम्पन्न एक यौन महोत्सवमा आयोजकहरूले गरेको सर्वेक्षणमा अधिकांश अश्लील चलचित्रका महिला कलाकारले आफू डेभिड बेकहयामसँग सुत्न चाहेको बताएका छन्। बुल्गेरियामा भएको अन्तर्राष्ट्रिय यौन महोत्सवमा आयोजकहरूले अश्लील चलचित्रका चर्चित नायिकाहरूसँग तपाईंलाई कुन व्यक्तिसँग सुत्न मन लाग्छ भनेर सोध्दा अधिकांश सहभागीले बेकहयामको नाम लेखेका थिए। सर्वेक्षणमा बुल्गेरियाका फुटबलर डिमितार बरबातोभको नाम दोस्रो स्थानमा आएको थियो। सर्वेक्षणमा सहभागी हंगेरीकी चर्चित अश्लील चलचित्रकी नायिका डोरा मेस्जारोसले भनिन्- 'फुटबलरहरू यौनका राम्रा साथी हुन्छन्। उनीहरूको शरीर फुर्तिलो हुन्छ। मेरो सपना भनेको डेभिड र डिमितारसँग सुत्नु हो।'

## प्रसंग कतिपय



विक्रम राई



संविधानसभा निर्वाचनमा कुनै पनि दलले नयाँ संविधान बनाउने स्पष्ट बहुमत ल्याउन सकेनन् । सोचेको जस्तो नभै ठीक उल्टो नतिजा पाएका दलहरू गहिरो चिन्तनमा डुबेका छन् । निर्वाचनमा मतदाताहरूले नेतालाई हिरो वा जिरो बनाउन सक्छन् भन्ने कुरा यस पटक प्रमाणित भएको छ । धेरैले बढी सिट जित्ने अनुमान गरेको एमालेले अकल्पनीय हार बेहोर्नुपरेको छ भने समानुपातिकको नारामा संविधानसभा निर्वाचनको मिति पछि सार्न महत्त्वपूर्ण भूमिका खेलेका माओवादीलाई त्यही निर्वाचन पद्धतिले आज स्पष्ट बहुमतबाट टाढा पुऱ्याएको छ ।

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको फर्मुला लिएर मास पार्टीका रूपमा धेरै पटक सत्ताको स्वाद चाखेको कांग्रेसलाई पनि धार परिवर्तन र कम्युनिस्टहरूबीचको लडाइँले फाइदा पुग्छ भन्ने जोड-घटाउमा असफलतामा मात्र हात लागेको छ । राजावादीहरूले आफ्नो भोट बैंक साइलेन्स भोट हो भनी सोचेका थिए र त्यो अलिबाबाको जिन जस्तै चुनावको दिन निस्कनेछ भन्ने थियो, तर सबैजसोको जमानत जफत भएपछि त्यो दाबी हम जाएगाको जोक्स बन्न पुगेको छ । यो नतिजापछिको बधाई र रुवाबासी कार्यक्रम केही दिन चलेपछि अब समाप्तितिर आइसकेको छ ।

अपेक्षित वा अनपेक्षित परिणाम जे भए पनि नेपालको इतिहासमा जनताको सहभागितामा संविधान लेखिने भयो । यसको श्रेय नेपाली मतदाताहरूलाई दिनु बेस हुन्छ, तर यसमा नेकपा माओवादीलाई नसम्झने हो भने त्यो पछि गएर झूटो इतिहास बन्नेछ । साथै यसको जस र अपजस पनि त्यो पार्टी र नेपाली जनताले आउने दिनमा समाना गर्नुपर्ने निश्चित छ ।

मूलत: अब बन्ने नयाँ संविधानमा दलहरूले आफ्नो प्रतिवद्धतापत्रमा उल्लेखित बुँदाहरूलाई कसरी अगाडि बढाउलान् ? त्यो रोचक एवं गम्भीर विषय हुनेछ । राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डताको रक्षा गर्ने विषयमा सबै दल एक भए पनि संघीय राज्यप्रणाली, गणतन्त्रात्मक शासन-व्यवस्था र यसको पद्धति, सेना समायोजन एवं मुलुकको अर्थनीतिजस्ता कुरामा वादविवाद हुने पक्कापक्की छ । यसैगरी आमनेपालीको समस्या समाधानतर्फ सबै दलको साझा सहमतिमा अब बन्ने संविधानमा सम्बोधन हुनैपर्छ ।

शिक्षा, स्वास्थ्य, रोजगार र आवास जनताको मौलिक हक हो भने त्यसको सफल कार्यान्वयन हुनैपर्छ । यही सन्दर्भमा ठूलो दलको हैसियतले अहिलेलाई माओवादीहरूको अभिभारा पनि ठूलै छ, तर विगतमा झैं जनताका सरोकारका विषयहरूमा चुप्पी साधी सत्ताको खेल र लुछाचुँडीमा मात्र लागिपरे फेरि अर्को अकल्पनीय दुर्घटना हुने सबैले बुझेका छन् ।

कक्षामा पहिलो हुने विद्यार्थीले दोस्रो र तेस्रो भएपछि त्यसको कारणमा मास्टर र विद्यालयलाई दोष देखाउने चलन नेपाली राजनीतिमा पनि देखिएको छ । जनताबाट अर्को दलभन्दा कम मत वा सिट पाएका दलहरूले भुत्ते झोकमा मुलुकलाई गन्तव्यमा पुऱ्याउन सहभागिता र सहयोगीपन नदेखाए योभन्दा ठूलो पराजय र सजाय भोग्न तयार बस्नुबाहेक अर्को विकल्प पनि छैन । त्यसैले यो संक्रमणकालीन विषम परिस्थिति समाप्त पार्न सबै दलको सहभागितामा मिलीजुली सरकार बनाई चाँडोभन्दा चाँडो नयाँ संविधान बनाउनुपर्छ ।

prasangakatipaya@hotmail.com

# बिपनाको भव्य विवाह

**साप्ताहिक समाचार**




काठमाडौं- चलचित्र नायिका बिपना थापाको विवाह भारतको मथुरामा गत शुक्रबार भव्यतापूर्वक सम्पन्न भएको छ । भारतीय नागरिक डा. आशुतोष भारद्वाजसँगको लामो प्रेम-प्रसंगलाई अन्त्य गर्दै उनी विवाह-बन्धनमा बाँधिएकी हुन् । नायिका थापाले अभिनय गरेको नेपाली चलचित्र 'वरमाला'का निर्माता डा. भारद्वाजसँग त्यही बेलादेखि उनको प्रेम चलिरहेको थियो । मथुराको सम्पन्न परिवारमा हुर्किएका डा. भारद्वाजसँग बिपनाको विवाह भव्यतापूर्वक सकिएको जानकारी विवाहमा सहभागी उनका आफन्त तथा साथीभाइहरूले जनाएका छन् । केही महिनाअघि मथुरामै उनीहरूको इन्गेज्मेन्ट भएको थियो ।

संविधानसभाको निर्वाचनलगत्तै विवाहको साइत जुरेकाले थापा र भारद्वाज परिवारको सरसल्लाहमा कुनै पनि प्रकारका सम्भावित व्यवधानहरूबाट मुक्त रहन मथुरामा वैवाहिक कार्यक्रम सम्पन्न गर्ने निधो गरिएको थियो । झन्डै तीन हजारको हाराहारीमा बग्गी चढी आतिशबाजी र बन्दुकबाट हवाइफायर गर्दै मथुराको दिल्ली आगरा हाइवेमा स्थित तारे होटल गोवर्द्धन प्यालेसमा जन्ती लिएर आएका डा. भारद्वाजले नेपाली चलचित्रप्रेमीहरूकी सपनाकी रानी बिपना थापालाई भारतीय रीतिअनुसार आफ्नो धर्मपत्नी बनाए । जन्तीलाई दुलहीका काका श्यामसुन्दर थापाले पर्सेका थिए ।

हिन्दी चलचित्र तथा धारावाहिकहरूमा देखिने विवाह सेटहरूजस्तो भव्य र सुन्दर किसिमले सजाइएको विवाहस्थलमा भारतीय परम्पराअनुरूप विवाह भैरहँदा नायिका थापा र उनका आफन्तहरू नौलो मानिरहेका थिए । वैवाहिक समारोहमा सहभागी हुन यहाँबाट गएका झन्डै तीन दर्जन आफन्त तथा साथीभाइहरूमध्ये १४ जनाले उतैको परम्पराअनुसार हल्दी दलेर दुलहीको कन्यादान गरेका थिए । जसमा बिपनाका धर्मबाबु हास्यअभिनेता किरण केसी र धर्मदाइ फोटोग्राफर राजभाइ सुवाल पनि थिए ।

बिपनाका सहोदर भाइ विवेक थापाले अन्तिम मुख्य कन्यादान गरेका थिए । रातिको लगन परेकाले विवाह कार्यक्रम रातभरि चलेको थियो । बिपनाको विवाहको भोज भोलि शनिबार काठमाडौंको होटल डेला अन्नपूर्णमा पनि हुँदैछ ।

# फ्रि स्ट्रिट कन्सर्ट

धरान- सगरमाथा युवा क्लबद्वारा धरानको पुतलीलाइनमा सोमबार साँझ अबेरसम्म आयोजित 'फ्रि स्ट्रिट कन्सर्ट'मा स्थानीय कलाकारहरूले दर्शकलाई मनोरन्जन दिन कुनै कमी बाँकी राखेनन् । नयाँ वर्षको आगमनसँगै नयाँ नेपालका लागि युवा पुस्ताको कला र संगीत नारासहित सुरु भएको उक्त 'फ्री स्ट्रिट कन्सर्ट'मा युनाइटेड मल्टी आर्ट्स, गरिमा डान्स सेन्टर, मुनलाइट डान्स सेन्टरका १ सय ५० भन्दा बढी कलाकारले विभिन्न आधुनिक नृत्य प्रस्तुत गरेका थिए । धराने युवापुस्ता सुहाउँदो नृत्यका साथ उत्तेजक प्रस्तुति हेर्न सडकभरि मानिसको भीड लागेको थियो ।



त्यसैगरी सूदन एन्ड ग्रुप, साइमन, तपस्वी, सगरमाथा, द केभ संगीता, जुनियर स्वर्णिम, दिव्य दृष्टि, ओजस्वी, द ग्रीन क्याप्सन, मनोज एन्ड ब्यान्ड, र शीतकुमार एन्ड सउलगायत दर्जनजति सांगीतिक ब्यान्डका गायक कलाकारहरूले धक फुकाएर आ-आफ्ना नयाँ गीत गाएका थिए । भानुचोकनजिकैको खुला सडकमा स्टेज बनाएर आयोजना गरिएकाले कार्यक्रमबाट सबैखाले दर्शक-श्रोताले भरपुर मनोरञ्जन प्राप्त गरेका थिए ।

**प्रदीप मेयाङ्बो**

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली/स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल** ।